# परिच्छेद : एक
# शोधपत्रको परिचय

## १.१ परिचय

साधारणतया सरकार सञ्चालनको प्रक्रिया नै शासन व्यवस्था हो वा सरकारका दैनिक काम गराई प्रक्रियाले नै शासन व्यवस्थालाई इंगित गर्दछ । “सरकारले गर्ने कुनै देशको प्रबन्ध तथा सञ्चालन सम्बन्धी काम नै शासन व्यवस्था हो” (पोखरेल र अन्य; २०४० : १२५८) ।

विभिन्न शासन व्यवस्थाहरू मध्ये मुख्य गरी दुई विपरीत प्रकारका शासन व्यवस्थाहरू केन्द्रीकृत-एकात्मक शासन व्यवस्था र संघात्मक शासन व्यवस्था विशिष्ट छन् । एकात्मक शासन प्रणालीमा शासन सम्बन्धी सम्पूर्ण शक्ति संविधानद्वारा केन्द्रीय सरकारमा निहित राखिन्छ । यसमा केन्द्रीय सरकारको पूर्ण नियन्त्रण वा मातहतमा वा समाप्त गर्ने अधिकार सहित प्रशासकीय सुविधाका लागि प्रादेशिक वा स्थानीय सरकार स्थापित गरीन्छ । नेपालको सन्दर्भमा इतिहासको प्रारम्भ कालदेखि हालसम्म नै एकात्मक शासन व्यवस्था अपनाइ आएको देखिन्छ । “संयुक्त राष्ट्र संघमा आबद्ध १९२ राष्ट्र मध्ये २८ वटा देश संघीय रहेका छन् भने चीन, बेलायत, फ्रान्स लगायत धेरै देशहरू एकात्मक नै छन्”(एण्डरसन, २०६४:१) ।

“राज्यको शासन सम्बन्धी अधिकार र सत्तालाई दुई प्रकारको सरकारमा राजनीतिक र संवैधानिक रूपमा विभक्त गरिएको व्यवस्था नै संघीयता हो । जसलाई संघीय सरकार वा राज्यका रूपमा बुझिन्छ” (बराल २०६६:८६) । संघीयताका दुई नमूनाहरू पाईन्छन्, ती हुन् : तलदेखि माथि आएको (Bottom Up) जसमा स्वतन्त्र राजनीतिक एकाईहरू वा राज्यहरूबीच एउटा संघ वा युनियन बनाउन सहमत भै आफूमा निहित केही अधिकारहरू हस्तान्तरण गर्दछन् । यस प्रकारको संघीयतामा सबै संप्रभु सम्पन्न राज्यहरूले एउटा साझा केन्द्रीय व्यवस्था र राष्ट्रको निर्माण गरी त्ससै अन्तर्गत “सबै सँगै आउने (Coming Together) “नीति तय गर्दछन् । जस्तै संयुक्त राज्य अमेरिका, स्वीजरल्याण्ड आदि । अर्को नमूना हो माथिदेखि तल गएको (Top Down) जसमा एउटा सुदृढ राज्यलाई असल व्यवस्थापनको लागि विभिन्न राजनीतिक ईकाईहरू वा प्रदेशहरूमा बाँडिन्छ र राज्यका केही

अधिकारहरू तिनीहरूमा हस्तान्तरण गरीन्छ । यस प्रकारको संघीयतामा एक केन्द्रीय राज्यका राजनीतिक सत्ता र शक्ति विभिन्न राजनीतिक एकाईहरू गठन गरी बाँडिने भएकोले यस्तो संघीयतामा राजनीतिक ईकाइहरूको स्थिति "सँगै राखिने (Holding Together)" हुन्छ जस्तै भारत आदि (बराल, २०६६ : ८७) ।

नेपालमा प्रस्तावित संघीयता सम्बन्धी प्रारूप Top Down र Holding Together सिद्धान्तमा आधारित हुनेछ किनकि भैरहेको केन्द्रीय सत्ता र शासकीय अधिकारहरूलाई राज्य र प्रान्तहरूको निर्माण गरी केही अधिकार र शासन सत्ता त्यस्ता राजनीतिक इकाईहरूमा सुम्पने भएकाले अमेरिकी र स्वीट्जरल्याण्ड बाहेकका सबै संघीयताका मोडेलमा थप नेपाल एक राष्ट्र संघीयतातर्फ उन्मुख भैरहेको छ ।

## नेपालमा मगर जाति

नेपाल एक बहुसाँस्कृतिक, बहुधार्मिक, बहुभाषिक, भौगोलिक, आर्थिक विविधतायुक्त बहुराष्ट्रिय मुलुक हो । नेपाल एसियाको गोलमेच हो । विभिन्न धर्म र सम्प्रदायको सँगमस्थल रहेको नेपालमा बसोबास गर्ने प्रत्येक जात जातिका आफ्नै मौलिक परम्परा, भाषा, संस्कृति, रीतिरिवाज र अलग पहिचान रहेको छ । । आफ्नो समूह, रक्तसम्बन्ध, संस्कृति, परम्परा र पहिचानको कारणले अन्य समूह भन्दा पृथक पहिचान कायम गर्नु नै जनजाति हो । त्यस्तै परापूर्व काल वा अज्ञात समयदेखि अरू भन्दा पहिला आई यहाँ बसोबास गरेका मानिसको समूहलाई आदिवासी भनिन्छ । यस आधारमा नेपालमा ब्राम्हण, क्षत्री लगायत, मगर, गुरूङ सबै आदिवासी तथा जनजाति मान्नु पर्ने देखिन्छ । यसको बिपरित जनजाति महासंघले प्रस्ताव गरे अनुसार सरकारीस्तरबाट सूचीकृत गरिएको समूहलाई जनजाति र आदिवासीको नामकरण नेपालमा गरिएको छ । त्यस्तै जनजाति मानिएका ५९ समूह मध्ये कति समूहहरूको इतिहास सय वा दुईसय बर्ष पनि छैन । यस आधारमा पनि सबै जनजाति आदिवासी भने होइनन् तर नेपाली जातीय आन्दोलनमा आदिवासी र जनजाति एक अर्काको पर्यायका रूपमा लिईंदै आएको पाईन्छ (बराल, २०६२ ; २०६६) ।

देशको कूल जनसंख्याको ७.१४ प्रतिशत घनत्व वा जनजाति मध्येको सबैभन्दा धेरै जनसंख्या भएको जनजाति मगर जाति हो । नेपालको धेरै जिल्लाहरूमा छरिएर रहेको र

विशेषतः गण्डक क्षेत्रमा बाक्लो बसोबास रहेको यो जाति आदिवासी जनजाति महासंघ र नेपाल सरकारको सूचीकरण अनुसार  सुविधाबाट वञ्चित र सीमान्तकृत समूहमा पर्दछ ।

मगर शब्दको व्याख्या विभिन्न आधारमा गरिएको पाईन्छ । त्यसमध्ये 'मंगोल' शब्दको रूप बदलिएर 'मगर' बनेको हो भन्ने तर्कमा धेरै जसो लेखन र खोजकर्ता एकमत भएको देखिन्छ । देशको सबै भागमा बसोबास गरेको पाइएपनि आफ्नो निश्चित भूमि वा उत्पत्ति थलो छ मगर जातिको । "मानव सभ्यताको विकासक्रममा पश्चिममा सल्यान जिल्लामा पर्ने 'कोटमैला' केन्द्र र पूर्वमा 'पाल्पा' केन्द्र बनाएर दुईखाले नयाँ सभ्यताको थालनी भयो" (बुढामगर, २०६५:३५) जसको परिणाम स्वरूप क्रमशः १८ मगराँत र १२ मगराँत राज्यको रूपमा विकास भयो । "आर्य ब्राम्हण जातको अतिक्रमण भई १८ बाट २२ र १२ वटा २४ वटा ठकुराई राज्य निर्माण गराई ती २२ से र २४ से राज्यहरूको निर्माण भयो" (बुढामगर २०६५:३६) । मगर बसोबास थलोलाई यसरी पनि उल्लेख गरेको  पाईन्छ ।

> "The regions in the west of the valley; all the way to the Kali Gandaki was traditionally known as the Gandaki Pradesh. The area west of this to the Karnali was called Magrant (Region of the Magars)" (Bista, 1991: 12)

मगर जातिले शुरूदेखि नै मगराँत भू-भागलाई आफ्नो जातीय जीवन यापनको स्वरूप बनाएर आफ्नै जातीय संस्कृति र परम्पराहरू कायम गर्दै आइरहेका छन् । भाषा, धर्म, खानपान, भेषभूषा, आदिको मौलिकता यो जातिको विशेषता हो । भाषाको रूपमा विशेषता ३ प्रकारका मगर भाषाहरू प्रयोगमा रहेको पाईन्छ । जस्तै : (क) अथार मगरातमा मगर पाङ, (ख) तराली क्षेत्रमा मगर काइके र (ग) बाह्रमगराँतमा मगर ढुट बोलिन्छ (Baral, 2010)। धर्मको सम्बन्धमा मानव सभ्यताको विकास क्रममा हाल आएर मगरहरू निरपेक्ष रूपमा विभिन्न धर्म जस्तै हिन्दु, बौद्ध र इसाई धर्मप्रति आस्था राखेता पनि समान धर्म र बोन धर्म विशेषत विभिन्न देव देवताहरू जस्तै : चण्डी, भयंर, झाँकी, बनस्खण्डी, जलदेवी, बराजु, नागकन्या बराह, संसरी माई देवी, आइतवार्या, मण्डली, कूलेन, बराई, डिवरा आदि पुज्ने कार्य पनि अद्यावधी गरी राखेकै छन् । गाउँ बस्ती वरीपरि रहेको ओडार, वरको फेद, ढुंगाको देउता, पानीको मूल, पँधेरो, आदिमा स्थापना गरी पुज्ने पुरानो परम्परा न त बुद्ध, न त हिन्दु धर्मसँग नै मिल्छ । त्यसैले मगरहरूको आफ्नै मौलिक खालको नामकरण नभएको धर्म रहेको बुझिन्छ । तथापि नेपाल मगर संघको आधिकारिक धारणा मगरहरुमा प्राकृत धर्म पछि बौद्ध र त्यस पछि हिन्दु धर्मको प्रभाव परेको हो भन्ने छ ।

आफ्नै भू-क्षेत्र अनुसारको भेषभूषा र खानपानको प्रक्रिया तथा संस्कृति मगर जातिमा मौलिक प्रकारको नै छ । कौरा, झाम्रे लगायतका लोकनृत्यहरू तथा कैयौं लोकगीतहरू मगरहरूका चिनारी हुन् ।

नेपालमा मगर जनसंख्याको हिसाबले प्रवल रहेपनि राज्यको हरेक पक्षमा दुर्वल स्थिति रहेको पीडा बोध गरी जातीय उत्थानको प्रयास स्वरूप वि.सं. २०११ सालमा तनहुँमा एकदेव आले तथा २०१२ सालमा श्रीप्रसाद बुढाथोकी मगरहरूले मगर समाज सुधार संघको स्थापना गरी सँगठित भएको शुरूवाती इतिहास रहेको बुझिन्छ भने सो पश्चात दमौली लगायत काठमाडौंमा आई बसेका मगरहरू भेला भै मगर संघको विधिवत् स्थापना २०४८ सालमा सँगठन विकास तथा विभिन्न जिल्लाहरूमा विस्तार गरिएको पाईन्छ । हाल केन्द्रमा नेपाल मगर संघ केन्द्रीय समिति क्रियाशील रहेको छ भने विभिन्न जिल्लाहरूमा जिल्ला समिति तथा गा.वि.स. तथा विशेष गरेर शहरी क्षेत्रमा स्थानीय समितिहरू रहेका छन् । । आफ्नो समाजकै सक्रियतामा तथा सहयोगमा कुनैपनि व्यक्तिको मर्दा पर्दाको कार्यक्रम सम्पन्न गर्ने चलन चलेको छ हिजो आज । नेपाल मगर संघ एउटा छाता सँगठनको रूपमा भाषा, संस्कृति, परम्परा तथा जातीय अधिकार आदिको लागि आन्दोलित सम्पूर्ण मगरहरूलाई गोलबन्द गर्न सक्षम छ भने हालको राजनीतिक परिवर्तनको परिवेशमा विभिन्न दल विशेषको भातृ सँगठनहरू पनि क्रियाशील छन् । जस्तै : मगर मुक्ति मोर्चा (माओवादी सम्बद्ध), नेपाल लोकतान्त्रिक मगर संघ (एमाले सम्बद्ध), नेपाल राष्ट्रिय मगर संघ (नेपाली काँग्रेस सम्बद्ध) आदि पनि गठन गरिएको छन् ।

नेपालमा मगर जनसंख्याको हिसाबले सबैभन्दा बढी मगर रहेको जिल्ला पाल्पा (५१.१८ प्रतिशत) हो भने तनहुँ जिल्लाको कूल जनसंख्या २७५८१२ मध्ये ८४,३३२ मगर वा ३०.५७ प्रतिशत मगर रहेको छ, जुन सबै भन्दा पहिलो स्थान हो । यसरी तनहुँ जिल्ला प्रारम्भिक कालदेखि नै मगरहरू विशेषत मगरात क्षेत्रका रूपमा चिनिन्छ । मगरहरूको जातीय र सांगठनिक इतिहासमा तनहुँ जिल्लाको स्थान अगाडि पाइन्छ । तनहुँ जिल्लाको खास गरी दक्षिणी र पश्चिम क्षेत्रहरू रिसिङ्ग र घिरिङ्ग आदि गाउँ मगरहरूको मुख्य बसोबासको रूपमा चिनिन्छ । तनहुँ जिल्लाका ४८ गा.वि.स.हरू मध्ये दक्षिण पश्चिम क्षेत्रमा रहेको अरूणोदय, वैंदी, भीरकोट, गजरकोट, काहुँ शिवपुर, किहुँ, कोटदरवार, माझकोट, रम्जाकोट रानी पोखरी, रिसिङ्ग, भगवतीपुर, सुन्धारा (घिरिङ्ग) १२ गा.वि.स. लाई

संविधान सभाको राज्य पुनर्स्थापना समितिले प्रस्तावित मगराँत क्षेत्र भित्र पारेको छ (संविधान सभा, २०६६) ।

## १.२ समस्याको कथन

नेपालको राजनीतिक इतिहासमा प्रमाणिक रूपमा केन्द्रमा लिच्छवीकालीन मानदेवबाट शुरू भएको मानिन्छ भने केन्द्रदेखि अन्य भागको इतिहास धेरै पछिसम्म मौखिक रूपमा मात्रै रहेको पश्चिम पहाडमा विभिन्न जाति र जनजातिका पारिवारिक र मुखिया शासित गाउँस्तरका राज्य व्यवस्था र शासन व्यवस्था र शासन चयन भएको वंशावली पाईन्छ । त्यसपछि केन्द्र शासित केन्द्रमा उपत्यकामा मल्ल राज्यको स्थापना भयो । पछिल्ला दिनमा यो राज्यमा स्थानीय सामन्तहरू आफैंले आफू शासित प्रदेशहरूलाई राज्य बनाई पश्चिममा २२ से २४ से राज्य कायम भए भने पूर्वमा वल्लो किराँत, पल्लो किराँतहरू रहेका थिए । स्थानीयस्तरमा जुन जुन जनजाति थिए, त्यहाँ उनीहरूकै स्थानीय शासन व्यवस्था रहेको मानिन्छ । गण्डकी क्षेत्रमा रहेका पाल्पा, लमजुङ्ग, तनहुँ, गोर्खा आदि राज्यहरूका स्थानीय समूहका रूपमा रहेकोले ब्राम्हण, क्षेत्रीसँगै मगरहरूको पनि उल्लेखनीय उपस्थिति रहेको थियो । पछि गोर्खा राज्यबाट एकीकरण शुरू भएर विशाल नेपालको निर्माणमा मगरहरूले विशेष योगदान दिएको पाईन्छ । त्यसैले पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूको शासनमा मगरहरूको तत्कालीन नेपालको शासकीय र सेनाको संरचनामा उपस्थिति रहँदै आएको थियो जुन राणा शासनको स्थापना सँगै एक पारिवारिक सामन्त निरंकुश व्यवस्थाको उदय भयो । नेपाल एकीकरणकाल वि.सं. १८२५ देखि मुख्यत राणाशासनको  स्थापनादेखि वि.सं. २००७ सालसम्म सामन्तवादको उत्कर्ष काल थियो । राणा शासनमा आदिवासी, जनजाति, दलितहरू रैतीका रूपमा परिणत भए र झन् झन् दवित हुँदै गए । वि.सं. २००७ सालमा राजा, नेपाली काँग्रेस र राणाहरूबीच भारतको पहलमा नाम मात्रको प्रजातन्त्र स्थापना गरीयो । वि.सं. २०११ सालमा राजा महेन्द्रको गद्दी आरोहण पछि राजतन्त्रको जग बलियो बनाउँदै पञ्चायती व्यवस्था अवलम्बन गरीयो । केन्द्रीय निरंकुश हिन्दु राजतन्त्रको दबदबा शुरू भयो । अन्ततः नेपाली समाज विभिन्न समूहमा चिरा–चिरा हुने अवस्थाहरू बढे । राज्यको संयन्त्रबाट आदिवासी जनजाति, दलित, मधेशीहरू विमुख (Excluded) भए । 'मुलुक हाम्रो हो, तर राज्य हाम्रो होइन' को मानसिकता यी सुविधा वञ्चित र असहमति समूहरूमा पैदा भयो । पञ्चायतकालिन विकेन्द्रीकरण र

स्थानीय स्वायत्त शासनको टालटुले नीतिले समाधान गर्न सकेन । परिणामत : स्वायत्त शासन र संघीयताको माग प्रथमत "नेपाल तराई काँग्रेस" ले सन् १९५१ मा नै तराईलाई क्षेत्रीय स्वायत्तता दिईनुपर्ने उठाएको थियो (तामाङ, २०६५) । यस लगायत हिन्दी भाषालाई त्यस प्रदेशका सरकारी कामकाजको भाषा बनाईनु पर्ने माग सहितको प्रजातान्त्रिक आन्दोलनको निरन्तरता अन्य पार्टी तथा तराई केन्द्रित मधेशी समूहले दिँदै आएको छ । २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भयो । यसले आधारभूत मानवअधिकार र बहुदलीय प्रजातन्त्रको स्थापना भयो । मानव अधिकारको व्यवस्थाले धेरै राजनीतिक दलहरू र जातीय सँगठनहरूको अभ्युदय भयो । यस प्रकारको प्रजातन्त्र परम्परागत भएकोले नेपाल जस्तो बहु–संस्कृतियुक्त समावेशी स्वरूप दिन सकेन । नेपाल सदभावना पार्टीले वि.सं. २०४६ को जनआन्दोलन पछि पूर्वी पहाडी प्रदेश, मध्य पहाडी प्रदेश, पश्चिम पहाडी प्रदेश, पूर्वी तराई प्रदेश, पश्चिम तराई प्रदेश इत्यादि ५ प्रदेशहरू भएको संघात्मक प्रणाली र प्रान्तीय सरकारको संरचना आदिको मुद्दा उठाएको थियो भने राष्ट्रिय जनमुक्ति पार्टीले प्रशासनिक क्षेत्रमा आधारित संघात्मक राज्यको माग गरेको थियो । विभिन्न व्यक्ति, समूह, राजनीतिक पार्टीबाट आफ्नो मागका रूपमा केही विद्रोहहरू पनि भएको पाइन्छ । यस्तो विद्रोह गणतन्त्रको पक्षमा, संघीयताको पक्षमा, धर्म निरपेक्षताको पक्षमा र आ- आफ्नो अधिकारको ग्यारेण्टीको पक्षमा भएको देखिन्छ । यी सबैका बावजुद नेकपा माओवादीले वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक र दलित प्रश्नलाई एकीकृत ढंगले उठाई २०५२ बाट सशस्त्र जनयुद्ध थालेपछि नेपालको राजनीतिमा परिवर्तनको आन्दोलन अझ प्रभावकारी भएको देखिन्छ ।

अन्ततः दोश्रो जनआन्दोलन २०६२/०६३ ले नयाँ नेपालको संरचना गर्ने मान्यता निर्दीष्ट गर्ने हिसाबको क्रान्तिकारी प्रकृतिको आन्दोलनको रूपमा देखा पर्‍यो । राजनीतिक, आर्थिक, सामाजिक, क्षेत्रीयता र अन्य दृष्टिले थिचिएर बसेका मुद्दा र जनचाहना एकाएक 'प्याण्डोरा' बाट बाहिर आएको जस्तो देखिएको छ । जनआन्दोलनले निर्दीष्ट गरेका विषय प्राप्ति र प्रयोगका लागि परम्परावादी (रूढीवादी) संस्कार र संस्थाको आधारमा हुन सक्दैन, न त प्रजातन्त्रका नाममा यथास्थितिवादी उदारवादी बहुदलीय प्रणाली नै सबै वर्ग, समूह र दलहरूको प्रतिनिधित्व गर्न सक्दछ । सबै जाति, क्षेत्र, वर्ग या लिङ्गको समानुपातिक प्रतिनिधित्व हुने गरी राज्यको पुनर्संरचना गर्नु पर्नेछ । पुनर्संरचनाको एक मुख्य पक्ष शक्ति र साधन-श्रोतको न्यायपूर्ण विभाजन गरी सबै क्षेत्र र वर्ग बीच पुर्‍याई गरीब, असहाय, नेपालीलाई सबल पार्ने भएकोले काठमाडौं केन्द्रित शासन व्यवस्थालाई प्रत्येक क्षेत्रमुखी पार्न

संघीय प्रणालीको आवश्यकता महशुस हुन गयो । परम्परागत रूपमा असमावेशी स्वरूपमा चल्दै आएको राज्य व्यवस्थाको  रूपान्तरण गर्ने कुराको खोजी संघीय प्रणाली पनि हो । नेपालको भौगोलिक, क्षेत्रीय सामाजिक बनोट, जनआकांक्षाले गर्दा संघीय ढाँचा आवश्यक मानिएको छ किनभने नेपालको एकात्मक व्यवस्था निम्न कारणले असफल भयो (वराल, २०६४:२) :-

(क) आजसम्म चलेको व्यवस्था समावेशी हुन सकेन ।

(ख) ऐतिहासिक रूपमा केन्द्रीकृतशासन प्रणाली भएको र अन्य क्षेत्र र समुदाय स्वतः शक्ति र साधन श्रोतबाट विमुख भएको ।

(ग) चुनावमा सिमित लोकतन्त्र समावेशी र प्रतिनिधिमूलक हुन नसकेको ।

(घ) जनप्रतिनिधि काठमाण्डौ मुखी भई आफ्नो क्षेत्रको विकासप्रति उदासीन भएकोले चुनावको बेलामा मात्र निर्वाचनमा जाने र जसरी हुन्छ चुनाव जित्ने हत्कण्डा प्रयोग गर्ने परम्परा बसेको र लोकतन्त्रको नाममा चुनावी तन्त्र (Electoralism) को अभ्यास भएको ।

(ङ) बसाई सराईले पहाड र मधेश, जनजाति, दलित, महिला र अन्य गरीब, पिछडिएका र थिचिएका वर्गको उन्नतीमा राज्य पक्षपाती भएको ।

दोस्रो जनआन्दोलनबाट प्रतिनिधिसभा घोषणा २०६३, जसलाई म्याग्ना कार्टाको संज्ञा दिईन्छ को पुनर्स्थापना नेपालको अन्तरिम संविधान २०६३, माघ १ गते जारी भयो । २०६२/०६३ को जनआन्दोलनको भावना अनुरूप अन्तरिम संविधानले जातीय, वर्गीय, लिङ्गीय, भाषिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभाव अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, अल्पसंख्यक र पिछडिएको क्षेत्र लगायतका समस्याको संवोधन गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने धारा ३३ (४) संविधान सभाको लक्ष्य बनायो । तर मधेशी र जनजातिले संघीयता, आत्मनिर्णयको अधिकार सहितको स्वायत्तता र जनसंख्याको आधारमा संविधान सभामा समानुपातिक प्रतिनिधित्वको माग पूरा नभए पछि अन्तरिम संविधानको घोषणा भएको लगत्तै आन्दोलनको घोषणा गरे । तत्पश्चात अन्तरिम संविधानको संशोधनको लहर शुरू भयो । दलहरूबीचको सहमतिमा संविधान संशोधन गर्दै २०६४ चैत्र २८ गते बहुमतीय पद्धतिमा २४० स्थान र समानुपातिक  तर्फ ३३५ र मनोनीत २६ गरी जम्मा ६०१ सदस्यीय संविधान सभाको निर्वाचन सम्पन्न भयो ।

अनुसूची २ तालिका नं. १ अनुसार पहिलेको संसदको निर्वाचनद्वारा प्रतिनिधि हुनेभन्दा अहिलेको संसदमा जनजाति, दलित, महिला र मधेशीको उपस्थितिमा उल्लेखनीय वृद्धि भएको छ । महिलाहरू पहिलेको संसदको ७ प्रतिशतबाट बढेर अहिले संविधान सभामा ३३.३ प्रतिशत स्थान ओगट्न पुगेका छन् (तामाङ, २०६५) । तैपनि अझै पहाडे जनजाति, खासगरी ठूला जनजातिहरू- तामाङ, मगर, राई जनजाति, धार्मिक अल्पसंख्यक- मुसलमानहरू र दलितहरू आफ्नो जनसंख्याको अनुपात क्षमता अनुसार संविधान सभामा पुगेका छैनन् । परिणाम अझै पनि सन्तोषजनक छैन । तसर्थ पूर्ण समानुपातिक निर्वाचन पद्धति अपनाउन सक्दा मात्र सबै समुदायको उचित, समावेशी र समानुपातिक प्रतिनिधित्व हुन सक्छ ।

## संघीयताको आवश्यकता, मगर जाति र मगराँत

संविधान सभाको पहिलो बैठक (२०६५ जेठ १५ गते) ले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेपछि संघीयताले नेपालमा बैधानिक रूप संस्थागत हुने क्रममा छ । नेपालमा विगत लामो सयमदेखि एकात्मक केन्द्रीकृतस्वरूपको शासन प्रणाली कायम रह्यो । यसबाट करोडौं नेपाली जनताले कहिल्यै पनि सुख शान्तिको सास फेर्ने अवसर पाएनन् । न त राज्यबाट प्राप्त सेवा सुविधाको उपभोग गर्न पाए । लामो समयसम्म अभ्यास गरिएको एकात्मक शासन प्रणालीको मूल चरित्र हिन्दु उच्च जातीय अहंकारवादी रहेकोले त्यसबाट नेपालका आम आदिवासी जनजाति, मधेसी, महिला, दलित, वर्ग क्षेत्रका समुदाय माथि राज्यबाट उत्पीडन, दमन एवं थिचोमिचो भइरह्यो, शोषण भइरह्यो । काठमाडौं केन्द्रित शासन व्यवस्थावाट अन्य क्षेत्रमाथि पनि चरम उपेक्षा, उत्पीडन भयो भने शक्ति तथा साधन श्रोतबाट विमुख गराइयो । राज्यको हरेक संयन्त्रमा कहिल्यै पनि यहाँको आम आदिवासी, जनजाति, मधेशी, महिला, दलित, उत्पीडित क्षेत्रको सहभागितालाई महशुस गरीएन । यसरी एक भाषा (खस) एक धर्म (हिन्दु) एक जात (पहाडी उच्च जात), एक सांस्कृतिक नीतिबाट आफ्नो पहिचान नै नामेट भएको अवस्थामा कुनै एक जातको मात्र मुलुक रहन र हुन सक्दैन भन्ने सचेतनाको तीव्र विकास भई आफ्नो पनि राज्यमा पहूँच र पहिचान स्थापित गर्नका लागि नेपाली जनताले गरेको त्याग, तपस्या, बलिदान तथा आन्दोलनले एकात्मक शासन प्रणाली चल्न सक्दैन र यी सबै समस्याहरूको सम्बोधन अब संघात्मक शासन प्रणालीले मात्र गर्न सक्दछ । संघीयताले तल्लो तहसम्म विकेन्द्रीकरण र

शक्ति निक्षेपणको संरचनात्मक प्रणाली अपनाउँछ भने प्रशासनिक विकेन्द्रीकरणले नेपालको सर्बाङ्गीण अनुभव केन्द्रित राज्यको तानाशाही प्रवृतिलाई बढावा दिन्छ र त्यसमा वर्चश्व राख्ने पुरानै जात र वर्गको हालिमुहालीले पहिलेकै अनुभवहरूको पुनारवृत्ति सिवाय नयाँनेपालको मार्गचित्र कोर्ने खण्ड नै बन्न सक्दैन । संघीयताको मर्म ऐतिहासिक कालदेखि नै अति केन्द्रीकृतउच्च वर्गको र उच्च जातिको हितको रक्षा गर्न बाँकी राष्ट्र (जाति) माथि उनीहरूको मूल्य र मान्यता थोपर्नका लागि बनाएको राज्यको शासकीय स्वरूपको वन्धन तोड्नु हो, भंग गर्नु हो । अर्को तर्फ संघीयता विरोधीहरू, जो आम नेपाली जनताको हित चाहँदैन, संघीयताले राष्ट्र विखण्डन हुन्छ भन्ने दलील दिँदै एकात्मक शासन प्रणाली भित्र प्रशासनिक विकेन्द्रीकरणको हौवा पिटिरहेका छन् यो सरासर नेपाली जनताले परिवर्तन र क्रान्ति खातिर गरेका त्याग, तपस्या, बलिदानको उपहास हो ।

भौगोलिक रूपमा नेपालको एकीकरण भए पनि यहाँका जात जाति, वर्ग र क्षेत्रका जनताहरू बीच भावनात्मक एकता नभएको सन्दर्भमा राष्ट्रिय एकता बलियो हुनै सक्दैनथ्यो । साँचै भन्ने हो भने हिन्दूहरूको संरक्षण र विस्तार गर्ने शासन वर्गको जातीय अहंकारवाद र त्यसले गरेको अन्य जाति र क्षेत्रमाथिको आन्तरिक औपनिवेशीकरणको नै हो । यी सब विभेद र औपनिवेशीकरणको अन्त्यका लागि सबै जात जाति, वर्ग, क्षेत्र तथा लिङ्गको समान सहभागिता सहितको संघीय राज्य नेपाल अहिलेको आवश्यकता भई सकेको छ ।

संघीयता र राज्यको पुनर्संरचना एकै रथका दुई पाङ्ग्रा हुन् । संघीयतालाई संस्थागत गर्ने आधार भनेको यसका आधारहरू के के हुन् भन्नेले नै निर्धारण गर्ने हुनाले संघीयताका पक्षधरहरू अत्यन्तै गम्भीर भई यसका आधारहरू पहिचान गरीनु पर्दछ । संविधान सभाको राज्य पुनर्संरचनार राज्यको शक्ति बाँडफाँड समितिले राज्यका पुन संरचनाका पहिचान र सामर्थ्य गरी मुख्य दुई आधारहरू त्यस भित्रका नौ वटा सहायक आधारहरू संविधान सभामा पेश गरेको छ । सो समितिले गरेको १४ वटा प्रदेशहरूमा १० वटा जातीय र ४ वटा भौगोलिकताको आधारमा तयार भएका छन् । नेपालमा सदियौं देखि उत्पीडनको जाँतोमा पिल्सिएका तमाम आदिवासी, जनजाति, मधेशी, महिला, दलित उपेक्षित वर्ग, क्षेत्र र लिङ्गको समान पहुँच र पहिचान स्थापित हुने गरी संघीयताका आधारहरू खोजिनु पर्दछ ।

माथि उल्लेख गरीयो कि मगर जनजाति जनसंख्याको हिसावले तेश्रो स्थानमा छ भने ५९ जनजातिहरू मध्ये पहिलो स्थानमा छ। राष्ट्रिय जनगणना २०५८ अनुसार मगरको जनसंख्या १६,२२,२४१ छ (CBS, 2003) । यस मध्ये १,३४,३५२ (८.२५ प्रतिशत) नगरपालिका भित्र बस्छन् भने अन्य केही ग्रामीण भेगमा बस्छन्। मगरको जनसंख्या देशको कूल जनसंख्याको ७.१४ प्रतिशत छ जस मध्ये ४७.४ प्रतिशत मगरहरूले  मात्र मगर भाषा बोल्न जान्दछन् । अरु जनजातिको तुलनामा तामाङ ९१.१ प्रतिशत, थारु ८६.२ प्रतिशत, नेवार ६६.२ प्रतिशतले आफ्नो भाषा बोल्न सक्छन् भने मगरहरू थोरैलेमात्र आफ्नो भाषा बोल्ने गर्दछन् ।  जनगणना २०५८ अनुसार मगरहरूको साक्षरता दर ५५.९ प्रतिशत छ । २५.६ प्रतिशत मगरहरूले प्राथमिक तहदेखि माध्यमिक तहसम्मको शिक्षा हाँसिल गरेका छन् । करिब १ प्रतिशत मगरहरू उच्च शिक्षा पाएका छन् । साक्षरता दर २०४८ मा ४० प्रतिशत थियो भने १० वर्षको अन्तरालमा साक्षरता दर बढे तापनि उच्च शिक्षा हाँसिल गर्ने मगरहरू ज्यादै कम छन् । विद्यावारिधि उपाधि पाएका मगरहरू औंलामा गन्न सकिने छन् (बराल मगर, २०६४) ।

राज्यको नीति निर्माण गर्ने उपल्लो निकायमा मगरहरूको प्रतिनिधित्व आजसम्म न्यून रहेको छ । संसद् सचिवालयबाट उपलब्ध गराएको नामावली अनुसार २०१५ सालमा १०९ जना संसदहरू मध्ये २ जना थिए भने पञ्चायतकालको ३० वर्षमा पनि मगरहरूको प्रतिनिधित्व जम्मा औसतमा २.९ प्रतिशत मात्र थियो (Baral, 2008; 2010) । २०४६ पछिको प्रतिनिधित्व पनि उचित रूपमा भएन । २०४८ र २०५१ सालको निर्वाचनमा १.९ प्रतिशत मात्र भयो भने २०५६ सालमा २.४ प्रतिशत मात्र प्रतिनिधित्व भएको थियो (Baral, 2008) । राष्ट्रिय सभामा २०४८ देखि २०६३ सम्मको १६१ सदस्यहरू मध्ये मगरहरूको प्रतिनिधित्व १.२ प्रतिशत मात्र भएको थियो । अन्तरिम विधायिकामा ११ जना विधायिका थिए भने हाल संविधान सभामा ३० जना सदस्यहरू (५ प्रतिशत) रहेको छ । राज्यको महत्वपूर्ण अंग कार्यपालिकामा पनि मगरहरूको प्रतिनिधित्व नगन्य मात्रामा देखिन्छ । २००७ साल देखि २०४६ सालसम्म ५ जना, २०४६ देखि २०५९ असोजसम्म २ जना र २०५९ असोज देखि २०६२ बैशाख ११ गतेसम्म ४ जनाको प्रतिनिधित्व भएको देखिन्छ । त्यस्तै प्रमुख राजनीतिक दलहरूको केन्द्रीय तहमा ए नेकपा माओवादीमा लगभग ११.४३ प्रतिशत भए पनि अन्यमा ज्यादै न्यून रहेको छ । राजनीतिमा मगर सम्बन्धी गरिएको एक महत्वपूर्ण

अध्ययनले स्थानीय तहमा मगर क्षेत्र मानिएको जिल्लामा पनि मगरहरूको राजनीतिक दलहरूमा उपस्थिति न्यून देखाइएको छ (Baral, 2011).

महान्याधिवक्ता, निर्वाचन आयोग, राष्ट्रिय योजना आयोग, महालेखा परीक्षक र लोकसेवा आयोगमा जनजातिहरू मध्ये मधेशी, गुरुङ्ग, राई जातिको समेत प्रतिनिधित्व हेर्दा मगरको प्रतिनिधित्व भएको देखिंदैन । राज्यको स्थायी सरकारको रूपमा रहेको प्रशासन क्षेत्रमा पनि मगरको उपस्थिति न्यून देखिन्छ । २०६० सालसम्म विशिष्ट श्रेणीमा एक जना पनि मगर भएको देखिंदैन । त्यसैगरी प्रथम श्रेणीमा र शाखा अधिकृतमा नेवार वाहेक अरु जनजातिहरूको संख्या क्रमशः १.२ प्रतिशत र ३.६ प्रतिशत भएकोले पनि मगरहरूको प्रशासनिक सेवामा न्यून उपस्थिति भएको देखिन्छ । न्याय क्षेत्रमा मगरहरूको उपस्थितिलाई हेर्ने हो भने सर्वोच्च अदालतको २० र जिल्ला अदालतको १३४ न्यायाधीश मध्ये १/१ जना मात्र मगर भएको पाइन्छ । पुनरावेदन अदालतमा भने मगर न्यायाधीश एक जना पनि छैन (Baral, 2010)।

राष्ट्रको सुरक्षा अंग प्रहरीको स्थापनाकाल देखिका १५ जना प्रहरी महानिरिक्षकहरू मध्ये ३ जना मगरहरू, राष्ट्रिय अनुसन्धानतर्फ एकजना र सशस्त्र प्रहरी तर्फ एक जना प्रहरी महानिरिक्षक भएको पाइनछ । नेपाल प्रहरी हेड क्वार्टरले मंसिर २०६३ मा उपलब्ध गराएको तथ्याङ्क अनुसार डि.आइ.जी २, एस.एस.पी. एस.पी. र डि.एस.पी ३/३ जना र प्रहरी निरीक्षक १२ जना मगरहरू भएको देखिन्छ । कूल प्रहरी अधिकृत मध्ये २.४८ प्रतिशत मगरहरू भएको देखिन्छ । त्यसै गरी सेनातर्फ पनि प्राविधिक र साधारण दुवैमा कार्यरत प्रमुख, सेनानी र त्यो भन्दा माथिका कूल अधिकृत संख्या ४५४ मध्ये ८ जना (१.४६ प्रतिशत) मगर भएको देखिन्छ । त्यस्तै जनमुक्ति सेनातर्फ जनमुक्ति सेनाको कमाण्डर सहित २ जना डेप्युटी कमाण्डर र ३ जना डिभिजन कमाण्डर मगर छन् । यसरी राज्यव्यवस्थामा मगरहरूको उपस्थिति नगण्य मात्रामा भएको देखिन्छ (Baral, 2009) । राज्यको सुरक्षा निकायमा भन्दा माओवादी सेनामा मगरको उपस्थिति तुलनात्मक रूपमा सन्तोषजनक पाइन्छ ।

२०११/१२ सालदेखि सँगठित हुँदै प्रजातन्त्र पुनस्थापना पछि अझ क्रियालशील नेपाल मगर संघले औपचारिक रूपमा देशभरि छरिएर रहेका मगरहरूलाई केन्द्रीय, जिल्ला र स्थानीयस्तरमा सँगठित गरी मगरहरूको साँस्कृतिक, भाषिक पहिचान तथा पछाडि परेका तथ्यहरू त्यसका कारणहरूको खोजी तथा समाधानका उपायहरूको वहस त्यसको लागि

आन्दोलित गर्ने प्रयास गरींदै आएको छ । वास्तविक समाधानको अचुक उपायको खोज गरी आम नेपालीको वर्षौंदेखिको रोग, भोक, अभाव, अशान्ति आदिको पीडा उन्मुलन गर्ने सवालमा संविधान सभा भित्र र बाहिर आम सचेत नेपालीहरू चिन्तित छौं । समानुपातिक प्रतिनिधित्व संघीयता र मगरात राज्यको माग अहिले मगर संघको आन्दोलन रहेको छ । मगरात राज्यको सम्बन्धमा सबै राजनीतिक दलका मगर सँगठनहरू बीच साझा मञ्च संयुक्त मगर मञ्च गठन भएको छ र यस मागले अझ उचाई ग्रहण गरेको छ ।

संघीयता र मगरातका बारेमा जति चर्चा, संवाद, छलफल केन्द्रीय स्तरमा भएका छन् त्यो स्थानीय स्तरमा हुन सकेको देखिँदैन । संघीयता र मगरात राज्यको प्रस्ताव स्थानीय स्रोत, साधन, परिचालन गरी स्थानीय तहका जनताहरू पहिचान गरी स्थानीय तहका जनताहरू पहिचान सहितको राजनीतिक सहभागिता सुनिश्चित गर्नु हो जसबाट एकातर्फ शासन व्यवस्थामा तल्लो तहका जनताको पहुँच पुग्दछ र अर्को तर्फ बहुसँस्कृतियुक्त राज्यको विशेषताको प्रवर्द्धन हुन्छ । संघीयता वा यसको स्वरूप र नामकरण बारेमा सम्बन्धीत क्षेत्रमा बसोबास गर्ने मानिसहरूको भावना र अभिमत के छ उनीहरू कुन रूपमा सामाजिकीकरण भई रहेका छन् भन्ने प्रश्नले नै यसको सफलता र असफलताको निर्धारण गर्दछ । यस सन्दर्भमा सम्बन्धित क्षेत्रका स्थानीय मानिसहरूको सोचाई बुझाई र अभिमत के छ भन्ने कुराले संघीयता वा मगरात प्रदेशको प्रस्तावले यथार्थता ग्रहण गर्न सक्दछ र संघीयताले शान्ति, प्रगति र स्थायीत्व ल्याउन सक्ने विश्वास गर्नु उपयुक्त होला । त्यसैले स्थानीय स्तरमा संघीयता र मगरात प्रदेशका बारेमा निम्न शोध समस्याहरू देखिन्छन् :

१. नेपालमा चलिरहेको बहसमा संघीयताका के कस्ता स्वरुप प्रस्तुत भएका छन् ?
२. के मगरात स्वायत्त राज्यको निर्माण नै मगरहरूको सहभागिताको सर्वोत्तम उपाय हो ?
३. मगरहरूको समावेशीका लागि संघीयतामा के विधि उपयुक्त होला ?
४. मगर तथा गैर मगर समूहले संघीयता र जातीय स्वायत्तताको सवालमा के धारणा राख्दछन् ?

उपरोक्त शोध प्रश्नहरूको तनहुँ जिल्लाका भिमाद र माझकोट गा.वि.स., जुन संविधान सभाको राज्य पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिले क्रमशः प्रस्तावित

नारायणी र मगरात राज्य अन्तर्गत पारिएका छन्, का मगरहरू र गैर मगरहरूको बुझाई, धारणा र अभिमत संकलन गरी उत्तर खोज्ने प्रयास गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

नेपाली राज्य आफ्नो परम्परागत एकात्मक स्वरूपबाट संघात्मक तर्फ उन्मुख भैरहेको परिप्रेक्ष्यमा जनजातिको वर्गीकरण भित्र रहेको देशको एक प्रमुख मगरजातिको संघीय राज्य प्राप्तिका लागि भए गरेका अभियानको खोजी गर्नु यसको सामान्य उद्देश्य रहेको छ । यसका अलावा प्रस्तुत शोध अध्ययनका निम्न लिखित विशेष उद्देश्यहरू रहेका छन् :-

१. संघीयता र समावेशी लोकतन्त्रका सम्बन्धमा हालसम्म भएका राष्ट्रिय अभियान र बहसहरूबारे अध्ययन विश्लेषण गर्नु ।

२. अध्ययनक्षेत्रका मगरहरूले संघीयता मुख्यतः मगरात जातीय प्रदेशका सन्दर्भमा राखेका धारणाबारे अन्वेषण गर्नु ।

३. अध्ययनक्षेत्रका मगरहरू संघीयता अन्तर्गत के कसरी आफ्नो उचित प्रतिनिधित्व शासन व्यवस्थामा हुने अपेक्षा राख्दछन् भन्ने सम्बन्धमा खोज अध्ययन गर्नु ।

४. अध्ययनक्षेत्रमा रहेका गैर मगर जातिहरू संघीयता र मगरात बारेमा के कस्तो अभिमत राख्दछन् त्यस सम्बन्धी शोध अध्ययन गर्नु ।

## १.४ अध्ययन विधि

प्रस्तुत अनुसन्धान तनहुँ जिल्लाका २ वटा गा.वि.स.हरू माझकोट जुन प्रस्तावित मगरात राज्यमा पर्दछ र प्रस्तावित नारायणी राज्यमा पर्ने भिमाद गा.वि.स.मा गरिएको छ । अध्ययनकर्ताको मातृ (गृह) जिल्ला तनहुँ जिल्लाको माझकोट गा.वि.स. भएकाले र यहाँ प्राचीनकाल देखि नै मगरहरू बसोबास गर्दै आएका र शोधकर्ता स्वयं मगर भएकाले मगर सम्बन्धी वास्तविक अध्ययन हुने विश्वास गरिएको छ । त्यस्तै मगरहरूको जनसंख्या सबैभन्दा बढी ३०.३५ प्रतिशत  रहेको तथ्य भए पनि शैक्षिक, आर्थिक तथा विभिन्न सामाजिक, राजनीतिक पक्षमा पछाडि रहनु चिन्ताको विषय भएकाले सबैभन्दा बढी यही आफ्नो स्थानीय तहको समस्याहरू नै केलाउनु पर्ने कर्तव्य बोध तथा अध्ययन सुगमता र सहजताको लागि तनहुँ जिल्ला आफ्नो अध्ययनको रोजाई हुन गयो । समग्र तनहुँ जिल्लाको

प्रतिनिधित्व हुने गरी मगराँत (प्रस्तावित) राज्य अर्न्तगत पर्ने मगर बाहुल्य समरूप गा.वि.स. माझकोट तथा जातीय बहुरूप, ब्राह्मण जातीय प्रभावित प्रस्तावित नारायणी राज्यमा पर्ने भिमाद गा.वि.स.लाई प्रयोजनमूलक छनौट पद्दतिका आधारमा लिइएको छ।

अध्ययनको प्रकृति, समय र खर्चको सीमालाई पनि ध्यानमा राख्दै उपरोक्त अध्ययन क्षेत्र प्रस्ताव गरिएको छ।

## १.४.१ अनुसन्धान ढाँचा

अनुसन्धान वर्णनात्मक र विश्लेषणात्मक संरचनाको रहेको छ। भिमाद बजारमा आधुनिक विकास सँगै आएको चेतनाको स्तरको प्रतिनिधित्व एवं माझकोट गा.वि.स. का मगर तुलनात्मक रूपमा ग्रामीण समाजमा बस्ने र परम्परावादी सोच भएका छन्। त्यस्तै भिमाद गा.वि.स.ले बहुरूप जातीय समाजको प्रतिनिधित्व गर्दछ भने माझकोटले समरूप समाजको प्रतिनिधित्व गर्द छ। यी दुई क्षेत्रहरूमा मगर तथा गैर मगरहरूको संघीयता र मगरात बारेमा उनीहरूले राखेका धारणा, चेतना र राजनीतिक सामाजिकीकरणको आयाम बारे अध्ययन विश्लेषण गरिएको छ ।

## १.४.२. तथ्याङ्क स्रोत र यसको प्रकृति

तथ्याङ्क परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिको रहेको छ। तथ्याङ्क र तथ्याङ्कहरूको प्राप्तिका लागि प्राथमिक स्रोत र सहायक स्रोतको प्रयोग गरिएको छ। प्राथमिक स्रोत अन्तर्गत ५० जना मानिसहरूको प्रश्नावली अन्तरवार्ता लिइएको छ। स्थानीय रूपमा मगर बहुलक्षेत्र र मगर अल्पमतमा रहेका दुवै गा.वि.स.मा क्षेत्रगत अध्ययन गर्दा स्थानीय स्तरमा अभियन्ताका रुपमा रहेका मगर र गैर मगर पाँच जना व्यक्तित्वहरूसँग विस्तृत अन्तरवार्ता लिइएको छ। मगर अभियन्ता अन्तरगत नेपाल मगर संघका केन्द्रीय सदस्य "जो अध्ययन क्षेत्र अन्तरगत पर्छन्" लाई सम्लग्न गरिएको छ। साथै सहायक स्रोत अन्तर्गत विभिन्न प्रकाशित, अप्रकाशित पुस्तक, पत्रिका, लेख रचना तथा प्रतिवेदनहरू प्रयोग गरिएको छन्।

तनहुँ जिल्लाको माझकोट र भिमाद गा.वि.स.मा बस्ने मगर र गैर मगर मानिसहरू मध्ये जनसंख्याको बनोट अनुसार क्रमशः ३० र २० गरी कूल ५० जना सहभागिहरूसँग प्रश्नावली भराइएको छ । संघीयता र मगराँत बारेमा उनीहरूको अभिमत बुझ्न तटस्थ रूपमा शोधकर्ताले मगर र गैर मगर एवम् शिक्षा, आर्थिक स्तर र लैङ्गिक सबै

आधारहरूलाई समेटी प्रयोजनमुलक स्नोबल पद्धतिद्वारा उत्तरदाताको छनोट गरिएको थियो । यस्ता उत्तरदाता मध्ये २५ जना मगरहरू रहेका थिए भने बाँकी २५ जना अन्य जातजातिका मानिसहरू रहेका थिए ।

### १.४.३.तथ्याङ्कको तालिकीकरण र विश्लेषण

क्षेत्रगत अध्ययनबाट प्राप्त तथ्याङ्कहरू र तथ्यहरू तथा सूचनाको विश्लेषण गर्ने क्रममा आवश्यकता अनुसार तालिकीकरण गरिएको छ । त्यस्तै आवश्यकता अनुसार विषय वस्तुको विश्लेषणका लागि सूचनाबाट तथ्यको लेखाजोखा परिस्कृत गरी शोध विषयको प्रस्तुति गरिएको छ ।

## १.५ पूर्व साहित्यको समीक्षा

नेपालमा २०६२/०६३ को जनआन्दोलन २ को सफलता पछि स्थापित लोकतान्त्रिक गणतन्त्र,समावेशी र संघीय स्वरूप ग्रहण नै मूल उपलब्धि रहेका छन् । राजतन्त्रको विधिवत अन्त्य भै गणतन्त्र स्थापना संविधान सभाले गरेको छ भने केही समावेशी स्वरूप पनि स्थापित भएको छ । राज्यलाई अझै समावेशी बनाउन र संघीयता सम्बन्धमा भने संविधान सभाले भावी संविधानमा व्यवस्था गर्नेछ । यस सन्दर्भमा संघीयता सम्बन्धी उल्लेख्य सामग्री भेट्न सकिन्छ । त्यस्तै संघीय प्रदेशका आधारमा जातीयता वा भौगोलिक र ऐतिहासिक पहिचान गर्ने सन्दर्भमा लेख रचनाहरू प्रकासनमा आएको पाइन्छ । तसर्थ यहाँ संघीयता, यसका आधारहरू एवं मगराँत र मगरहरूको साहित्य समीक्षा गरिएको छ ।

जर्ज एन्डर्सन (२०६४), संघीयताः एक परिचय युएनडीपीमा संघीयता के हो र विश्वमा यसले कसरी काम गर्दछ ? भन्ने बारेमा उल्लेख गरिएको छ । लोकराज बराल (२०६४) संघीयता प्रणालीको आवश्यकता नेपाल समसामयिक अध्ययन केन्द्र (NCCS), सानेपा, ललितपुरमा संघीयता सम्बन्धी र नेपालमा संघीयताको आवश्यकता बारे उल्लेख गरिएको छ । श्याम श्रेष्ठ (२०६१ चैत्र २६), मूल्यांकन मासिकमा स्वीस ढाँचाको लोकतन्त्रमा भूपरिवेष्ठित र आफ्नो कच्चा पदार्थ भनेको केही नभएको फुच्चे मुलुकले पनि आफ्नो देशको विविधता अनुरूपको लोकतन्त्रको उपयुक्त ढाँचा अपनायो भने विश्वलाई नै चकित पार्ने खालको विकास गर्न सक्छ र देशमा दिगो शान्ति कायम गर्न सक्छ भन्ने कुराको ज्वलन्त उदाहरणको रूपमा स्वीट्जरल्याण्डको व्याख्या गरिएको छ ।

बम कुमारी बुढामगर (वर्ष ३, अंक २, २०६५ पुनहिल, पृष्ठ ३५) मा ऐतिहासिक पृष्ठभूमि व्यापक छ अठार मगरातीमा १८ मगराँती र १२ मगराँतीमा मगरहरूको वर्गीकरण प्रस्तुत छ र सोही बमोजिम २२ से र २४ से राज्यमा रूपान्तरण भएको कुरा उल्लेख छ। Dor Bahadur Bista (1991), Fatalism and Development मा Region of the Magars मा मगरात क्षेत्रबारे उल्लेख छ। Uma Nath Baral (Volume 35, Number 2, July 2008 Ethnic Activism in Nepal: An Account of the Magar Organizations in Kaski, District मा नेपालमा जनजाति आन्दोलन र मगर जातिको सांस्कृतिक, भाषिक, धार्मिक, राजनीतिक अभियानबारे उल्लेख गरिएको छ। त्यस्तै उमानाथ बरालकै "कास्कीमा मगर अन्दोलन (२०६२)" ले पनि मगर जाति र कास्की जिल्लामा उनीहरूको जातीय अभियानका बारेमा महत्वपूर्ण तथ्यहरू प्रस्तुत गरिएको पाइन्छ।

Uma Nath Baral (2008) कै Restructuring the Nepali State: Magar Perspective (Contribution to Nepalese Studies) त्यस्तै उमानाथ बरालले T.U. Dean Office मा प्रस्तुत गरेको अप्रकाशित शोधपत्र The Magars in Politics : A Study of Palpa, Kaski and Myagdi Districts भन्ने साहित्य मगरहरूको भाषा, संस्कृति र संस्थादेखि मुख्यत उनीहरूको राज्य प्रणालीमा के कस्तो भूमिका, धारणा र सहभागिता रहेको छ भन्ने कुराको विस्तृत जानकारी पाउन सकिन्छ।

डा. केशर जंग बराल मगर (वर्ष १, अंक २, पौष २०६४, मगरात, पेज ५५, ५६) मा राज्य व्यवस्थामा मगरहरूको सहभागिता अन्तर्गत प्रजातन्त्र स्थापना २००७ साल देखि हालसम्म राज्य व्यवस्थाको विभिन्न अंगहरूमा मगरहरूको उपस्थितिको तथ्याङ्क प्रस्तुत गरिएको छ। डा. केशर जंग बराल (१९९३), पाल्पा, तनहुँ, स्याङजाका मगरहरूको संस्कृति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौंमा सो जिल्लाका मगरहरूको सांस्कृतिक विश्लेषण गरिएको छ। उपरोक्त साहित्यहरूले संघीयता र मगर जातिको सन्दर्भमा गहन ज्ञान दिन सफल भए पनि तनहुँका मगर र मगर संघीयता सम्बन्धी हालसम्म कुनै लेख रचना तथा शोध अनुसन्धान नभएको परिप्रेक्षमा प्रस्तुत शोध अध्ययन एक मौलिक र महत्वपूर्ण स्रोत बन्ने अपेक्षा गरिन्छ।

## १.६ अध्ययनको महत्व

नेपाल यसको राजनीतिक तथा शासकीय ढाँचाको पुनर्संरचनाको क्रममा रहेको छ । संघीयता र समावेशी लोकतन्त्र नै समकालीन राजनीतिको तातो वहसको रूपमा रहेको छ,जसद्वारा नेपाली संस्कृति र बहुजातीय विविधतालाई राज्यका विभिन्न अंगमा समावेश, प्रतिनिधित्व र सशक्तीकरण गराउन सफल हुनेछ भन्ने अपेक्षा राखिएको छ । यस सन्दर्भमा प्रस्तुत शोध अध्ययनले तनहुँका मगर जातिमा हालका राजनीतिक विषय वस्तु र उनीहरूको शासनमा उचित प्रतिनिधित्व समावेशीका सन्दर्भमा के कस्तो धारणा राख्दछ भन्ने सन्दर्भमा शोध अध्ययन गर्नु समायोचित र सान्दर्भिक नै हुनेछ । प्रस्तावित मगराँत संघीय प्रदेश भित्र रहेको तनहुँका मगर र गैर मगर तथा विभिन्न क्षेत्रका मगरहरूमा उनीहरूको शासकीय सशक्तीकरणमा के अभिमत छ भन्ने जिज्ञासा राख्नु एक तर्फ स्वभाविकै भए पनि अर्को तर्फ यसबाट स्थानीय स्तरमा सम्बन्धित क्षेत्रका मानिसहरूको मगराँत संघीयता प्रतिको राजनीतिक, सामाजिकीकरण र संस्कृतिले विशेष महत्व राख्दछ । यसका अलावा यो एउटा मौलिक र चाख लाग्दो साहित्य सामग्री हुने आशा गर्न सकिन्छ । जसबाट संघीयता र मगर एवं मगराँत भित्रको तनहुँका मगर र गैर मगरको यस प्रतिको धारणा जान्न बुझ्न मौका मिल्दछ । राजनीतिक दलहरू, जातीय सँगठनहरू तथा नीति निर्माताहरूलाई एवं यससँग सरोकार राख्ने सबैलाई यसबाट प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्धित विषयमा सूचना र तथ्यहरू उपलब्ध गराउने अपेक्षा गरिएको छ ।

## १.७ अध्ययनको सीमा

यस अध्ययनबाट तनहुँ जिल्लाको माझकोट र भिमाद गा.वि.स.का मगर जातिको लेखाजोखा भएपनि अधिराज्यभरका मगर जातिको प्रतिनिधित्व गर्छ नै भन्ने चाहिं हुँदैन । त्यसैले संघीयताको सेरोफेरोमा मगर जाति विशेषत: माझकोट र भिमादका मगर र गैर मगरहरूको गतिविधि, अभियान र उनीहरूको धारणाहरूको तथ्य र तथ्यांकहरू संकलनमा मात्र प्रस्तुत अध्ययन सीमित रहेको छ ।

## १.८ अध्ययन समय र संगठन

यो अनुसन्धान निम्न समय भित्र पूरा गरीने छः–

| क.स. | विवरण | २०६७ कात्तिक | ०६७ मार्ग, पौष र माघ | ०६७ फाल्गुन चैत्र | ०६८ वैशाख | ०६८ जेष्ठ आषाढ |
|---|---|---|---|---|---|---|
| १. | अन्तिम (परिमार्जित र संशोधित)अनुसन्धान प्रस्ताव तयार | ▨ | | | | |
| २. | साहित्य समीक्षा (सामग्री संकलन र अध्ययन) | | ▨ | | | |
| ३. | प्रश्नावली निर्माण र तथ्यांक संकलन | | | ▨ | | |
| ४. | तथ्यांक प्रस्तुतीकरण र विश्लेषण | | | | ▨ | |
| ५. | शोध पत्र लेखन र प्रस्तुती | | | | | ▨ |

प्रस्तुत शोधपत्र कूल १२८ पृष्ठको रहेको छ । जसमा पहिलो परिच्छेद अनुसन्धानको परिचय, दोश्रो परिच्छेद तनहुँ जिल्लामा मगर जाति र तनहुँ जिल्ला, तेश्रो परिच्छेदमा संघीयता र समावेशी लोकतन्त्र, परिच्छेद चारमा नेपालमा प्रस्तवित संघीय व्यवस्था र मगराँत तथा प्राप्त प्राथमिक तथ्यांकहरूको प्रस्तुती र अध्ययन विश्लेषण र अन्त्यमा पाँचौं परिच्छेदमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई
# तनहुँ जिल्लामा मगर जाति

## २.१ परिचय

नेपाल भौगोलीक रूपमा सानो छ तर प्राकृतिक सुन्दरतामा एवं जैविक विविधताका अतिरिक्त बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक दृष्टिकोणले विशाल छ । वि.सं.२०५८ को जनगणना अनुसार नेपालमा १०१ जाति तथा जनजातिका मानिसहरू बस्दछन् जसमा ९० भन्दा बढी भाषा भाषीहरू छन् । जाति जातिका दृष्टिकोणबाट हेर्दा नेपालको उत्तरी हिमाली भेगमा शेर्पा, थकाली, भोटे, बाङदी जस्ता मुख्य जनजातिहरू बस्दछन् भने मध्य पहाडी भागमा ब्राह्मण, क्षत्री, मगर, नेवार, गुरुङ, राई, लिम्बु आदि जात जातिहरूले निवास गरेका छन् । भौगोलिक रूपमा राई, लिम्बुहरू पूर्वी पहाडमा, तामाङ केन्द्रमा, नेवार काठमाडौं उपत्यकामा, मगर र गुरुङ, पश्चिमी पहाडमा रहेका छन् भने ब्राह्मण क्षत्री र दलित आदिको बहुसंख्याले मध्य पश्चिम र सुदूर पश्चिमी क्षेत्रमा बसोबास गरेको पाईन्छ । थारु, राजवंशी, सतार, झाँगड, धिमाल लगायतका अन्य जनजातिहरू र आदिवासीहरू तराईमा बस्छन् । समग्रमा नेपाली समाज मुख्यतः दुई जाति र तिनीहरूको सम्मिश्रणबाट बनेको देखिन्छ । उत्तर पूर्वबाट मङगोलहरू र दक्षिण पश्चिमबाट आर्य ककेशियाइहरू प्रवेश गरेका छन् । "पहिलोले भोट वर्मेली भाषा बोल्छन् र प्रकृतिको पूजा गर्दछन् भने पछिल्लोले भारोपेली आर्यन भाषा बोल्छन् र तिनमा धेरै हिन्दूहरू छन्" (बराल, २०६२:२६) ।

नेपालको जनगणनाको नतिजाहरू हेर्दा पहिलो क्षेत्री, दोश्रो ब्राह्मण, तेश्रो मगर, चौथोमा थारु त्यसपछि तामाङ, नेवार आदि रहेका छन् । यसरी हेर्दा मगर नेपालमा तेश्रो ठूलो र जनजातीहरू मध्ये प्रथम स्थानमा रहेको जाति हो । सन् १९९१ को जनगणना अनुसार यिनीहरूको जनसंख्या ७.३ प्रतिशत थियो भने पछिल्लो २००१को जनगणना अनुसार ७.१४ प्रतिशत छ । "मगरहरूको संख्या नेपाल भरि फैलिएको छ तापनि सबै भन्दा बढी जनसंख्या क्रमशः पाल्पा, रोल्पा, तनहुँ, स्याङजा, बाग्लुङ, प्युठान, म्याग्दी आदि जिल्लाहरूमा रहेको छ । यी क्षेत्रहरूलाईनै 'मगराँत' क्षेत्र भनिन्छ, जसलाई प्राचीन कालमा 'महरलोक' भनिन्थ्यो" (बराल, २०६२:२६) ।

नेपाली वृहत् शब्दकोशमा “मगर” तथा “मगराँत” शब्दको अर्थ यसरी स्पष्ट उल्लेख गरिएको छ– मगर भन्नाले नेपालको मध्य पश्चिमी पहाडी क्षेत्रमा बस्ने भोट वर्मेली भाषिक समूहको एक जाति, मगराँतको आदिवासी भनिएको छ । त्यस्तै “मगराँत” लाई अर्थ्याउँदा विशेष रूपमा मगरहरूको बसोबास तथा प्राचीन राज्य भएको क्षेत्र भन्ने बनाइएको छ । मगर शब्दको व्याख्या विभिन्न आधारमा गरिएको पाईन्छ । त्यसमध्ये ‘मङगोल’ शब्द बदलिएर ‘मगर’ बनेको हो भन्ने तर्कमा धेरै जसो लेखन र खोजकर्ता सहमत भएको देखिन्छ । आज सम्म इतिहासकारहरू गुरुङ, तामाङ, राई, लिम्बु, किराँत, खसआर्य र अन्य जाति ईसापूर्व प्राचीनकाल तर्फ जाँदा बाहिरबाट यहाँ आई बसोबास गरेको तथ्यप्रति सहमत भएको पाइन्छ । तर थारु र मगर जाति बाहिर कतैबाट आएको कुरा कुनै इतिहासकारले उल्लेख गर्न सकेका छैनन् । यसबाट के पुष्टि गर्न सकिन्छ भने मगर जाति पनि नेपालको थारु जस्तै आदिवासी हो । आदीकालमा मगर जातिको आफ्नै देश लाफामण्डल थियो भनेर प्रो. बालकृष्ण पोखरेलको दावी छ । माथवर सिँह थापा मगर लिखित “प्राचीन मगर तथा अक्खा लिपी (२०५९)” को अनुसार बसाइसराइको युग अर्थात जंगली अवस्था र सिकारी युग अर्थात अर्ध सभ्य कृषि युगको थालनी भन्दा पहिले भएको इतिहास पाइएकोले मगरहरू साथै अन्य मंगोलियाईहरू पनि यस महाद्वीपमा ढुंगे वा शिकारी युगमा अर्थात् आज भन्दा लगभग ४००० (चार हजार) वर्ष अगाडि आएको हुनु पर्दछ ।

मानव सभ्यताको विकास क्रममा पश्चिममा सल्यान जिल्लामा पर्ने (कोट मैला) केन्द्र र पूर्वमा (पाल्पा) केन्द्र बनाएर दुई खाले नयाँ सभ्यताको थालनी भयो (बूढा मगर, २०६५:३५) जस्को परिणाम स्वरूप क्रमशः १८ मगराँत र १२ मगराँत राज्यको रूपमा विकास भयो । अन्ततः आर्य ब्राह्मण जातको अतिक्रमण भई १८ बाट २२ र १२बाट २४वटा ठकुराइ राज्य निर्माण गराई ती २२ से र २४से राज्यहरूको निर्माण भयो (बुढा मगर २०६५:३६) । मगर बसोबास थलोलाइ यसरी पनि उल्लेख गरेको पाईन्छ :–

> ‘The regions in the west of the valley, all the way to the Kali Gandaki was traditionally known as the Gandaki Pardesh. The area west of this to the Karnali was called magarant (region of magars) (Bista; 1991;12)

त्रिशुली गण्डकी देखि पश्चिम, कर्णाली नदी देखि पूर्व र दक्षिणमा भारतको गंगा नदी देखि उत्तरी क्षेत्रका प्रत्येक नदीनाला, मैदान, पहाड, पर्वत र खोला खोल्सीका नामहरूले

यस क्षेत्रमा मगरहरूको प्राचीनतम अस्तित्वलाई छर्लङ्ग पारेको छ । यस भूभागका नाउँ प्रायः सबै मगर भाषामा छन् । मगर भषामा "ती", "री" वा "डी" ले "झोल पदार्थ" वा "पानी"लाई जनाउँछ । जस्तै म्याग्दी, सिडी (तेल), मिक्दी (आँशु), सेती, मर्स्याङदी, मादी आदि । "गान डी" (साग पानी)बाट गण्डकी, त्यस्तै १८ मगराँत क्षेत्रका नदीहरूलाई मगराँत भाषामा "री" वा "ती" अन्त्यमा जोडिएको पाइन्छ जस्तै : भेरी, राप्ती आदि । मगर भाषामा "हाङ्ग" को अर्थ "राज्य" हुन्छ र प्राचीन तनहाङ्गबाट तनहुँ, वालिहाङ्गबाट बाग्लुङ्ग, मालिहाङ्गबाट वालिम, मालेबुङ्गबाट म्याग्दी, महभिरबाट महाभारत लेक आदि भएको छ । साथै पूर्व र पश्चिम मगर सभ्यताहरूको संयोग केन्द्रका रुपमा गुल्मिको "रिडी" ले प्रतिनिधित्व गर्दछ ।

मगरहरूको बसोबासको सम्बन्धमा मगरहरूले गाएको प्रशिद्ध "सोरठी" गीतमा पनि आफ्नो पूर्खाको यसरी वर्णन गरिएको छः

सेती, गण्डकी, जमुना पारी,

. . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . .

पुरीव दिशा मन्धानी राजै निमन्त्रणा बोलायो

उत्तर दिशा मालुङ्गे राजै निमन्त्रणा बोलायो

पश्चिमी दिशा जुम्ली राजै निमन्त्रणा बोलायो

दक्षिण कधुवा राजै निमन्त्रणा बोलायो ।

पूर्व दिशाको "मन्धानी" राज्यले मुर्मि (तामाङ्ग)हरूको राज्य,

पश्चिम दिशाको "जुम्ली" शब्दले हालको जुमला,

उत्तर तर्फको "मालुङ्गे" शब्दले मुस्ताङ्ग राज्य

र दक्षिण तर्फ "कधुवा" वा "मधुवा"

मगध राज्य भनी संकेत गरेको देखिन्छ (थापा, २०५९:८) ।

आफ्नै मौलिक भाषा, संस्कृती, परम्परा, भेषभूषा, रहनसहन हालसम्म जीवित रहेको यस मगर जातिको भाषा ३ प्रकारको रहेको पाइन्छ । जस्तै (क) अठार मगराँतमा मगर पाङ (ख) तराली क्षेत्रमा मगर काईके र (ग) बाह्र मगराँतमा मगर ढुट बोलिन्छ । धर्मको सम्बन्धमा मानव सभ्यताको विकाश क्रममा हाल आएर मगरहरू निरपेक्ष रूपमा विभिन्न धर्म जस्तै हिन्दु, बौद्ध र इसाई धर्म प्रति आस्था राखेता पनि शामान धर्म र वोनधर्म विशेष

बिभिन्न देउ देउताहरू जस्तै चण्डी, भंयर, भाक्री वनस्खण्डी, जलदेवी, बराजु, नागकन्या बराह, संसरी माई देवी, आइतबार्‍या, मण्डली, कूलेन, बराई, डिवरा आदि पुज्ने कर्म पनि अध्यावधि गरी राखेकै छन् गाउँ वस्ती वरिपरी रहेको ओडार, ठूलो रुखको फेद, पानीको मूल, पंधेरो आदिमाा ढुङ्गाको देउता स्थापना गरी पुज्ने पुरानो परम्परा नत बुद्ध नत हिन्दु धर्म वा इसाइसँग नै मिल्छ । त्यसैले मगरहरूको आफ्नै मौलिक खालको नामकरण नभएको धर्म रहेको बुझिन्छ । तथापि नेपाल मगर संघको आधिकारिक धारणा प्राकृत धर्म पछि वौद्धको प्रभाव पर्‍यो र त्यसपछि हिन्दू धर्म तथा अन्य धर्मको प्रभाव परेको हो भन्ने छ । आफ्नै भू-क्षेत्र अनुसारको भेषभूषा र खानपानको प्रक्रिया तथा संस्कृति मगर जातिमा मौलिक प्रकारको नै छ । कौद्दा, झाम्रे लगायतका लोकनृत्यहरू तथा कैयौं लोक गीतहरू मगरका चिनारीहरू हुन् ।

द्रव्य शाहले गोर्खाका मगर राजा मान सिंह खड्काको हत्या गरी एकीकरणको शिलान्यास गरेको मानिन्छ । नेपाल एकीकरण पूर्व मगराँतको अस्तित्वलाई संकेत गरी पृथ्वी नारायण शाहले “मगराँतको राजा मै हुँ” भनेको पाइन्छ ।

गण्डकी क्षेत्रमा २४से राज्यहरू मध्ये ढोर, गरहुँ, छिरिङ, गुल्मी, इस्मा, खिदिम, मुसिकोटं, पाल्पा, पर्वत, पैयु, भिर्कोट आदि मगर राज्यहरू थिए (तामाङ्ग, २०६५:४१) ।

## २.२ तनहुँ जिल्ला

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलको दक्षिण पूर्वमा अवस्थित तनहुँ जिल्ला मूलतः महाभारत श्रृंखला र मध्य पहाडी भू–भागमा अवस्थित विकासोन्मुख जिल्ला हो । यो काठमाडौंबाट ११० किलोमीटर पश्चिम र पोखराबाट १९ किलोमीटर पूर्वमा अवस्थित छ । मानचित्रमा यो जिल्ला ८३°७४″ देखि ८४°३४″ पूर्वी देशान्तर, २७°३′ देखि २८°५″ उत्तरी अक्षाँश सम्म फैलिएको छ । यसको क्षेत्रफल १५४६ वर्ग किलोमीटर अथवा कूल नेपालको भू-भागको १.०५ प्रतिशत रहेको छ ।

गण्डकी नदीको जल प्रवाह क्षेत्रसँग आवद्ध यस जिल्लामा सीमा नदीको रूपमा पूर्वी दिशामा मर्स्याङ्दी र त्रिशुली नदी तथा दक्षिणमा काली गण्डकी बहन्छ भने जिल्लाको मध्य भागबाट मादी र सेती नदी प्रवाहित हुन्छ । यस जिल्लाको अधिकतम उचाई भएका पहाडहरूमा छिम्केश्वरी २३२५ मीटर, कोटाधाम १६३० मीटर, राइपुरकोट १५४१ मीटर, मिरलुङकोट १४८४ मीटर र चोक १४२९ मीटर आदि छन् भने सब भन्दा होचा

वस्तीहरूमा देवघाट २०० मीटर, कोटा २१० मीटर, दमौली ३२० मीटर आदि छन् । यस प्रकार तनहुँको अधिकाँश भू–भाग ३०० मीटर देखि १२०० मीटर सम्मको रहेको छ ।

यस जिल्लाको पूर्वमा चितवन र गोर्खा, पश्चिममा स्याङ्गजा, उत्तरमा कास्की र लम्जुङ्ग तथा दक्षिणमा पाल्पा, नवलपरासी र चितवन जिल्लाहरू रहेका छन् । राजनीतिक प्रशासनिक रूपमा ३ वटा निर्वाचन क्षेत्र, एउटा नगरपालिका व्यास नगरपालिका र ४६ वटा गाउँ विकास समितिहरू छन् जसमा ४५० वटा वडाहरू छन् साथै १३ वटा इलाकाहरूमा विभाजन गरिएको छ (जि.वि.स. तनहुँ: २०५८) ।

## २.२.१ ऐतिहासिक पक्ष

नेपाललाई भूगोलका ज्ञाताहरूले तीन भागमा विभाजन गरेका छन्, कोशी प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेश । यी तीन प्रदेशलाई क्रमशः किराँत, मगराँत र खसान्त पनि भन्ने गरीन्छ (वराल, २०५०) । वर्तमान नेपालको त्रिशुली–गण्डकी देखि पश्चिम, कर्णाली नदी देखि पूर्व र दक्षिणमा भारतको गंगा नदी देखि उत्तरी क्षेत्रका प्रत्येक नदी नाला, मैदान, पहाडपर्वत र खोला खोल्सीहरू आदि मगर नामहरूले चिनिएका छन् । यो हिसावले यो भूभागलाई मगराँत प्रदेश भनिएको मानिन्छ (थापा मगर, २०५९) । मध्यकालको विभिन्न राज्य रजौटाहरूको रूपमा खण्डित अवस्थामा नै तनहुँ पनि स्थापना भएको हो । प्राचीन सेन वंशावली अनुसार पाल्पाका राजा मुकुन्द सेनको वि.सं. १६१० तिर परलोक भएपछि उनकी साँहिली रानी प्यूठानकी राजपुत्री महिमावतिको गर्भबाट जन्मेका भृंगी सेन तनहुँ राज्यका संस्थापक हुन् । आफ्ना पिताको जीवनकालमा तनहुँ पाल्पामा गाभिए पछि यिनी तनहुँका प्रशासक भएर बसेका थिए । वृहत्तर पाल्पा विभाजित भए पछि यिनले आफूलाई तनहुँको स्वतन्त्र राजा घोषित गरे (अधिकारी, २०५५) । राजा भृङ्गीसेनले तनहुँसूरलाई आफ्नो राजधानी बनाई त्यसको सुरक्षाको यथेष्ट प्रबन्ध मिलाए । 'सूर' लाई क्रमशः कोटको रूपमा विकाश गरियो र तनहुँसूर नभनिकन तनहुँकोट भन्ने गरिन्थ्यो । पुराना लिखित एवं कागजपत्रहरूमा तनहुँको राजालाई तनहुँकोट्या भनेर सम्बोधन गरेको पाईन्छ । तनहुँसूर करिब १२४१ मीटर उचाईमा वरपर तीनवटा शिखरहरू भएकोले यसलाई त्रितुङ्गा अथवा त्रिश्रृङ्गा भनेर सँस्कृत श्लोकहरूमा लेखिएको भेटिन्छ ।

तनहुँका अन्तिम राजा हरकुमार दत्त सेन थिए । तनहुँ राज्य विधिवत् नेपाल अधिराज्यमा विलयन भए पछि हालको तनहुँ जिल्लाको रूपमा स्थापित भएको छ ।

### २.२.२ तनहुँको नामकरण सम्बन्धमा

कुनै पनि ठाउँको उत्पत्ति र नामकरणका सम्बन्धमा त्यस क्षेत्र भित्रका किंवदन्ति, जनश्रुती वा प्राप्त उपलब्ध सामग्रीहरूले महत्वपूर्ण भूमिका निभाएका हुन्छन् । यस जिल्लाको नामलाई तनहुं, तनहुं र तन्हौं विभिन्न रूपमा समेत गरेको पाईन्छ । भाषागत रूपमा शब्द वनोट फरक भए पनि अर्थमा एकै भएका कारण आधिकारिक लेखनमा तनहुं रूप नै प्रचलित छ । यसो हुनाको प्रमुख आशय यस जिल्लाको अनेकौं गाउँठाउँको नामको अन्तिम अक्षर 'हुं' नै प्रयोग भएको देखिन्छ । जस्तैः मिर्लुङ्ग, कर्लुङ्ग, नावरुङ्ग, पिरुङ्ग, राङ्गरुङ्ग, धेनुङ्ग आदि । प्रचलित वोलीमा तनहुँलाई तनुङ्ग पनि भन्ने गरीन्छ । अर्को तर्फ तनहुँसूरको सिधा पश्चिमपट्टि तीनवटा एकैनासका वा एकै किसिमका तीन प्रमुख चुचुराहरू छन् जसलाई संयुक्त रूपमा त्रिलुङ्ग ( मगर भाषामा लुङ्ग=ढुङ्गा ) भनिने हुँदा त्यसैबाट तनहुँको नाम रहन गएको भन्ने भनाइहरू प्रशस्त पाइन्छन् । अर्को तर्फ तनहुँको राजधानी  तनहुँमा रहेको तनहुँसर र दमौलीको पश्चिम पट्टि अवस्थित मानुङमा क्रमशः चिउँडो सानो भएका तनहनु र चिउँडो ठूलो भएका मानहनु नाम गरेका दुईवटा ऋषिहरूले तपस्या गरेको हुनाले अपभ्रंश भई तनहुं र मानहूं नाम रहेको किंवदन्ति पनि सत्यताको नजिक रहेको छ भन्ने केही विद्वानको भनाई पाईन्छ ।

मगर जाति तनहुँको आदिवासी मानिएकोले यस भेगमा फैलिएको उद्‌गमस्थल गण्डकी प्रदेशलाई स्वीकारिएको छ । तनहुँको नामकरणको सम्बन्धमा अहिले सम्म उपलब्ध सामग्रीहरूमा जनश्रुति र कहानी बाहेक आधिकारिक तथ्य भने भेटिंदैन । प्रमुख कुरा मगराँत प्रदेश भएकै कारण तनहुं शब्द मगर भाषाबाट आएको हो भन्ने प्रसँगमा धेरै विद्वानहरूको सहमति रहेको पाईन्छ । नेपाल मगर संघ तनहुँको घोषणापत्र २०५५ फल्गुन १५ बमोजिम टाहालुङ्ग ( ढुंगा पुग्यो )बाट अपभ्रंश भई तनहुं भएको मानिएको छ । त्यस्तै एम. एस. थापा मगरका अनुसार  हाङ्गको अर्थ राज्य हुन्छ र प्राचीन तनहाङ्गबाट तनहुं भएको मानिएको छ । वहाँको अनुसार वालिहाङ्गबाट वाग्लुङ्ग, गरहाङ्गबाट गह्रौं, मालिहाङ्गबाट वालिम, मालेवुङ्गबाट स्याग्दी, महभीरबाट महाभारत लेक आदि भएको मानिएको छ ।

धेरै पहिले देखि नै विद्यापीठ र शक्तिपीठको उर्वर भूमिको रूपमा परिचित तनहुँको साहित्यिक, बौद्धिक एवं प्राज्ञिक पहिचान अद्यावधि विशिष्ट रहँदै आएको छ । तनहुँको पहिचान निम्न बमोजिमका रूपहरूमा लिन सकिन्छ :–

(१) वेदव्यास तपोभूमि क्षेत्रको रूपमा– संस्कृत भाषाका प्रकाण्ड विद्वान वेदव्यास वशिष्ठ ऋषिका पनाति, शक्ति ऋषिका नाति र पराशर ऋषिका छोरा हुन् जसले सम्पूर्ण वेद संकलन गरी ४ वेद (यजुर्वेद, सामवेद, ऋग्वेद र अथर्ववेद), ४ उपवेद र १८ पुराण,उपपुराण, ब्रह्मसूत्र जस्ता ग्रन्थहरू रचना गरेका थिए । हाल पनि व्यास गुफाको अस्तित्व रहेको छ ।

(२) आदिकवि भानुभक्त आचार्यको जन्मस्थलको रूपमा तनहुँ–प्रशिद्धरामायण कथाको नेपालीमा उल्था लगायत नेपाली साहित्यको उत्थानमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्ति आदि कवि भानुभक्त आचार्यको जन्मस्थलको रूपमा तनहुं जिल्ला प्रख्यात छ ।

(३) धार्मिकस्थल देवघाट क्षेत्रको रूपमा तनहुँ–देवघाट त्रिशुली, बुढी गण्डकी, मर्स्याङ्गदी, मादी, काली गण्डकी र दरौंदी यी सप्त गण्डकीको सँगमस्थल रहेको तिर्थस्थलको रूपमा परिचित छ । उपयुक्त नदीहरूको उद्‌गमस्थल क्रमशः त्रिशुलधारा, गणेश हिमाल, पेरी हिमाल, अन्नपूर्ण हिमाल, मुस्ताङ्ग हिमाल र वुद्ध हिमाल रहेका छन् ।

(४) भौगोलिक रूपमा विभिन्न हरियाली डाँडाकाँडा,खेती योग्य फाँटहरू, टारहरू तथा विभिन्न नदीनालाहरूको धनी जिल्लाको रूपमा तनहुं जिल्ला ।

(५) शैक्षिक, साहित्य, प्रशासनिक, न्याय, राजनैतिक–कुटनीतिक, लोक सँस्कृति आदिमा विशेष अग्रणी जिल्लाको रूपमा तनहुं जिल्ला ।

## २.३ तनहुं जिल्लामा मगर जाति

समग्र नेपालमा जुन अवस्थाको राष्ट्रिय पहिचान छ, मगरको त्यो तनहुंको मगरहरूको पनि हो । गुणात्मक अग्रता लिन नसके पनि संख्यात्मक अग्रता त तनहुं जिल्लामा अवश्य लिएको छ । सामाजिक, लोक साँस्कृतिक, भाषिक पक्ष केही हद सम्म सजीव राख्न सफल भए पनि शैक्षिक, आर्थिक र राज्यका विभिन्न निकायहरूमा पहुँच आदि पक्षमा पिछडिएको पिडा अवश्य पनि यहाँका मगरहरूमा छ । देशमा बढ्दै गैरहेको शिक्षित वेरोजगारी र परम्परागत रूपमा जरो गाडेको लाहुरे सँस्कृति मुख्य कारक तत्व र अन्य विविध सामाजिक–साँस्कृतिक आदि कारणहरूले गर्दा गुणात्मक शैक्षिक जागरण अहिले सम्म मगर जातिमा आएको छैन । सो अनुरूप तनहुं जिल्लामा पनि मगर जातिको अवस्था

पिछडिएकै रहेको छ । संख्यात्मक रूपमा यहाँ मगरको जनसंख्या लगभग ३०% रहेता पनि जिल्लाव्यापी पहुँच ज्यादै न्यून छ ।

वि.सं.२०११/१२ साल देखि विभिन्न शहरहरूमा बसोबास गर्ने मगरहरूको जमघट र भेटघाटको र प्रयास स्वरूप हाल नेपाल मगर संघ एक छाता सँगठनको रूपमा क्रियाशील रहेको छ । मगर संघ सँगठित गर्ने सिलसिलामा तनहुँका मगरहरू एकदेव आले मगर, श्री प्रसाद बुढाथोकी अग्रज हुन् जसका कारण वि.सं. २०१४ मा तनहुँमा मगर सुधार समिति गठन, वि.सं.२०३९मा दमौलीमा लाङ्घाली संघको प्रथम ऐतिहासिक महाधिवेशन गर्न सफल भयो । त्यस्तै सँगठनलाई योगदान दिने र मगर उत्थानमा सक्रिय पहल गर्ने तनहुँका सम्झनु पर्ने व्यक्ति शिव लाल थापा मगर पनि हुनुहुन्छ ।

अर्को सम्झनु पर्ने कुरा वि.सं. २०२४ सालमा तनहुँको सदरमुकाम वन्दिपूरबाट दमौलीमा सार्ने कार्यमा प्रमुख भूमिका माननीय गञ्जसिंह आलेको थियो । फाट्टफूट्ट रूपमा विभिन्न समयमा केही मगरहरूले ठूलासाना भूमिकाहरू निभाएको रेकर्डहरू भेटिन्छन् तथापि यो अति न्यून छ ।

राष्ट्रिय जनगणना २०५८ अनुसार मगरहरूको जनसंख्याको स्थिति तनहुँ जिल्लाका विभिन्न गाउँ विकास समितिहरूमा यस प्रकारको रहेको छः–

**तालिका नं. १**

| क.सं. | गा.वि.स. | जम्मा जनसंख्या | मगर जनसंख्या | प्रशित(% ) | स्थान |
|---|---|---|---|---|---|
| १. | आंवुखैरेनी | १२८६५ | ३४९५ | २७.१६ | प्रथम |
| २. | अरुणोदय | ६१०३ | ३४६७ | ५६.४ | प्रथम |
| ३. | वैदी | ४९६६ | ३१५८ | ६३.५९ | प्रथम |
| ४. | वन्दिपुर | ४०३३ | ३९६ | १९.११ | दोश्रो |
| ५. | वरभञ्ज्याङ्ग | ६०१६ | ७५८ | १२.५९ | तेश्रो |
| ६. | वसन्तपुर | ४०३३ | ३९६ | ९.८१ | तेश्रो |
| ७. | भानु | १२५४० | ११०८ | ८.८३ | छैठौं |
| ८. | भानुमति | ५६३० | २२१९ | ३९.४१ | प्रथम |
| ९. | भीमाद | ६१४५ | १२३१ | २०.०३ | दोश्रो |
| १०. | भिर्कोट | ५२९१ | ३०३४ | ५७.३४ | प्रथम |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | व्यास न.पा. | २८२४५ | ३८९६ | १३.७९ | दोश्रो |
| १२. | छाङ्ग | ६३३७ | २३७९ | ३७.५४ | प्रथम |
| १३. | छिम्केश्वरी | २२९५ | २६४ | ११.५ | तेश्रो |
| १४. | छिपछिपे | २६७२ | १४४३ | ५४ | प्रथम |
| १५. | चोकचिसापानी | ४५२७ | २५४ | ५.६१ | सातौं |
| १६. | देउराली | ३३२९ | ३४९ | १०.४८ | तेश्रो |
| १७. | देवघाट | ७६२० | १४२५ | १८.७ | तेश्रो |
| १८. | धरमपानी | ३९१४ | ३६९ | ९.४२ | तेश्रो |
| १९. | ढोरफिर्दी | ११७३६ | १८६३ | १५.९५ | तेश्रो |
| २०. | दुलेगौंडा | १०३६३ | १८०९ | १७.४३ | दोश्रो |
| २१. | फिरफिरे | ४२७३ | १३३ | ३.११ | सातौं |
| २२. | गजरकोट | ६४३३ | २०२० | ३१.४ | प्रथम |
| २३. | घांसीकुवा | ७५७५ | १५११ | १९.९४ | तेश्रो |
| २४. | जामुनेभञ्ज्याङ्ग | ९५६५ | २८६६ | २९.९६ | प्रथम |
| २५. | काहुँशिवपुर | ८०६६ | ६०६४ | ७५.१७ | प्रथम |
| २६. | केशवटार | ५४२३ | ३३०३ | ६०.९ | प्रथम |
| २७. | खैरेनीटार | ८६६८ | २०७८ | २३.९७ | प्रथम |
| २८. | किहुं | ४३८२ | १४५७ | ३३.२४ | प्रथम |
| २९. | कोटा | ४१८८ | १७०७ | ४०.७५ | दोश्रो |
| ३०. | कोटदरबार | ६३४६ | ५०५८ | ७९.७ | प्रथम |
| ३१. | क्यामिन | ६१९५ | ४०९ | ६.६ | पांचौं |
| ३२. | माझकोट | ७९२१ | ४४०० | ५५.५४ | प्रथम |
| ३३. | मनपाङ्ग | ७४६८ | २०५१ | २७.५ | प्रथम |
| ३४. | पोखरीभञ्ज्याङ्ग | ४०८२ | १७२४ | ४२.२३ | प्रथम |
| ३५. | पुर्कोट | ७२५६ | २०६ | २.५३ | आठौं |
| ३६. | राइपुर | ४९०८ | ६३० | १२.८३ | तेश्रो |
| ३७. | रम्जाकोट | ४६०८ | २०३५ | ४४.१६ | प्रथम |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८. | रिसिङ्गरानीपोखरी | ४१७७ | १७२५ | ४१.२९ | प्रथम |
| ३९. | रिस्टी | २५६० | ९ | ०.३५ | तेह्रौं |
| ४०. | रूपाकोट | ४६४७ | ७६ | १.६३ | आठौं |
| ४१. | सतिस्वांरा | ४८०४ | १८० | ३.७४ | आठौं |
| ४२. | साभुङ्भगवतीपुर | ७९७९ | ५१९२ | ६५.०७ | प्रथम |
| ४३. | घिरिङ्गसुन्धारा | ७४७१ | ३७३२ | ४९.९५ | प्रथम |
| ४४. | श्यामघा | ५६४१ | ५०० | ८.८६ | तेश्रो |
| ४५. | तनहुंसूर | ३२६२ | ४९९ | १५.२९ | तेश्रो |
| ४६. | थप्रेक | ३६७४ | १८९ | ५.१८ | छैठौं |
| ४७. | मिरलुङ्ग | ६९१४ | ४०७ | ५.८८ | चौथौं |
| | जम्मा | ३१६१२७ | ८३१९३ | २६% | प्रथम |

स्रोत : राष्ट्रिय जनगणना, २०५८ ।

संविधानसभाको राज्य पुनर्संरचनासमितिको प्रस्तावित मसौदा अनुसार मगराँत राज्य अन्तर्गत तनहुँ जिल्लाका १२ वटा गा.वि.स. हरूलाई पारिएको छ । ती हुन्- अरुणोदय गा.वि.स.(६६.४प्रतिशत), वैदी गा.वि.स.(६३.५९प्रतिशत), भिर्कोट गा.वि.स.(५७.३४प्रतिशत), गजरकोट (३१.४प्रतिशत), काहुँ शिवपुर गा.वि.स.(६५.१७ प्रतिशत), किहुँ (३३.२४ प्रतिशत), कोट दरवार(७९.७ प्रतिशत), माझकोट गा.वि.स.(५५.५४प्रतिशत), राम्जाकोट गा.वि.स( ४४.१६ प्रतिशत), रिसिङ रानी पोखरी(४१.२९ प्रतिशत), सामुङ भगवती पुर(६५.०७ प्रतिशत) र घिरिङ सुन्धारा(४९.९५ प्रतिशत) मगर छन् ।

## २.४ भिमाद गा.वि.स. र माझकोट गा.वि.स.को संक्षिप्त परिचय

### भिमाद गा.वि.स

तनहुँ जिल्लाको दक्षिणी पश्चिम मध्य पहाडी क्षेत्रमा अवस्थित भिमाद गा.वि.स.को पूर्वमा सेती नदी तथा छाङ गा.वि.स., उत्तरमा क्याङ्दी खोला तथा ढोर फिर्दी, पश्चिममा भानुमती र दक्षिण पश्चिममा माझकोट र अरुणोदय रहेका छन् । स्याङजा जिल्लाका चार पाँच वटा गा.वि.स. हरू चित्रेभञ्ज्याङ, क्याक्मी, चिसापानी, चिन्नेबास आदि पाल्पा, रामपुर, डेडगाउँ, नवलपरासीको परासी लगायत तनहुँका दर्जनौ गा.वि.स.हरू बाट पृथ्वीराजमार्ग

सम्म निस्कने नाकाको रूपमा रहेको भिमाद बजार यस गा.वि.स. को प्रमुख बजारको रूपमा विकसित भैरहेको छ । खास गरेर यसको दक्षिण पश्चिम भेगका उक्त ठाउँहरूका बासिन्दाहरूको विभिन्न उद्देश्यले जमघट हुने थलोको रूपमा विकसित भएको भिमाद बजारमा शहरीकरणको प्रभाव द्रुत गतिमा अगाडि बढेको छ। भिमादबाट मुख्य दुई मार्गहरू भिमकाली र श्रृंग पथका साथै साना सडकहरू विभिन्न गाउँहरूसम्म जाने माकुराको जालो झैँ सडक विस्तार भैरहेको छ ।

शिक्षा, स्वास्थ्य, यातायात, संचार, सुरक्षा तथा भौतिक सामग्री किनमेल केन्द्र आदिको लागि भिमाद बजार यस क्षेत्रको केन्द्रको रूपमा विकसित भएको छ ।

ऐतिहासिक किम्वदन्ती अनुसार महाभारतकालमा भीमले बनाएको बाँधबाट भीम वाँध र पछि भिमाद नाम रहन गएको जनश्रुति रहेको छ। यस क्षेत्रका अधिकांश ठाउँहरूको नाम मगर भाषाबाट बनेकोमा भिमाद पनि कतै मगर भाषाकै कुनै शब्दबाट बनेको हो कि ? भन्ने जिज्ञासा भने अध्ययनकै विषय रहेको छ ।

भिमाद गा.वि.स.को क्षेत्रफल २३.८ वर्ग कि.मी वा कूल तनहुँ जिल्लाको ०.१५ प्रतिशत रहेको छ । जनगणना २०५८ अनुसार यहाँको कूल जनसंख्या ६१४५ वा तनहुँको जनसंख्याको ०.१९ प्रतिशत रहेको छ । शहरीकरणको प्रक्रियामा अगाडि बढेको हुँदा जनसंख्याको वृद्धि र संरचना तीव्र रूपमा परिवर्तन भै रहेको छ । तथापि हाल जनगणना २०५८ को आधारमा ब्राह्मणहरूको संख्या करिव ३० प्रतिशत प्रथम स्थानमा र मगरको जनसंख्या करिव २० प्रतिशत दोस्रो स्थान रहेको छ भने बाँकी ५० प्रतिशत जनसंख्यामा नेवार, सार्की, कामी, दमै, गुरुङ्ग, क्षेत्री, भुजेल, थकाली आदि रहेका छन् ।

धर्मका हिसाबले हिन्दु, बौद्ध, मस्लिम र क्रिश्चियन धर्मावलम्वीहरू रहेका छन् । आर्थिक रूपमा कृषि पेशा नै प्रमुख छ । फलफूल खेतीमा सुन्तला, केरा, कागती तथा तरकारी खेतीप्रति पनि भीमाद बजार आसपासका ठाउँहरूको आम्दानीका स्रोत हुन् । भिमाद बजारमा व्यापार व्यवसाय तथा सेती नदीको ढुंगा, गिटी, बालुवाको उपलब्धताले गर्दा एग्रिगेट कारखाना, ब्लक कारखानाहरू पनि संचालित छन् । गाउँका वासिन्दाहरू प्राय खेती किसान वैदेशिक रोजगार, साना ठूला पसल व्यवसाय तथा यातायात व्यवसायमा आवद्ध रही जिविकोपार्जन गरेका छन् । आधा दर्जन सहकारी संस्था तथा बैंकहरूको संचालन रहेको यस भिमाद बजारमा केही युवालाई रोजगारीको अवसर प्रदान गरेको छ ।

शैक्षिक रूपमा यही भिमादमा हजारौ विद्यार्थी सरकारी स्कूल तथा वोर्डिङ्ग स्कुल र बहुमुखी क्याम्पसको रूपमा संचालन भएको जनज्योति क्याम्पसमा अध्ययनरत छन् ।

भिमादमा बसोबास गर्ने मानिसहरूले बदलिदो राजनीतिक, सामाजिक, आर्थिक परिस्थितिहरू प्रति सचेत र सजग भई यस आसपासका स्थानीय क्षेत्रहरूको र व्यक्तिहरूको विकास र प्रगतिको अगुवाई गर्न हरदम प्रयत्नशील देखिन्छन् ।

गाउँहरूमा भन्दा बजारमा बसोबास गर्ने मानिसहरू आर्थिक रूपमा अलि सम्पन्न र केही फुर्सदिला भएकाले विभिन्न सामाजिक तथा राजनितिक कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाएको पाइन्छ । आ-आफ्नो जातीय सँगठनहरूको गठन र एकताको प्रयास गरेको पाइन्छ । मगर संघ, गुरुङ्ग समाज, नेवार समाज, थकाली समाज र हाल ब्राह्मण समाज गठन भई सक्रिय रहेको अवस्था छ ।

राजनीतिक रूपमा प्रजातन्त्र स्थापना २००७ साल पछि पञ्चायत काल सम्म भिमाद र माझकोट गा.वि.स.को राजनीतिक प्रभाव विशेषत स्व. पदम बहादुर आले परिवारको थियो । माझकोट गा.वि.स. वडा नं. ९ मिछुर्लुङ्ग निवासी स्व. पदम बहादुर आले पूर्व जिमुवाल, वि.स. २०१५ सालको काँग्रेस सांसद र प्रजातन्त पूनर्वहाली पश्चातको वि.सं. २०४८ को चुनावमा नेपाली काँग्रेस पार्टीका पराजित उमेदवार थिए । भिमादमा पनि उनको राम्रो प्रभाव थियो । तर भिमाद गाउँ पञ्चायत (पञ्चायत काल) मा भने राजावादी प्रधान पञ्च यज्ञ नारायण सुवेदीको २५ वर्षे एक छत्र प्रधानत्व थियो । बहुदलिय व्यवस्थाको पुनर्वहाली २०४६ पछि पनि उही यज्ञ नारायण सुवेदी र पछि एमालेका काजीमान श्रेष्ठ गा.वि.स अध्यक्ष भएका थिए । पञ्चायत कालमा उपप्रधान पञ्चको रूपमा कूल बहादुर थापाले पनि धेरै समय काम गरेका थिए ।

अहिले विभिन्न विकासको पूर्वाधारहरूको जग आरम्भको स्थतिमा रहेको भिमादमा स्तरीय विकासको प्रतिक्षामा भिमाद वासीहरू रहेका छन् ।

**माझकोट गा. वि.स.**

भिमाद गा.वि.स.को दक्षिण भेगमा अवस्थित र भिमाद बजारसँगै जोडिएकोले भिमाद बजारको पहिलो प्रभाव माझकोट गा.वि.स.मा पर्दछ । भिमाद र माझकोट बीच आर्थिक, सामाजिक र राजनीतिक आदि रूपले नजिकको सम्बन्ध छ ।

माझकोट गा.वि.स.को क्षेत्रफल ५०.४१ वर्ग कि.मी वा तनहुँ जिल्लाको ०.३२ प्रतिशत भूभाग ओगटेको छ । यहाँको जनसंख्या ८०४० वा तनहुँको कूल जनसंख्याको

०.२५ प्रतिशत रहेको छ । यहाँ मगरको जनसंख्या सब भन्दा धेरै ५५.५४ प्रतिशत रहेको छ । त्यस पछि गुरुङ्ग, नेवार, कामी, दमै, सार्की, बाहुन, कुमाल आदि जाति छन् । विकासको छिटाको रूपमा कृषि सडकहरू, श्रृंग पथले वडा नं. ७, ८ र ९ लाई छोएको छ जल विद्युत वितरण वडा नं. ७, ८ र ९ सम्म पुगेको छ । यहाँका मानिसहरूको मूल पेशा कृषि नै रहेको छ । मानव विकासको आधारमा विश्व इतिहासको मध्य युग समान रहेको यस गा.वि.स पनि आम नेपालका दुर्गम ठाउँहरूकै स्थितिमा छ । अन्य व्यवसायको रूपमा वैदेशिक रोजगार र गोरखा सेना नै यहाँका मानिसहरूको आम्दानीको मेरुदण्ड हो ।

सरकारी निकायको रूपमा केही प्राथमिक विद्यालयहरू, निम्न माध्यमिक विद्यालयहरू र एउटा प्रस्तावित माध्यमिक विद्यालय संचालनमा रहेको यस गा.वि.स. मा युवाहरू अडिने कुनै पनि आर्थिक संरचनाहरूको स्थापना भएको छैन । समग्रमा कक्षा १० सम्मको दुखजिलो अध्ययन र विदेश पलायन नै यहाँको युवाहरूको नियति भएको छ । माध्यमिक विद्यालयको  स्थापनाले एस.एल.सी सम्म उत्तीर्ण गर्नेको जमात र ११ /१२ सम्म पढौं भनेर बजारतिर झर्नेको संख्या भने बढ्दो छ ।

राजनीतिक रूपमा उही स्व. पदम वहादुर आलेको जिमुवाल काल देखि २०६२/०६३ सम्म यस गा.वि.स.मा प्रभाव रहेको थियो । स्व. पदम बहादुर आले कै सहोदर भाई विष्णु विर आले पनि राजनीतिमा सक्रिय थिए । पंञ्चायत कालमा राष्ट्रिय पञ्चायत सदस्यको लागि जनपक्षिय उमेदवार रहेर पराजित भएका थिए र पछि जिल्ला पञ्चायत सभापति भएका थिए । प्रजातन्त्रको पुनर्स्थापना पछि २०५१ को चुनावमा पनि उनी नेपाली काँग्रेसका पराजित उमेदवार भएका थिए ।

माझकोट गा.वि.स. को हकमा स्व. पदम बहादुर आलेकै ज्वाइँ माझकोट गाउँ पञ्चायत वडा नं १ का स्व. देउ बहादुर राना धेरै वर्ष सम्म प्रधान पञ्चका रूपमा कार्य गरेका थिए । त्यस पछि उनकै आफन्त डम्बर सिंह राना भएका थिए । त्यस पछि प्रजातन्त्रको पूनर्स्थापना पश्चात उनकै खलक क्या. मन बहादुर राना यस गा.वि.स.का अध्यक्षका रूपमा लामो समय सम्म काम गरेका थिए । यसरी परम्परागत शासकीय परिवारबाटै यो गाउँ शासित हुँदै आएको छ । समग्रमा माझकोट गा.वि.स. मूलत सर्वपक्षीय रूपमा पिछडिएको अवस्थामा छ र विकासको सुनौलो विहानीको पर्खाईमा छन्  यहाँका जनताहरू पनि ।

# परिच्छेद : तीन

# संघीयता र समावेशी लोकतन्त्र

## ३.१ संघीयताको परिचय

संघीयतालाई विभिन्न अर्थ र आयामले परिभाषित गरिएता पनि यसको मूल आधार राज्य शक्ति र स्रोतको बाँडफाँडमा राजनीतिक र संवैधानिक गठजोड हो । यसलाई अर्को अर्थमा शक्तिको विकेन्द्रीकरण वा हस्तान्तरणका रूपमा पनि बुझ्न सकिन्छ । “सामान्यतया राज्यको स्रोत, साधन एवं निर्णय निर्माणको सत्तामा कम्तिमा दुई तहका राजनीतिक ईकाइहरू मार्फत जनताको शासनमा सहभागिता हुनु नै संघीयता हो” (बराल, २०६६ : ८६) । एकात्मक राज्य प्रणालीको ठिक विपरीत संघात्मक राज्य प्रणाली हो । संघीय शासन प्रणालीमा राज्यशक्तिका स्रोतहरू केन्द्र र राज्य सरकार बीच विभाजित रहन्छन् । केन्द्र र राज्यसरकार दुवैको स्रोत संविधानलाई मानिन्छ । राज्य सरकार र केन्द्र सरकार एक अर्कामा आश्रित नभई आफ्ना-आफ्ना अधिकार स्वतन्त्र रूपमा प्रयोग गर्दछन् । अधिकारलाई संविधानद्वारा नै स्पष्टरूपमा व्यवस्था गरेको हुन्छ । नागरिकहरू केन्द्र तथा राज्य सरकार दुवै प्रति समान निष्ठा राख्दछन् । संघीयता भन्नाले राज्यसत्ताका हक र दायित्वहरू केन्द्रमा मात्र सीमित नगरेर इकाईहरूमा बाँडचुँड गर्नु हो । संक्षेपमा भन्दा संघीयता भनेको राज्यको सत्ताको बाँडफाँड हो । वास्तवमा संघीयतामा एकाईहरूले संघको लागि भनेर दिएका राज्यसत्ता सम्बन्धी हक र दायित्वबाहेक अरु सबै हक दायित्वहरू तल्ला इकाईहरू प्रदेश/राज्य र स्थानीय निकायमा रहेका हुन्छन् । विशेष गरी परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा, मौद्रिक र वित्तिय नीतिसम्बन्धी अधिकार र दायित्वलाई केन्द्रीय सरकारको जिम्मामा छाडिएको हुन्छ । त्यसवाहेक शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, व्यापार, जलबिद्युत, सामाजिक सुरक्षा, प्राकृतिक स्रोत साधनको प्रयोग तथा स्थानीय विकासबारे निर्णय गर्न अधिकार इकाई, प्रदेश/राज्य सरकारलाई हुन्छ । यसरी हेर्दा संघीयता भनेको संघ र इकाईहरूले सहमति र सम्झौताद्वारा सत्ता बाँडचुड गरेर शासन गर्ने पद्धति हो । यसरी “संघीयता भनेको संघ र एकाईहरूको साझेदारी शासन हो” (Amoretti and Nancy, 2004:46) । अंग्रेजी शब्द Federalism को नेपाली रूपान्तरण संघीयता हो । अंग्रेजी शब्द Federalism ग्रीक भाषाको 'Foedus' भन्ने शब्दबाट आएको हो । जसको अर्थ सन्धि सम्झौता वा

विश्वास भन्ने हुन्छ । यसरी शब्द उत्पतिका दृष्टिकोणले हेर्दा सन्धि सम्झौताद्वारा निर्मित राज्य प्रणालीलाई संघीय प्रणाली भनिन्छ । अर्थात आपसी विश्वासद्वारा एक आपसमा राज्यहरू आवद्ध भै निर्मित राज्यलाई नै संघीय राज्य भनिन्छ (भण्डारी, २०६५:०२) । अर्को शब्दमा भन्ने हो भने संघीयता भनेको स्वशासन र स्वायत्तता हो । स्वशासन भन्नाले आफ्नो शासन स्वयंले गर्नु भन्ने बुझिन्छ भने स्वायत्तता भन्नाले कसैको दबाबमा नपरी स्थानीय निकायहरू आफ्नो निर्णय बमोजिम चल्न सक्ने अवस्थालाई बुझाउँदछ (श्रेष्ठ, प्रकाशन वर्ष उल्लेख नभएको : २४-२५) । संवैधानिक दृष्टिकोणबाट हेर्दा संघीयता भन्नाले संविधानद्वारा केन्द्र र राज्य सरकार बीच शक्तिको समान वितरणद्वारा व्यवस्थित गरिएको शासन प्रणाली भन्ने बुझिन्छ । संघीय व्यवस्थामा कुनै पनि राज्य वा केन्द्र सरकार एकको इच्छाबाट संवैधानिक व्यवस्थामा परिवर्तन गर्न सकिदैन । संवैधानिक व्यवस्थामा परिवर्तनका लागि राज्यसरकारहरू र केन्द्र सरकार दुवै सहमत हुनु पर्दछ भने राज्य सरकारको शक्ति पूर्णरूपमा समाप्त भएर जाँदैन (भण्डारी, २०६५:४) । केन्द्र सरकारले नै राज्य सरकारको सृजना गर्दछ । संविधानमा व्यवस्था गर्दा राज्य सरकार र केन्द्र सरकार बीच शक्तिको बाँडफाँड गरिएको हुन्छ । राज्य सरकारहरू आंशिक रूपमा स्वतन्त्र रहन्छन् । दुई सरकार, दुई व्यवस्थापिका, दुई प्रशासन, सर्वोच्च अधिकार सम्पन्न र स्वतन्त्र न्यायप्रणाली संघीय व्यवस्थाका विशेषता हुन् (Sharma, 1979:116)। एक संघमा आवद्ध राज्यहरू बीच आपसी विश्वास रहँदासम्म संघीय व्यवस्था कायम रहन्छ । अतः संघीय व्यवस्थालाई केन्द्रीकृत, एकात्मक र शक्तिशाली सरकारको विपरीत अर्थ राख्ने एक भन्दा बढी सरकारी संयन्त्र परिचालन वा संचालनमा रहने व्यवस्था हो भन्न सकिन्छ ।

माथिको विश्लेषणबाट यो स्पष्ट हुन्छ, संघीय शासन प्रणाली राष्ट्रिय एकता र प्रान्तीय स्वायत्ततावीच सामन्जस्यता स्थापित गर्ने उपयुक्त माध्यम हो । जुन व्यवस्थामा केन्द्रीय र राज्यगरी दुई तहका सरकार हुने र उनीहरूको अधिकार क्षेत्रको बारेमा संविधानद्वारा नै प्रष्ट रूपमा विभाजन गरिएको हुन्छ । संघीय व्यवस्थाले जनतालाई स्थानीय स्तरमै राजनीतिक प्रशिक्षण गर्दछ र तल्लो तहको स्थानीय स्तरमा नागरीकलाई राज्यको उपस्थिति देखाउन सफल रहन्छ । एकात्मक राज्य व्यवस्थाको कमजोरीहरूको अन्त्य गरी सहभागी र समावेशी मुलुक शासन व्यवस्थाको अनुभव आम नागरीकलाई दिन सफल रहन्छ । यस किसिमको शासन व्यवस्थाको माध्यमबाट विश्व एक राज्यको परिकल्पना गर्न सकिन्छ (भण्डारी, २०६५:०७) । यसरी केन्द्रीय सरकार भन्दा तल्लो तहका सरकारहरूले

निश्चित अधिकारहरू अभ्यास गर्न पाउने र त्यस्ता अधिकारको संवैधानिक रूपमा सुनिश्चितता गर्दै स्थानीय सरकारलाई केन्द्रीय सरकारमा भर पर्न नपर्ने व्यवस्था सहित स्वनिर्णयको अधिकार प्राप्त राज्य प्रणाली नै संघीय प्रणाली हो । त्यसैगरी सरकारलाई राष्ट्रिय र क्षेत्रीय ठाडो विभाजन सहित विभिन्न दायित्व सुम्पने शासन पद्धतिलाई संघीय शासन पद्धति भनिन्छ । अर्थात् संघीय शासन पद्धतिमा राज्य सरकारको केन्द्रीय सरकारसँग शक्तिको बाँडफाँड हुन्छ र सरकारको शक्ति बाँडफाँडबाट अर्ध स्वतन्त्र क्षेत्रीय सरकारको स्थापना हुन्छ । केन्द्रीय, प्रान्तीय वा स्थानीय सरकार संघीय पद्धतिका संरचनाहरू हुन् (ज्ञवाली, २०६४:३) ।

यसरी विभिन्न दृष्टिबाट संघीय व्यवस्थाको बारेमा अध्ययन गरेपछि स्पष्ट हुन्छ, संघमा राज्यहरू आवद्ध भैसकेपछि सामान्यतः त्यसबाट आफ्नो सदस्यता अन्त्य वा फिर्ता गर्न सक्दैनन् । निरन्तर संघका अंगको रूपमा रहन्छन् । संघीय शासन प्रणालीमा संविधानको सही संरक्षण र कार्यान्वयन गराउनका लागि सर्वोच्च र स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरिएको हुन्छ । राज्यहरू बीच तथा केन्द्र र राज्य सरकार बीच उत्पन्न विवादको अन्तिम टुङ्गो लगाउने अधिकार यही न्यायपालिका माथि हुन्छ । संघीय व्यवस्थामा दुई स्तरका सरकार रहन्छन् । आ-आफ्नो अधिकार र कर्तव्यको पालना पूर्णरूपले गरेका हुन्छन् । आ-आफ्नो अधिकार प्रयोग गर्नका लागि स्वतन्त्र र स्वायत्त रहन्छन् । केन्द्रीय सरकारको कार्य क्षेत्र सम्पूर्ण देश रहन्छ भने राज्य सरकारहरूको क्षेत्र आफूसँग पहिले देखि वा संघ निर्माणको समय देखि केन्द्र सरकारले तोकिदिएको निर्धारित क्षेत्र हुन्छ, जुन केन्द्र सरकारको कार्यक्षेत्र भन्दा सानो हुन्छ । यसरी संघीय शासन पद्धति एक प्रकारको समझदारी एवं प्रतिवद्धताको शासन पद्धति हो । जहा केन्द्र, राज्य, भौगोलिक क्षेत्रमा आत्मनिर्णयको अधिकार अन्तर्गत हरेक तहमा निर्णय अन्तिम हुने विश्वास गरीन्छ । त्यसर्थ यस पद्धतिलाई निर्णयको अन्तिमताको सिद्धान्त पनि भन्न सकिन्छ (ज्ञवाली, २०६४:४) । संघीय शासन व्यवस्थामा केन्द्र सरकार र राज्य सरकार तथा अन्य आवश्यकता अनुरूप स्थानीय सरकारहरू हुने गर्दछन् ।

विश्वमा हाल विश्व जनसंख्याको ४० प्रतिशत जनता रहेका २८ वटा मूलुकहरूमा संघीय शासन व्यवस्था संचालनमा रहेको छ । कतिपय मुलुकहरू संघीय हुने क्रममा रहेका छन् (एन्डरसन, २०६४:१) । अर्जेन्टीना, अस्ट्रेलिया, अष्ट्रिया, बेलाउ, बेल्जियम, बोस्निया, हर्जगोभिना, ब्राजिल, क्यानडा, कोमोरोस, लोकतान्त्रिक गणतन्त्र कङ्गो, भेनेजुएला,

इथियोपीया, जर्मनी, भारत, संयुक्त राज्य अमेरीका, इराक, मलेसिया, मेक्सिको, माइक्रोनेसिया, नाइजेरिया, पाकिस्तान, रुस, सेन्ट किट्स एण्डनेभिस, दक्षिण अफ्रिका, स्पेन सुडान, स्विट्जरल्याण्ड र संयुक्त अरब इमिरेटस गरी कूल २८ मूलुकहरूमा संघीय व्यवस्था विद्यमान रहेको छ (www.org/wiki/image:federal-states)। संघीय व्यवस्था अंगाल्ने मुलुकहरूले राज्य सरकारलाई भिन्न-भिन्न नामबाट नामकरण गरिएको वा सम्बोधन गरेको पाइन्छ। संघीय प्रणालीका इकाईहरूलाई अस्ट्रेलिया, ब्राजिल, इथियोपिया, भारत, मलेसिया, मेक्सिको, नाइजेरिया र संयुक्त राज्य अमेरिकामा राज्य भनिन्छ। अर्जेन्टिना, क्यानडा, पाकिस्तान र दक्षिण अफ्रिकामा प्रान्त भनिन्छ र अष्ट्रिया, जर्मनीमा लेन्डर, स्विट्जरल्याण्डमा क्यान्टोन र बेल्जियम तथा स्पेनमा क्षेत्रहरू तथा स्वायत्त समुदाय भनी सम्बोधन गर्ने गरेको पाइन्छ (एण्डरसन, २०६४:४)।

संघीय शासन व्यवस्था अङ्गालेका २८ मुलुकहरू मध्ये वेल्जियम, इथियोपिया र स्पेन एकात्मक शासन व्यवस्था छाडेर संघीय व्यवस्था अँगालेका मुलुकहरू हुन्। त्यसैगरी बोस्निया-हर्जगोभियना, लोकतान्त्रिक गणतन्त्र कंगो, इराक, सुडान, र दक्षिण अफ्रिकाको देशमा विद्यमान द्वन्द्व पछाडि संघीय शासन प्रणली अपनाएका थिए (एन्डरसन, २०६४:१)। विश्व समुदायमा ठूलो क्षेत्र ओगटेका तथा धेरै जनसंख्या भएका प्रायः सबै लोकतान्त्रिक संघीय प्रणालीको स्थापना सँगसँगै अर्जेन्टिना, ब्राजिल र मेक्सिको बढी भन्दा बढी संघीय व्यवस्थाका विशेषता (प्रत्याभुत) अपनाउन प्रयासरत छन्। संघीय व्यवस्थामा नगएको भएपनि संघीय व्यवस्थाका अधिकतम विशेषताहरू युरोपेली संघमा पाउन सकिन्छ (एन्डरसन, २०६४: १)।

## ३.२ संघीय शासनको अवधारणा

फ्रेन्च शहर इमडेनलाई स्वतन्त्र मूलभूत उद्देश्यका लागि सर्वप्रथम सन् १६०३ मा जोहान्सले संघीय अवधारणा ल्याएका थिए (ज्ञवाली, २०६४:४)। जोहान्सको यो विचार तत्कालीन नेताहरूको अत्याचारी शासनको विरुद्ध थियो। उनको यो विचार शासकले गर्ने गलत कामको विरोध गर्न पाउने अधिकारका लागि संघर्ष गरीरहेका काल्मिनिष्ट र हुग्यनट्यहरू को विचारबाट प्रभावित भएर आएको पाइन्छ (Wheare, 19551:68)। सन् १६६१ मा लडोल्फहुगोले रोमन साम्राज्य जस्ता विभिन्न समूहमा रहेका राज्यहरूलाई विकेन्द्रित एकात्मक बनाउन दुइवटा सरकार क्षेत्रीय शक्ति विभाजनको सिद्धान्त सहित

पहिलो पटक संघीय व्यवस्थाका लागि प्रारूप प्रस्तुत गरे भने सोही अनुरूप केन्द्रीकृत एकात्मक रोम एम्पाएर दुईवटा सरकार र क्षेत्रीय शक्ति विभाजन सहितको संघात्मक संरचनामा परिणत हुन पुग्यो (ज्ञवाली, २०६४:४) ।

मन्टेस्क्युले सन् १७४८ मा अधिकारको दुरूपयोगबाट बच्नका लागि र स्वतन्त्रता सहितको आदर्श राज्य प्राप्त गर्नका लागि महासंघीय संरचनाको अवधारणा अघि सारे । यस सिद्धान्तमा अधिकार विभाजन खास कुराहरूमा एकरूपता, पहिचान र बलिदान सहित साना-साना राज्यहरू मिलेर संघीय राज्य बन्दछ । जसमा स-साना समूहहरूसँग अरु राज्यको आक्रमणबाट बच्ने मुलभूत उद्देश्य हुन्छ । यसका लागि अलग हुने अधिकार समेत सुरक्षित रहन्छ । संघीय सिद्धान्त अनुरूप एक राज्यले अर्को राज्यलाई गर्ने हस्तक्षेपको विरुद्धमा पनि बोल्नु पर्दछ भनी संघीय अवधारणलाई अझै व्यवस्थित गर्ने काम मन्टेस्क्यूले गरेका छन् (कँडेल २०६३:७९) ।

डेबिड हाम ले सन् १७११-१७७६ को अवधिमा मन्टेस्क्यूको विचारसँग असहमति राख्दै साना राज्य ठिक भन्ने कुराको विरोध गरे । उनले सन् १७५२ मा “आइडिया अफ परफेक्ट कमन वेल्थ” (Idea of Perfect common wealth) नामक पुस्तक प्रकाशित गर्दै त्यस्तो संघीय संरचनाको वकालत गरे जसमा एकाई र केन्द्र दुवैले सरकार बनाउन सक्ने अधिकार सुनिश्चित भएको हुन्छ । त्यस्तै हुमले पनि एक अर्कामा जालझेल गर्ने र दुरासय राख्ने खुद्रा मसिना राज्यहरू भन्दा ठूला राज्यहरू हुनु उपयुक्त हुने विचार व्यक्त गरे (Strong, 1972:26) । अठारौ शताब्दीमा युरोपमा भएका विभिन्न राज्यहरू बीचको द्वन्द्व अन्त्य गर्नका लागि महासंघीय व्यवस्था हुनुपर्ने कुरा सेन्ट पियरको विचार माथि खण्डन गर्दै सबै मूल शक्तिहरू सदस्य हुनुपर्ने बनेका कानुन सबैले पालन गर्नुपर्ने एक राज्यको शक्ति भन्दा संयुक्त शक्ति बलियो हुनुपर्ने र अलग राज्य हुन दिन नहुने विचार व्यक्त गर्दै कुनै पनि परिवर्तनका लागि सबै सदस्यको बीचमा मतैक्य हुनुपर्ने कुरा अघि सारेका थिए (Sharma, 1979:12)।

सन् १७२४-१८०४ सम्मको पूरा  युरोप लडाँइको भुमरिमा परेका बेला इमान्युयल कान्टले पनि युरोपमा शान्तिको शर्तमा संघीय शासनको विचार यसरी प्रस्तुत गरेका थिए “यो संघले अरु राज्यले जस्तो शक्ति प्राप्त गर्ने उद्देश्य राखेको छैन, बरु अन्य महासंघीय राज्यहरूले जस्तै हरेक राज्यको स्वतन्त्रता रक्षा गर्न खोजेको छ । यसको अर्थ राज्यहरूले सबै अधिकार तथा शक्तिहरू हस्तान्तरण गर्नुपर्छ भन्ने पनि होइन” (कँडेल, २०६३:८०) ।

यसरी नै बेला जेम्स मेडिसन र अलेक्जेण्डर हेमिल्टनले संघात्मक संरचना अन्तर्गत राज्य र केन्द्रको बीचमा सन्तुलन ल्याउनुपर्ने कुरामा जोड दिँदै प्रेम, सम्मान र आदरमा आधारित संघीय राज्य हुनुपर्ने मत जाहेर गरे । त्यसैको प्रभावबाट सन् १७८१ मा ब्रिटिश शासन विरुद्ध लड्न १३ बटा अमेरीकी राज्यहरूले एउटा खुकूलो संघ बनाए, जसले कानुन लागुगर्ने, सुरक्षा गर्ने र अन्तर प्रान्तीय व्यापार बढाउने सहमति कायम गरेको थियो । यो व्यवस्था सन् १७८७ सेप्टेम्बर सम्म कायम रहयो । वास्तवमा J.S Mill ले संघात्मक संरचनाका लागि जातीय सहानुभूति, भाषाको सम्मान, साझा राजनीतिक एजेण्डा र एक अर्कामा कसैले नहेप्ने वातावरण हुनुपर्ने बताउँदै आ-आफ्नो कित्तामा छुट्टिएका मानिसहरू जो एकै ठाउँमा एउटै सरकार मुनि बस्न चाहँदैनन् । त्यस्तलाई लडाईबाट र आक्रमणबाट बचाउनको लागि संघीय राज्यको प्रस्ताव गरेका थिए (ज्ञवाली, २०६४:४) । मिलको विचारमा राज्यका एकाइहरू सुरक्षाको हिसाबले अरुको सहयोग विना चल्न सकोस् र अलग हुने इच्छा गरोस् तथा एक अर्को इकाई बीचमा कसैले कसैलाई हेप्ने स्थिति नहुनका लागि संरचनाले कमजोर राज्यहरूमा अलग हुने इच्छा नआउने अवस्था सिर्जना गर्दछ । लडाईको अन्त्य गर्दछ र आन्तरिक व्यापार प्रोत्साहित गर्ने स्थिति ल्याउँछ (कँडेल, २०६३:०८) । यिनै विभिन्न विद्वानद्वारा निर्देशित विचारद्वारा विकास भएको संघात्मक व्यवस्था प्रति विश्वसमुदाय मोहित हुँदै गएको छ । जसको परिणाम सन् १७८६ मा अमेरिकाबाट शुरु भएको संघीय व्यवस्था हाल विश्वका २८ बटा मुलुकमा स्थापित भैसकेको छ । कतिपय मुलुकहरू संघीय व्यवस्थामा परिवर्तन हुनका लागि छलफल र तयारी गर्दैछन् (एनडरसन् २०६४:२) ।

## ३.३ संघात्मकताको आवश्यकता

संघीय शासन व्यवस्था आधुनिक राज्य व्यवस्थाको रूपमा विकास भएको धारणा हो । यस व्यवस्थाको माग पनि दिनप्रतिदिन बढीरहेको छ । यो व्यवस्था लोकप्रिय पनि हुँदै गईरहेको छ । आखिर संघात्मक व्यवस्थामा के त्यस्ता गुणहरू छन् र यसको लोकप्रियता बढीरहेको छ वा भनौं किन दिन प्रतिदिन संघीय व्यवस्थाको आवश्यकता बढीरहेको छ ? यो एक मुल चासोको विषय हो । संघीय शासन व्यवस्था भनेको एकता भित्रको विविधता युक्त शासन पद्धति हो । जहाँ एकै राज्यभित्र विभिन्न प्रान्तीय राज्यसरकार सामेल रही स्वतन्त्र रूपमा आ-आफ्नो शासन संचालनको अवसर प्राप्त गरेका हुन्छन् । जुन देशमा जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक एकै ठाउँमा सघन रूपले बसोबास गरीरहेको र

तिनीहरूको ऐतिहासिक भुखण्ड पनि छुट्टिएको हुने हुन्छ त्यस्ता मूलुकहरूमा संघीय व्यवस्थाको माग अझ बढीरहेको पाईन्छ (तामाङ, २०६३:१५) ।

संघको उत्पत्ति हुँदैन, यसको निर्माण हुन्छ र संघ निर्माणका उद्देश्यहरू हुन्छन् । जुन मुलुकहरू भौगोलिक र जनसांख्यिकीय दृष्टिले अधिक ठुला मुलुकको रूपमा रहेको र धार्मिक, भाषिक, सांस्कृतिक, जातिगत तथा भौगोलिक विविधता युक्त मूलुकहरूमा विद्यमान एकात्मक र केन्द्रीकृत शासन व्यवस्थाले ती सबै भौगोलिक क्षेत्र, भाषा धर्म, संस्कृति र जनजाति सबैलाई समान रूपमा समेट्न र शासन व्यवस्थामा सम्मानजनक स्थिति दिन नसक्नु र सरकारी नीति निर्माणमा सिमित वर्ग र व्यक्तिको सहभागिता रहनु तथा अधिकांश जनता निर्णय प्रक्रियाबाट अनभिज्ञ रहनुले ती व्यक्ति, वर्ग, जातजाति, धर्म मान्ने मानिसहरूले पनि आफूहरूको शासन व्यवस्थामा सहभागिताको लागि संघीय संरचनाको आवश्यकता महसुस गरिएको हो (Gillilov,1983:64)।

स्थानीय स्तरमा हुने बजेट निर्माण, विकास निर्माण जस्ता कार्यमा स्थानीय जनसहभागितामा वृद्धि गरी केन्द्रको मुख  ताक्नुपर्ने प्रकृतिको अन्त्य गरी आफ्नो निर्णय आफैँ गर्ने वातावरण स्थानीय स्तरमा विकास र प्रवर्द्धन गर्नका लागि सबै भन्दा उपयुक्त माध्यम संघीय संरचनामा रूपान्तरित भै स्वतन्त्र स्थानीय सरकारको गठन र संचालन हो ( ज्ञवाली, २०६४:६७) । सानो भन्दा सानो काममा पनि केन्द्रले निर्णय गर्नुपर्ने परिस्थितिको अन्त्य गर्न केन्द्रीय सरकार माथिको बोझ घटाउन तथा स्थानीय नेतृत्वलाई उत्तरदायिपूर्ण बनाउनका लागि संघीय व्यवस्था सबैभन्दा उपयुक्त माध्यम हो । शासन व्यवस्थामा सबै वर्ग, क्षेत्र, समुदाय, जातजाति, धर्म, भाषा, संस्कृतिका मान्छेको समान सहभागिता प्रस्तुत गर्न र उनीहरूलाई शासन व्यवस्थामा आफ्नो पनि महत्वपूर्ण भूमिका रहेको महसुस गराउनका लागि संघीय व्यवस्था आवश्यक मानिएको हो । स्थानीय स्रोत साधनको स्थानीय विकासमै परिचालन गराउन र केन्द्रीय निर्भरता अन्त्य गर्नका लागि पनि संघीय व्यवस्था आवश्यक मानिन्छ । जुन स्थानीय नेतृत्व विकासको उपयुक्त माध्यम पनि हो । यसरी धार्मिक, भाषागत, जातिगत, सांस्कृतिक र भौगोलिक विविधता भएका मुलुकहरूका लागि संघीय शासन व्यवस्था अपनाउनु अन्यन्तै उपयुक्त मानिन्छ (थापा, २०६३) । यही व्यवस्थाले नै ती बर्ग र समुदाय सबैको शासन व्यवस्थामा सहभागिताको अवसर प्रदान गर्दछ । “जातिगत, भाषागत, धार्मिक, भौगोलिक रूपमा हुने विवादको अन्त्य गर्दै विविधतामा एकतावद्धभै अगाडि बढ्नका लागि मार्ग प्रसस्त गर्दछ । यसका अलवा संघीय राज्यहरूको

निर्माण विशेष गरेर आपसी सुरक्षा र व्यापारिक स्वार्थको रक्षार्थ अलग-अलग चाहना राखेर भएको देखिन्छ" (सुन्दर, २०६५:७२) । यसरी संघीय व्यवस्थामा जाने क्रममा सन् १२९१ मा बाह्य आक्रमणबाट बच्नका लागि तीन साना स्वतन्त्र राज्यहरू एक साझा संविधान निर्माण गर्दै एक महासंघमा आवद्ध भए र तिनको सफलता देखेर अन्य राज्य पनि मिल्न आएपछि सन् १८४८ मा एक नयाँ संविधान निर्माण गरी थप सुदृढ गर्दै स्विट्जरल्याण्ड संघीय संरचनामा प्रवेश गरेको थियो । सन् १७८६ मा संयुक्त राज्य अमेरिकाका १३ राज्यका प्रतिनिधिको फिलाडेल्फीया सम्मेलनबाट नयाँ संविधान निर्माण गरी एक सिङ्गो संघ निर्माण गरेका थिए । हाल यस संघमा ५० राज्य आवद्ध छन् । स्विट्जरल्याण्डमा २६ क्यान्टोनको संघीय राज्य हाल संचालनमा रहेको छ ।

## ३.४ संघ निर्माणको तरिका

विश्व राजनीतिको संघात्मक व्यवस्थालाई हेर्दा संघीय मुलुकहरू दुई तरिकाबाट संघीय संरचनामा आवद्ध भएको पाइन्छ ।

### ३.४.१ एक आपसमा आवद्ध हुने विधि (Method of coming together)

छुट्टाछुट्टै स्वतन्त्र राजनीतिक इकाईका रूपमा रहेका राज्यहरू समान उद्देश्य प्राप्त गर्नका लागि एक ठाउँमा आई बलियो राज्य बनाउने चाहनाले निर्माण भएका संघलाई एक आपसमा आवद्ध हुने विधिद्वारा निर्मित संघ वा एकत्रित हुन आएका संघ (Federation by aggregation) भनिन्छ । जस्तै संयुक्त राज्य अमेरिका, स्विट्जरल्याण्ड, मलेसिया आदि पहिले कुनै न कुनै रूपमा सार्वभौम अस्तित्वमा रहेका राज्यहरू आफूमा केही अधिकार राख्दै केही अधिकारमा साझेदारी गर्ने सहमतिका आधारमा संघीय संरचनामा आएका हुन्छन् । यिनको प्रमुख उद्देश्य आफू शक्ति सम्पन्न हुने रहन्छ (सुन्दर, २०६५) ।

### ३.४.२ एक आपसमा आवद्ध गराई राख्ने विधि (Method of holding togther)

विश्वका कतिपय देशहरू आफ्नो सामाजिक संरचना भित्र हुन सक्ने द्वन्द्वलाई रोक्न वा विभाजनमा जान लागेका भू-भागहरूलाई एकत्रित गराई राख्नका लागि संघीय संरचनामा रूपान्तरित हुने गर्दछन् । यस विधिलाई एक आपसमा आवद्ध गराई राख्ने विधिद्वारा निर्मित संघ वा एकत्रित राखिएका संघ (Federation by disaggregation)

भनिन्छ । जस्तै भारत, पाकिस्तान, क्यानडा, बेल्जियम, स्पेन आदि । विगतमा भएको केन्द्रीकृत र एकात्मक राज्य स्वरूपलाई भङ्ग गर्दै नयाँ राज्यहरूको सिमाना कोरिने काम यस प्रक्रियामा हुने गर्दछ । यसरी संघीय व्यवस्थामा जाने मुलुकको प्रमुख उद्देश्य आफ्नो सामाजिक संरचना भित्र हुन सक्ने द्वन्द्वलाई रोक्ने र सम्भावित विखण्डनबाट बच्ने रहन्छ । एक आपसमा आवद्ध हुने विधिबाट संघीय संरचनामा जानु भन्दा एक आपसमा आवद्ध गराई राख्ने विधिमा राज्यको सिमाङ्कन गर्ने र अधिकार तथा शक्तिको बाँडफाँड बृहत् छलफल र सहमतिद्वारा गरिनु पर्दछ । अन्यथा राज्य विखण्डनमा जाने संभावना बढी रहन्छ । नेपालले अवलम्बन गर्न खोजेको संघीय स्वरूप पनि यही विधिमा आधारित स्वरूप हो (बराल, २०६६) ।

## ३.५ संघीयताका आधारहरू

संघीय व्यवस्था अवलम्बन गर्ने मुलुकहरू मध्ये जुन मुलुकहरू एक आपसमा आवद्ध हुने (Coming Together) सिद्धान्तको आधारमा संघीय व्यवस्था अंगाल्छन्, ती मुलुकहरूमा संघ निर्माण गर्न कुनै समस्या रहँदैन किनकि यस विधिमा पहिलेनै कुनै न कुनै रूपमा सम्प्रभु सम्पन्न राज्यहरू नै आफ्ना केही अधिकारहरू संघलाई प्रदान गर्दै आवद्ध भएका हुन्छन् । तिनीहरूको लागि सिमाङ्कन गर्नु पर्ने हुँदैन, जसले गर्दा संघ निर्माणमा कुनै आधारको आवश्यकता पर्दैन । यसले गर्दा संघ निर्माण कार्य सहज हुने गर्दछ । यसका लागि कुनै निश्चित मापदण्ड खडा गर्नु पर्ने हुँदैन । संघात्मक व्यवस्था अंगाल्ने मुलुकहरू मध्ये जुन मुलुकहरू एक आपसमा आवद्ध गराई राख्ने (Holding Together) सिद्धान्त अनुरूप संघीय व्यवस्था अंगाल्न पुग्छन् ती मूलुकहरूमा संघ निर्माण कार्य गर्दा विभिन्न पक्ष माथि विचार पुऱ्याउनु पर्ने हुन्छ । यस पद्धतिबाट संघात्मक व्यवस्थामा जाने मुलुकहरू संघीय संरचनामा रूपान्तरित हुनु पूर्व यिनीहरूको शासकीय संरचना एकात्मक तथा केन्द्रीकृत हुन्छ । सबै कार्यको निर्णय अधिकार केन्द्रमा सिमित गरिएको हुन्छ । त्यस अर्थ देशमा विद्यमान शासन स्वरूपमा पुरै परिवर्तन गर्नु पर्ने हुन्छ । राज्य/प्रदेश निर्माणमा पुनः सिमाङ्कन गर्नुपर्ने हुन्छ । यसरी संघीय व्यवस्थामा जाने मुलुकमा संघ निर्माण गर्दा विभिन्न विषयमा ध्यान दिनुपर्ने हुन्छ र व्यापक छलफल गरी संघको निर्माण गर्नुपर्ने हुँदा विश्व समुदाय एकात्मकबाट संघीय व्यवस्थामा जाने मुलुकहरूले आफ्ना संघीय राज्य निर्माणका क्रममा विभिन्न पक्षलाई आधार बनाई संघ निर्माण गर्ने कार्य गरेका छन् । ती मुलुकहरूको

अनुभवका आधारमा संघ निर्माण गर्दा मुख्य गरी निम्न पक्षलाई आधार बनाई संघ निर्माण गरेको पाइन्छ (मानन्धर र अन्य २०६२:८):-

### ३.५.१ जातीयता

विभिन्न जात-जाति, जनजातिहरू बसोबास गर्ने वा धेरै जातिहरूको बसोबास रहेको मुलुकले संघीय संरचनामा जाँदा ती जातिको मौलिक पहिचान झल्कने र सबै जातिले राज्यले शासन व्यवस्थामा आफ्नो सम्मानजनक उपस्थिति भएको अनुभूति पाउने गरी संघीय राज्य निर्माण गर्नु पर्दछ । राज्यमा सबै जातिले आफ्नो उपस्थिति रहेको अनुभूति दिलाउन सकेमा मात्र देशमा साच्चिकै अर्थमा सबैले शासन व्यवस्थामा आफ्नो सहभागिता रहेको अनुभूति गर्न सक्दछन् । तसर्थ विभिन्न जातिहरूको बसोबास रहेको मुलुकले आफूलाई संघीय संरचनामा रूपान्तरण गर्दा ती जातिका मौलिकता र आफ्ना रीतिरिवाज, संस्कृति तथा परम्पराको पहिचान झल्कने गरी संघीय राज्यहरूको निर्माण गर्नु पर्दछ । यसरी राज्य निर्माण गर्दा सबै जाति, जनजातिले आफ्नो सम्मान भएको महशुस गर्दछन् र जातीय द्वन्द्वको खतरालाई कम गराउँछ ।

### ३.५.२ भौगोलिक र क्षेत्रीयता

एकात्मकबाट संघीय संरचनामा रूपान्तरित हुने मुलुकहरूले संघ राज्यहरू निर्माण गर्दा देशको भौगोलिक बनावट र क्षेत्रीयतालाई विशेष ध्यानमा राखिनु पर्दछ । क्षेत्रीय र भौगोलिक बनावटको हिसाबले समानता रहेको क्षेत्रलाई समान अवसर पाउनेगरी राज्य निर्माण गरीनु पर्दछ । यसरी राज्य निर्माण गरेमा भौगोलिक र क्षेत्रीय रूपमा पछाडि परेको क्षेत्रका राज्य विकासका लागि केन्द्रबाट बढी प्राथमिकताका साथ विकास कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यस्ता पिछडिएका क्षेत्रको विकासका लागि केन्द्रले छुट्टै कार्यक्रम सञ्चालन व्यवस्था गर्न पनि सहज हुने गर्दछ । त्यसर्थ संघ निर्माण गर्दा देशको भौगोलिक बनावट र क्षेत्रीयतालाई विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

### ३.५.३ आय स्रोत/प्राकृतिक स्रोत साधन

संघहरूको प्रमुख आयस्रोत भनेको प्राकृतिक स्रोत साधन नै हो । त्यसर्थ संघ निर्माण गर्दा संम्भव भएसम्म सबै राज्यमा प्राकृतिक स्रोत साधन समान रूपमा पर्ने गरी गरीनु

पर्दछ । यदि प्राकृतिक स्रोत साधन समान रूपमा नपर्ने गरी राज्य निर्माण गर्ने हो भने राज्यहरू बीच बैमनस्यता बढ्ने र आपसी द्वन्द्वको अवस्था पनि आउन सक्दछ । जसले गर्दा राज्यहरू बीच द्वन्द्व बढाउने र राष्ट्र विखण्डनको खतरा रहन्छ । त्यसर्थ संघ निर्माणको क्रममा राष्ट्रको प्राकृतिक स्रोत साधनलाई मुख्य आधार बनाइनु  पर्दछ ।

### ३.५.४ भाषा

धेरै भाषाका मानिसहरू बसोवास गर्ने राष्ट्रमा संघ निर्माण गर्दा त्यहाँका मुख्य भाषीहरूलाई विशेष ध्यानमा राख्नु पर्दछ । संघ निर्माण गर्दा ती सबै भाषिको पहिचान झल्कने र राज्यको संरचनामा आफ्नो उपस्थिति रहेको अनुभुति पाउने व्यवस्था गर्नु पर्दछ । सबै भाषालाई सरकारले समान मान्यता दिनु पर्दछ । कुनै भाषा प्रति वेवास्ता गर्ने र कुनैलाई प्राथमिकता दिने गरेमा ती भाषीहरू बीच आपसी बैमनस्यता बढ्ने हुन सक्छ । तसर्थ समान भाषी एक राज्यमा पर्ने गरी राज्य निर्माण गर्नु उपयुक्त देखिन्छ । भाषाको आधारमा राज्य निर्माण गर्दा भाषिक समस्या कायम गर्ने देखिन्छ । यदि संघ निर्माणको क्रममा भाषिक उपस्थितिलाई बेवास्ता गर्ने हो भने आपसी संचारमा पनि समस्या आउने हुन्छ । त्यसर्थ संघ निर्माण गर्दा भाषिक सघनतालाई पनि ध्यान दिनु उपयुक्त हुन्छ ।

### ३.५.५ जनसंख्या

संघीय राज्यहरू निर्माण गर्दा ध्यान दिनु पर्ने अर्को पक्ष जनसंख्या हो । राज्यहरू निर्माण गर्दा सकभर सबै राज्यमा समान जनसंख्या पर्ने गरी निर्माण गर्नु उपयुक्त हुन्छ । यसरी राज्य निर्माण गर्न सकेमा सबै राज्यमा जनसांङ्ख्यिक सघनता समान हुनेछ । जनशक्ति र जनस्रोत पनि समान हुने अवसर रहन्छ । जसले गर्दा राज्यहरू बीच आपसी सम्बन्ध विकास गर्न र जनताका लागि अवसरहरू प्रदान गर्न सहज रहने र सबै राज्यको विकास समान तवरबाट अगाडि बढने विश्वास गर्न सकिन्छ । अतः संघ निर्माण गर्दा राज्यहरूमा पर्ने जनसंख्यालाई ध्यानमा राख्नु पनि उत्तिकै आवश्यक मानिन्छ ।

### ३.५.६ ऐतिहासिक चिनारी

संघ निर्माण गर्दा कुनै पनि स्थानको ऐतिहासिक चिनारी नखल्बलिने र अझै सबल हुने गरी गरीनु उपयुक्त हुन्छ । यसरी संघ निर्माण गर्दा राज्यमा बसोबास गर्ने मानिसहरूमा

आफ्नो राज्य प्रति गौरबको भावना जागृत हुनुका साथै आफूलाई गौरवान्वित भएको महशुस गरी राज्य विकासमा झन् हौसलाका साथ लाग्ने हुन्छ । त्यसर्थ राज्य निर्माण गर्दा ऐतिहासिक रूपमा प्रचलित र प्रख्यात स्थानहरूको पहिचान नहराउने र अझै विकास हुने गरी गरीनु उपयुक्त हुन्छ ।

## ३.६ संघीय राज्य प्रणालीका स्वरूपहरू

आधुनिक विश्वको राज्य प्रणालीमा शासन शक्तिका दृष्टिले संघीयताका अलावा केन्द्रीकृत र महासंघीय समेत गरी तीन प्रकारका राज्यप्रणालीका ढाँचाहरू प्रचलनमा रहेका छन् । एकात्मक वा केन्द्रीकृतशासन प्रणालीमा शासन सम्बन्धी सम्पूर्ण शक्ति संविधानद्वारा केन्द्रीय सरकारमा निहित राखिन्छ । राज्य शक्तिको सम्पूर्ण प्रयोगमा केन्द्रीय सरकारको निर्णय सर्वोपरी रहन्छ । केन्द्रीय सरकारले आफ्नो प्रशासकीय सहयोगीका रूपमा प्रादेशिक राज्य र स्थानीय सरकार निर्माण गरेको हुन्छ । स्थानीय निकायहरूलाई पूर्णरूपमा आफ्नो नियन्त्रणमा राख्दछ । यिनीहरूको कुनै पृथक स्वतन्त्र सत्ता हुँदैन (भण्डारी, २०६५:०१) । सबै प्रशासनिक अधिकारको स्रोत संविधानलाई भन्दा केन्द्रीय सरकारलाई मानिएको हुन्छ । स्थानीय सरकार र केन्द्रीय सरकार बीचको सम्बन्ध सेवक र मालिकको जस्तो रहन्छ । केन्द्रले स्थानीय सरकारलाई समाप्त गर्ने अधिकार राख्दछ । स्थानीय सरकार वास्तवमा केन्द्रको प्रतिनिधिको रूपमा मात्र कायम रहन्छ ।

स्विट्जरल्याण्ड र संयुक्त राज्य अमेरिकाले आफूलाई संघीय संरचनामा रूपान्तरण गर्नु भन्दा अगाडि यी मुलुकहरू महासंघीय वा परिसंघीय शासन प्रणाली अनुरूप संचालित रहेका थिए । जुन एकात्मक शासन प्रणालीको ठिक विपरीत प्रकृतिको हुन्छ । महासंघात्मक शासन प्रणालीमा राज्यशक्तिका विभिन्न स्वतन्त्र केन्द्रहरू सम्मिलित रहेका हुन्छन् । प्रादेशिक वा राज्य सरकारको सुविधालाई महासंघ निर्माण गरिएको हुन्छ । यस व्यवस्थामा राज्य सरकारले मौलिक सत्ता संचालन गर्दछन् भने राज्य सरकारले आफ्ना केही सिमित अधिकार महासंघलाई प्रदान गर्दछन् । महासंघसँग छुट्टिने अधिकार पनि सुरक्षित राख्दछन् । महासंघीय शासन व्यवस्थामा नागरीक केन्द्रीय महासंघप्रति नभै राज्य सरकार प्रति निष्ठा राख्दछन् । महासंघको अस्तित्व राज्यहरूको इच्छामा भर पर्दछ । यो जुन सुकै बेला पनि भङ्ग हुन सक्छ । महासंघ राज्यसरकारको सेवकको रूपमा रहन्छ । महासंघलाई राज्यका नागरीकहरूका लागि कानून बनाउन र कर लगाउने कुनै अधिकार रहँदैन । महासंघको

कार्यपालिका र व्यवस्थापिकामा भाग लिने राज्यहरूका प्रतिनिधिहरू आफ्नो राज्य सरकारको निर्देशनअनुसार परिचालित हुन्छन् (के.सी., २०६३) ।

एकात्मक राज्य प्रणाली र महासंघात्मक राज्य प्रणालीको बीचमा रहने र एकात्मक व्यवस्थामा जस्तो सबै अधिकार केन्द्रमा सिमित नरहने र राज्य सरकारलाई पनि अधिकार प्रदान गरिएको र महासंघात्मक शासन व्यवस्थामा जस्तो सबै अधिकार राज्यसरकारमा मात्र सिमित नगरी केन्द्र सरकारलाई पनि प्रदान गरिएको शासन व्यवस्थालाई संघीय शासन प्रणाली भनिन्छ । संघीय शासन प्रणालीमा केन्द्रीय सरकार र राज्यसरकार बीच अधिकारको बाँडफाँड गरिएको हुन्छ । केन्द्र सरकार र राज्य सरकार बीच कार्य विभाजन संविधानद्वारा नै गरिएको हुन्छ । केन्द्र तथा राज्य सरकार आ-आफ्नो क्षेत्रमा पर्ने कार्य र निर्णय गर्नका लागि स्वतन्त्र र स्वायत्त रहन्छन् । नागरीकहरू केन्द्र तथा राज्य सरकार दुवै प्रति समान निष्ठा राख्दछन् । दुवै सरकारले नागरीकहरूसँग प्रत्यक्ष सम्बन्ध स्थापित गरी नागरीकताको प्रमाणपत्र प्रदान गर्दछन् । यस प्रणालीलाई राज्य प्रणालीको आधुनिक शासन प्रणाली मानिन्छ । यसको सर्वोत्तम उदाहरण संयुक्त राज्य अमेरिका, स्विट्जरल्याण्ड हुन् । यिनको अलवा हाल विश्वमा धेरै जनसंख्या हुने क्यानडा, दक्षिण अफ्रिका, अस्ट्रेलिया, जर्मनी भारत लगायत २८ मुलुकको संघीय संरचनामा  आफ्नो शासन प्रणाली अगाडि बढाएका छन् । तर ती सबै संघीय संरचनामा भएका मुलुकहरूको संघीय स्वरूप भने भिन्ना भिन्नै देखिन्छ (आचार्य, २०६२) । सामान्यतः संघीय संरचनाका स्वरूपहरू निम्न छन् :-

### ३.६.१ एक परिचय र बहुपरिचय

जुन संघमा एउटै जाति र भाषी छन् वा एउटा मात्र चिनारी लिएर निर्माण गरिएको संघहरू एक परिचयात्मक संघ हुन् । जस्तै जर्मनी, अस्ट्रेलिया, अस्ट्रियाका संघहरू यही सिद्धान्तमा निर्माण भएका संघ हुन् । संघहरूमा एक भन्दा बढी जाति वा भाषीहरू आवद्ध भएको संघ बहु परिचय संघ हो । जस्तै स्विट्जरल्याण्ड, मलेसिया आदि, जहाँ एउटै संघमा दुई वा त्यो भन्दा बढी जाति र भाषी बसोबास गर्दछन् । यसरी संघहरूको स्वरूपलाई एक परिचय वा बहु परिचय युक्त स्वरूप भएका संघीय मुलुकहरू भनिन्छ ।

### ३.६.२ मिल्दोजुल्दो र फरक-फरक (Symmetric and Assymmetric)

संघीय व्यवस्था भएका मूलुकहरूमा सम्पूर्ण राज्य सरकारलाई एकै प्रकारले वा समान अधिकार दिएको छ भने त्यस्तो संघात्मक स्वरूपलाई मिल्दो जुल्दो स्वरूप भनिन्छ ।

फरक-फरक राज्यहरूलाई फरक-फरक अधिकार दिईएको छ भने त्यस्तो संघात्मक स्वरूपलाई फरक-फरक खालको संघात्मक स्वरूप भनिन्छ । अस्ट्रेलिया समानखालको संघीय स्वरूप भएको मुलुक हो भने क्यानडा फरक-फरक खालको संघात्मक स्वरूप भएको मुलुक हो किनकी त्यहाँ क्युवेक प्रान्तलाई अन्य प्रान्तलाई भन्दा बढी अधिकार दिइएको छ ।

### ३.६.३ केन्द्रीकृत वा बाहिरी संघात्मक स्वरूपको संघीय व्यवस्था

जुन संघीय मूलुकहरूमा केन्द्रीय सरकार अत्यन्त बलियो हुन्छ र राज्य सरकारलाई सिमित अधिकार दिई केन्द्रले राज्य सरकार माथि पूर्णरूपमा नियन्त्रण गर्दछ । त्यस्तो संघीय स्वरूपलाई केन्द्रीकृतस्वरूपको संघीय व्यवस्था भनिन्छ । यसको विपरीत केन्द्र सरकार भन्दा राज्य सरकार बलियो हुन्छ । राज्य सरकारहरूले केन्द्र सरकार माथि नियन्त्रण गर्ने खुवी प्रस्तुत गर्दछन् भने त्यस्तो संघात्मक स्वरूप भएका संघीय मुलुकहरूको संघीय स्वरूपलाई बाहिरी संघात्मक स्वरूपको संघीय व्यवस्था भनिन्छ । केन्द्रीकृतस्वरूपको संघीय व्यवस्था भएका मुलुकमा केन्द्रीय सरकार बलियो हुने हुँदा राज्य विभाजनको खतरा रहँदैन । संघीय संरचनाबाट प्राप्त हुने फाइदा पनि प्राप्त हुँदैन । बाहिरी स्वरूपको संघीय व्यवस्था भएका मूलुकहरूमा राज्य सरकार बलिया हुने हुँदा राज्य सरकारले केन्द्रसँग धेरै सुविधा माग गर्दै जाने र केन्द्रले पनि पूरा गर्नु पर्ने अवस्था हुने हुन्छ । जसले गर्दा अन्त्यमा राज्यलाई विभाजनतिर लैजान्छ ।

### ३.६.४ दोहोरो वा प्रतिस्पर्धात्मक र सहकार्यात्मक संघीय स्वरूप

तल्ला तहका राज्य तथा स्थानीय सरकारहरूको संस्थागत स्वायत्ततामा जोड दिंदै केन्द्र र राज्य सरकार बीच प्रष्टरूपमा शक्तिको विभाजन गरिएको हुन्छ । प्रत्येक तहमा कार्यपालिका र व्यवस्थापिकाको व्यवस्था भएको संघीय स्वरूपलाई दोहोरो वा प्रतिस्प्रर्धात्मक स्वरूपको संघीय व्यवस्था भनिन्छ । यस किसिमको संघीय स्वरूपमा केन्द्र र राज्य सरकार दुवैले स्वायत्त रूपमा आ-आफ्ना कार्य गर्न पाउने हुँदा कतिपय काममा दोहोरोपन पनि देखिन्छ । दोहोरो वा प्रतिस्पर्धात्मक स्वरूपको संघीय व्यवस्था भएका मूलुकहरूमा राज्यहरूको केन्द्रीय व्यवस्थापिकामा कमजोर प्रतिनिधित्व रहेको हुन्छ । व्यवस्थापिका तल्लो र उपल्लो गरी दुई सदनात्मक हुन्छ जस मध्ये व्यवस्थापिकाको उपल्लो सदनमा राज्यको भूगोल र जनसंख्याको वास्ता नगरी प्रत्येक राज्यबाट बराबर प्रतिनिधित्व गर्ने अवसर

राज्यहरूलाई हुन्छ । राज्यहरूले आफ्ना माग अन्तर सरकारी सम्मेलनको माध्यमद्वारा केन्द्रीय सरकार समक्ष राख्दछन् । राज्यहरूलाई केन्द्रका भरमा पर्नु नपरोस भन्नका लागि पर्याप्त मात्रामा राजस्व उठाउने आधारहरू पनि दिइएको हुन्छ । बेल्जियम, अस्ट्रेलिया, ब्राजिल र स्विट्जरल्याण्डमा यस्तो स्वरूपको संघीय व्यवस्था पाइन्छ ।

यसको विपरीत सहकार्यात्मक रुवरूपको संघीय व्यवस्थामा केन्द्र र राज्यहरूको बीचमा तहअनुसार कामको विभाजन गरिएको हुन्छ । धेरै कार्यहरू केन्द्र र राज्यहरूबीच बाँडिएको हुन्छ । राज्य सरकारहरूको केन्द्रीय सरकारमा बलियो प्रतिनिधित्व हुने गर्दछ यदि त्यस्तो प्रतिनिधित्व हुन नसकेमा राज्यहरू विस्तारै प्रशासनिक इकाईका रूपमा विकसित हुन पुग्दछन् । केन्द्रीय नीति निर्माणमा राज्यहरूको सक्रियतापूर्ण सहभागिता रहन्छ । केन्द्रीय सरकारको व्यवस्थापिकामा राज्य सरकारहरूले जनसंख्याको आधारमा प्रतिनिधित्व गर्दछन् । कुनै पनि नीति स्विकृतिका लागि व्यवस्थापिकाको दुवै सदनबाट स्विकृत प्राप्त गर्नु आवश्यक हुन्छ । केन्द्र र राज्य सरकारका करका आधारहरू एउटै हुन्छन् । केन्द्र तथा राज्य सरकार दुवैले सहयोगात्मक रूपमा बाँडचुड गरी उठाउँदछन् । विभिन्न राज्यहरू बीचमा आर्थिक असमानता नहोस् भन्नका लागि राज्य सरकारको अवस्था हेरी केन्द्र सरकारले वित्तीय समानता कोषबाट केही रकम राज्यलाई दिने गर्दछ । जर्मन, इथिपोपिया, दक्षिण अफ्रिका, क्यानडा आदि मूलुकहरूमा सहकार्यात्मक स्वरूपको संघीय व्यवस्था रहेको छ (कँडेल, २०६३) ।

## ३.६.५ शुरु देखिको र पछि बनेको संघीय स्वरूप

जुन मुलुकहरू एक आपसमा आवद्ध हुने सिद्धान्त बमोजिम संघीय शासन व्यवस्थामा आए ती मुलुकको संघीय स्वरूपलाई शुरुदेखिको संघीय स्वरूप भनिन्छ । यस किसिमको स्वरूपमा संघीय व्यवस्थामा रहने मुलुक राष्ट्र निर्माण देखिनै संघीय संरचनामा आएका हुन्छन् । जुन मुलुकहरू एक आपसमा आवद्ध गराई राख्ने सिद्धान्त बमोजिम संघीय संरचनामा रूपान्तरीत भएका मुलुकहरूको संघीय स्वरूपलाई पछि निर्माण भएको संघीय स्वरूप भनिन्छ । पछि बनेको संघीय स्वरूपमा जाने मुलुकहरू देशमा विद्यमान शासन व्यवस्था परिवर्तन गर्दै संघीय शासन व्यवस्थामा प्रवेश गरेका हुन्छन् । जस्तै बेल्जियम, स्पेन आदि ।

### ३.६.६ औपचारिक र प्रभावकारी संघीय स्वरूप

संविधानमा संघीय व्यवस्था भएको तर व्यवहारमा लागु नभएको संघीय शासन सम्बन्धी व्यवस्थालाई औपचारिक संघीय स्वरूप भनिन्छ । जहाँ संघीय व्यवस्था संविधान र नारामा मात्र सीमित भएको हुन्छ । जुन मूलुकहरूमा संघीय व्यवस्थालाई प्रभावकारी संघीय स्वरूप भनिन्छ । जहाँको शासन व्यवस्था वास्तविक रूपमा संघीय व्यवस्थाको आधारभूत सिद्धान्त अनुरूप संचालित रहन्छ ।

## ३.७ संघीयताका फाइदा/बेफाइदाहरू

संघीय शासन व्यवस्थाका केही फाइदाहरू छन् भने केही बेफाइदाहरू छन् जसलाई छुट्टाछुट्टै तल उल्लेख गरिएको छ ।

**फाइदाहरू**

क) भौगोलिक विविधता, आर्थिक सम्पन्ता, राजनीतिक चेतना, राष्ट्रिय सुरक्षा आदि कारणबाट कतिपय राज्यहरू आपसमा मिलि संघ निर्माण गरेका हुन्छन् । संघीय प्रणाली भएका देशहरूमा स्थानीय स्वशासन, प्रादेशिक स्वायत्तता र राष्ट्रिय एकता सम्भव हुन्छ । केन्द्रीय सरकारले राज्यहरूको स्वीकृति विना उनीहरूको भौगोलिक सीमा परिवर्तन गर्न सक्दैन । यस प्रणालीमा केही अधिकार केन्द्रलाई र केही राज्य अथवा प्रान्तहरूलाई दिइन्छ । संघीय राज्यहरूलाई स्वायत्तता प्रदान गरिएको हुन्छ । जसले गर्दा केन्द्र र राज्य सरकार बीच समन्वय र एकता कायम हुन जान्छ । केन्द्रीय सरकारलाई स्वेच्छाचारी बन्नबाट रोक्दछ ।

ख) संविधान अनुसार केन्द्र र प्रदेशहरूमा शक्तिको विभाजन हुने हुँदा केन्द्रका लागि प्रशासनिक कार्यभार कम हुन जान्छ । राज्यहरूलाई स्वायत्तता प्राप्त हुने हुँदा राज्यहरूले पनि आ-आफ्नो प्रशासन कुशलता पूर्वक संचालन गर्दछन् । यसले गर्दा केन्द्रीय र राज्य सरकारहरूको प्रशासनिक क्षमतामा वृद्धि हुन्छ भने केन्द्र सरकारको कार्यभारलाई पनि कम गर्दछ ।

ग) संघीय प्रणाली भएका देशहरूमा नागरीकहरूले केन्द्रीय र राज्य दुवै सरकारबाट नागरीकता प्राप्त गर्दछन् । नागरीकहरूलाई स्थानीय र केन्द्रीय सरकारबाट नागरीकता प्रदान गर्दा दुवै सरकार प्रति जनताले निष्ठा प्रदर्शन गर्दछन् ।

घ) यस प्रणालीमा प्रदेश अथवा एकाई राज्यहरूलाई अलग-अलग अधिकारहरू प्राप्त हुन्छन् । यिनीहरूमा फरक-फरक मन्त्रिमण्डल हुन्छन् । स्थानीय जनताको सहभागिताबाट यहाँका समस्याहरूको समाधान हुन्छ । स्थानीय जनताले निर्वाचित गरेका प्रतिनिधिहरूले यहाँको शासन चलाउँछन् । जसले गर्दा स्थानीय मामिलामा जनताको रुचि बढ्छ ।

ङ) संघीय सरकार प्रतिरक्षाका साथ साथै आर्थिक र सांस्कृतिक विकासका दृष्टिले उपयोगी मानिन्छ । संघको स्थापनाले अन्तराष्ट्रिय व्यापार तथा उद्योगहरूका लागि प्रोत्साहन मिल्छ । राज्य राज्य एक-अर्कालाई फाइदा हुनेगरी आर्थिक नीति बनाउन सक्छन् । ठूला संघीय राज्यहरूमा विविध राष्ट्रियता, जाति भाषा, धर्म र संस्कृतिहरू हुन्छन् । त्यहाँ तिनीहरूले संरक्षणको अवसर पनि पाउँदछन् । यसले गर्दा राज्यहरू आ-आफ्नो आर्थिक र सांस्कृतिक विकास गर्ने अवसर प्राप्त गर्दछन् ।

च) साना राज्यहरू आपसमा मिलि सँगठित भएर साझा प्रतिरक्षा प्रणालीलाई कायम राखेमा खर्चमा मितव्ययिता कायम हुन्छ र प्रभावकारी पनि हुन्छ । यस्तो कार्य संघीय शासन व्यवस्थाबाट मात्र संभव हुन्छ ।

छ) संघीय संरचनामा प्रवेश गर्ने राज्यहरूको सार्वभौम सत्ता पुर्णरूपमा संघमा विलय भएको हुँदैन । अधिकार संविधानले केन्द्र र राज्यमा विभाजित गर्दछ । संघीय प्रणालीको संविधान कठोर हुन्छ र संशोधन प्रक्रिया पनि जटिल हुन्छ । जसले गर्दा विशेष परिस्थितिमा मात्र संविधान संशोधन हुन्छ । केन्द्र र राज्य बीच विवाद उत्पन्न भए पनि केन्द्रले राज्यको अधिकार खोस्न सक्दैन । आफूलाई प्राप्त अधिकार प्रयोग गरी राज्यहरूले आफ्नो इच्छा अनुसार विकासका कार्यहरू गर्न सक्छन् । राज्यहरूले आफ्नो भौगोलिक अवस्था, ऐतिहासिक आधार, राजनीतिक वातावरण, सामाजिक र आर्थिक उन्नतिलाई आधार बनाई नीतिनियम बनाउँछन् । विकासका दृष्टिले एउटा राज्यले अर्को राज्यलाई उछिन्नका लागि प्रतिस्पर्धा गर्छन् । संघीय व्यवस्थाले राज्यहरू बीच स्वच्छ प्रतिस्पर्धाका आधारमा विकास कार्यमा अगाडि बढ्नका लागि प्रेरित गर्दछ ।

**बेफाइदाहरू**

क) संघात्मक सरकारमा शक्तिको विभाजन गरिएको हुन्छ जसले गर्दा शक्तिशाली केन्द्रीय शासनको अभाव हुन्छ । शासनमा समेत दृढता कायम हुँदैन । यसरी संघीय व्यवस्थामा एकात्मक व्यवस्थामा भन्दा सरकार कमजोर बन्दछ ।

ख) संघीय राज्य प्रणालीमा केन्द्र र राज्यहरूमा छुट्टाछुट्टै विधानमण्डल, मन्त्रिमण्डल र न्यापालिकाको व्यवस्था गरिएको हुन्छ र समय समयमा चुनावहरू भईरहन्छ, जसले गर्दा संघीय प्रणालीलाई बढी खर्चिलो प्रणाली मानिन्छ ।

ग) संघीय प्रणालीमा केन्द्रीय सरकार र राज्यसरकारहरूद्वारा दोहोरो शासन संचालन हुन्छ । केन्द्र र राज्यहरूलाई अलग अलग रूपमा कानुन बनाउने र प्रशासन संचालन गर्ने अधिकार हुन्छ । समवर्ती सूचिमा पनि दुवैलाई कानून निर्माण गर्ने स्वतन्त्र रहन्छ । यसरी एउटै कुरामा दुई सरकारबाट कानुन निर्माण गरी एकै ठाउँमा कार्यान्यन गर्दा शासन प्रणालीमा एकरूपता पाईदैन ।

घ) शक्तिको विभाजन संघीय प्रणालीको प्रमुख विशेषता हो । दुवै तहका सरकारका अधिकार क्षेत्र अलग-अलग हुन्छन् । यस्तो अवस्थामा एकले अर्कोलाई सहयोग नगरेमा केन्द्र र राज्यबीच बैमनस्यता वा विवाद बढ्ने हुन्छ । जसले गर्दा कुनै पनि सरकारले आ-आफ्नो गतिमा काम गर्न सक्दैनन् ।

ङ) संघीय व्यवस्थामा आत्मनिर्णयको अधिकार सहित राज्यहरूलाई केन्द्रबाट अलग हुने सम्मको अधिकार रहेको हुन्छ । राज्यहरूलाई अलग संविधान बनाउने, अरु राज्यहरूसँग सम्बन्ध स्थापित गर्ने र सन्धि गर्ने अधिकार रहन्छ । यस्तो व्यवस्थाले पृथकतावादी आन्दोलनलाई प्रोत्साहन मिल्छ । जसले गर्दा राष्ट्र विखण्डनको खतरा बढ्छ ।

च) संघीय प्रणालीको संविधान कठोर प्रकृतिको हुन्छ । सामान्य तरिकाबाट यस्तो संविधान संशोधन गर्न सकिदैन । संविधान संशोधन गर्न विशेष प्रकृया पुरा गर्नु पर्ने हुन्छ । यस्तो संविधान प्रगतिशील समाजका लागि बाधक मानिन्छ । समयानुकूल परिवर्तन गर्न नसक्दा सामाजिक विकासमा नकारात्मक असर पर्ने हुन्छ ।

छ) संघीय प्रणालीमा जाति, भाषा, धर्म र सांस्कृतिक विविधता रहेका मूलुकहरूमा विविधताको संरक्षणका लागि सबै समूहहरू आ-आफ्नो हितका लागि सक्रिय रहन्छन् । सबै वर्ग र समुदायले राज्यमा आफ्नो समानुपातिक प्रतिनिधित्वको माग

गर्दछन् । यदि उनीहरूलाई जाति, भाषा, धर्म र सांस्कृतिक आधारमा प्रतिनिधित्व गराउन नसकेमा राज्यमा जातिगत द्वन्द्व र सांस्कृतिक द्वन्द्वको खतरा रहन्छ ।

## ३.८ संघीयशासन पद्धतिका विशेषताहरू

विश्व परिवेशमा आधुनिक शासन प्रणालीका रूपमा चिनिने संघीय प्रणालीको मुल आधार समझदारी सहमति हो । संघात्मक व्यवस्थाका केही मुख्य विशेषताहरू छन्:

क) केन्द्र र अन्य प्रादेशिक इकाईका बीच समझदारीमा आधारित कार्य विभाजन हुन्छ । केन्द्र र प्रादेशिक सरकार बीच शक्ति र काम बाँडिन्छ ।

ख) संघीय शासन व्यवस्थामा केन्द्रमा एक तहको सरकार र प्रदेशहरूमा राज्य सरकार गरी कम्तिमा दुई तहको सरकार हुन्छ । आवश्यकता अनुसार अन्य स्थानीय तहगत सरकारहरूको पनि व्यवस्था गरिएको हुन्छ ।

ग) लिखित संविधान संघीय व्यवस्थामा अनिवार्य हुन्छ । संविधानद्वारा नै केन्द्रीय र प्रादेशिक सरकारका काम, कर्तव्य र अधिकार स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ । त्यही संवैधानिक व्यवस्थाका आधारमा केन्द्र तथा प्रादेशिक सरकारहरूले आ-आफ्नो कार्य सम्पादन गर्दछन् ।

घ) संघीय व्यवस्थामा संविधानलाई मूल कानुनका रूपमा स्विकारिएको हुन्छ । संवैधानिक व्यवस्थाकै आधारमा अन्य ऐन, नियमहरूको व्यवस्था गरिएको हुन्छ ।

ङ) संघीय व्यवस्थामा रक्षा, मौद्रिक नीति, विदेश नीति, युद्ध र शान्तिको घोषणा जस्ता राष्ट्रिय महत्वका विषयहरू केन्द्रमा राखी शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, खनिज, बनजंगल आदि जस्ता विषयहरू प्रादेशिक सरकारमा रहनेगरी कार्य बाँडफाँड गरिएको हुन्छ ।

च) प्रादेशिक राज्यहरू र केन्द्रीय सरकार दुवैको स्विकृति विना संविधान संशोधन गर्न सकिंदैन ।

छ) राज्य प्रणालीमा शक्ति बाँडफाँडको माध्यमबाट प्रादेशिक राज्यहरूलाई स्वायत्तता प्रदान गरिएको हुन्छ । केन्द्र सरकारले प्रादेशिक सरकारमाथि हस्तक्षेप गर्न सक्दैन

ज) केन्द्र र प्रदेश सरकार बीच कुनै विवाद भएमा न्यायपालिकाले त्यस्तो विवाद टुङ्गो लगाउँछ । न्यायपालिकालाई स्वतन्त्र एकाईका रूपमा स्थापना गरिएको हुन्छ ।

झ) केन्द्रीय नीतिनिर्माणमा क्षेत्रीय बिचारहरूको कदर गरिन्छ ।

ञ) संघीय व्यवस्थाको अर्को विशेषताको रूपमा द्वि-सदनात्मक व्यवस्थापिका पनि मानिन्छ । तल्लो सदनले जनताको प्रतिनिधित्व गर्दछ र यसका सदस्य जनताले बालिक मताधिकारका आधारमा निर्वाचित गर्दछन् । माथिल्लो सदनले राज्यको प्रतिनिधित्व गर्दछ । सबै राज्यको समान प्रतिनिधित्व रहने गर्दछ ।

ट) केन्द्रमा केन्द्रीय मन्त्रिमण्डल र विधानमण्डल तथा राज्यहरूमा राज्यको आफ्नै मन्त्रिमण्डल र र विधान मण्डल रहन्छन् । जुन आ-आफ्नो नीति निर्माण र कार्यान्वयनमा स्वतन्त्र र स्वायत्त रहन्छन् ।

## ३.९ संघात्मक शासनको उत्पत्ति र विकास

संघीय राज्य प्रणाली सर्वप्रथम अँगाल्ने मुलुकको नाम लिनु पर्दा आउने नाम संयुक्त राज्य अमेरिका र स्विट्जरल्याण्ड हो । “स्विट्जरल्याण्डले सन् १२९१ देखि सरिसंघ मार्फत आफ्नो राज्य प्रणाली विकास गरी सन् १८४८ मा आएर त्यही परिसंघलाई विकसीत गरी संघीय स्वरूपमा परिवर्तन गर्दै संघीय राज्यप्रणालीको शासन व्यवस्था शुरुवात गरेका थियो” (Wolf, 1998:99)। “त्यस्तै संयुक्त राज्य अमेरिकाले सन् १७७७ मा १३ वटा उपनिवेशहरू मिली आफूलाई स्वतन्त्रताको घोषणा गरी परिसंघ निर्माण गरेर समय क्रमसँगै परिसंघ कमजोर हुँदै गयो र आन्तरिक द्वन्द्वको खतरा बढेपछि सन् १७८७ मा १३ राज्यको फिलाडेल्फीयामा सम्मेलन गरी नयाँ संविधान निर्माण गरे र केन्द्रलाई बलियो बनाउँदै परिसंघको अन्त्य र संघीय शासन प्रणालीको शुरुवात गरेको थियो” (Blaustein and others, 1991:46)।

### ३.९.१ संयुक्त राज्य अमेरिका

‘संयुक्त राज्य’ अगाडि जोडिदा यसको नामबाट नै अमेरिका एक संघात्मक संरचनामा आफ्नो शासन व्यवस्था संचालन गर्ने मुलुक हो भन्न सकिन्छ । यो मुलुक एक आपसमा आवद्ध हुने सिद्धान्त अनुरूप संघीय संरचनामा परिवर्तित मुलुक हो । “यो मुलुकको हालको जनसंख्या २९ करोड रहेको छ भने हाल ५० वटा राज्यहरू मिलेर संयुक्त राज्य अमेरिका बनेको छ” (Katz, 1997:113) । १७७६ मा अमेरिकी १३ वटा बेलायती उपनिवेशमा रहेका राज्यहरूले आफूहरूलाई स्वतन्त्रताको घोषणा गर्दै परिसंघ निर्माण गरेका थिए । “सन् १७८७ मा राज्यहरू बीचमा उत्पन्न विवादको समाधानका लागि

फिलाडेल्फियामा एक सम्मेलनको आयोजना गरीयो" (Wheare, 1951: 197) । "उक्त सम्मेलनकै निर्णयका आधारमा सन् १७८९ मा राज्यका अधिकार केन्द्रलाई बुझाउँदै संयुक्त राज्य अमेरिका संघीय व्यवस्थामा रूपान्तरित भएको हो" (राई, २०६५:१७-१८) ।

अमेरिका अध्यक्षात्मक शासन व्यवस्था भएको मुलुक हो । यहाँ सरकार तथा राज्य प्रमुख दुवैको रूपमा राष्ट्रपति रहन्छन् । राष्ट्रपतिको निर्वाचन जनताका प्रतिनिधिद्वारा गठित निर्वाचक मण्डलबाट हुन्छ । यहाँ कार्यपालिका व्यवस्थापिका प्रति जवाफदेहि रहँदैन । अमेरिकामा दुई सदनात्मक व्यवस्थापिका रहने संवैधानिक व्यवस्था छ । जसलाई कांग्रेस भनिन्छ । तल्लो सदनका रूपमा प्रतिनिधीसभा रहेको छ । यसमा कूल ४३५ सदस्य रहन्छन् । प्रतिनिधि सभाका सदस्यहरू १८ वर्ष पुगेका नागरीकहरूको वालिग मताधिकारको आधारमा चुन्ने गर्दछन् । यस सदनले संघको प्रतिनिधित्व गर्दछ । प्रतिनीधिसभाको सदस्य संख्या जनसंख्याको आधारमा निर्धारण गरिएको हुन्छ । यस सदनको पदावधी २ वर्ष रहने व्यवस्था छ । अमेरिकी कांग्रेसको माथिल्लो सदनलाई सिनेट भनिन्छ । यसमा प्रत्येक राज्यबाट दुई- दुई जनाका दरले प्रतिनिधित्व रहने व्यवस्था छ । यसरी सिनेटमा १०० जना सदस्यहरू रहन्छन् । यो सदन स्थायी सदन हो र यसका १/३ सदस्यको पदावधी हरेक २ वर्षमा सकिन्छ । जुन राज्यका सदस्यको पदावधी समाप्त हुन्छ त्यही राज्यका मतदाताले वालिग मताधिकारका आधारमा निर्वाचन गर्दछन् । सिनेटले राज्यहरूको प्रतिनिधित्व गर्दछ । अमेरिका संघीय शासन व्यवस्थाका लागि विश्वमा प्रसिद्ध छ । "यहाँको संविधान लिखित र कठोर छ" (Blaustein and other,1991:76) । अमेरिकाको संघीय स्वरूप संविधान र मौलिक अधिकारहरूको रक्षाका लागि सर्वोच्च न्यायालयको व्यवस्था गरिएको छ । अमेरिकामा न्यायिक पुनरावलोकनको अधिकार पनि न्यायलयलाई प्रदान गरिएको हुँदा न्यायलयलाई शक्तिशाली बनाएको छ । अमेरिकामा न्याय सम्पादनका लागि सबै भन्दा तल जिल्ला अदालत, त्यो भन्दा माथि पुनरावेदन अदालत र सबैभन्दा माथि सर्वोच्च अदालत गरी तीन तहका अदालतहरू रहने व्यवस्था गरिएको छ । न्यायिक पुनरावलोकनको अधिकार सर्वोच्च अदालतलाई रहेको छ । यसरी अमेरिकामा सरकारका तीन अङ्गहरू कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालाई आ-आफ्नो काममा स्वतन्त्रमा प्रदान गर्दै शक्ति सन्तुलनको राम्रो व्यवस्थापन गरिएको छ । यही शक्ति सन्तुलनको सिद्धान्तले नै अमेरिकाको संघीय संरचना सफल र निरन्तर रूपमा अगाडि बढीरहेको छ । अमेरिकामा राज्यहरूलाई

पनि संविधान बनाउने अधिकार रहेको छ । कार्यकारी कामको लागि राष्ट्रपति सर्वेसर्वा रहन्छन् ।

## ३.९.२ स्विट्जरल्याण्ड

सफल संघीय व्यवस्था भएका मुलुकहरूको नाम लिँदा अगाडि नाम आउने मुलुक स्विट्जरल्याण्ड हो । करिब ७६ लाख जनसंख्या भएको स्विट्जरल्याण्डको ४१,२८४ वर्ग कि.मी क्षेत्रफल रहेको छ । सन् १२९१ मा तीन राज्यहरू मिलि लिग (league) स्थापना गर्दै महासंघीय शासन व्यवस्था सुरु भएको हो । "राज्यको काम गर्ने सन्दर्भमा केन्द्रीय सरकार कमजोर भएको महसुश गरी सन् १८४८ मा संविधान माथि संशोधन गरी केन्द्रीय सरकारलाई बढी अधिकार दिने व्यवस्था गर्दै देशको शासन व्यवस्थालाई संघीय संरचनामा रूपान्तरीत गरी सोही बमोजिम यहाँको शासन व्यवस्था निरन्तर रूपमा संचालन हुँदै आएको छ" (कँडेल, २०६३:९४) । हाल स्विट्जरल्याण्डमा राज्यहरूको संख्या २६ छ । ती मध्ये २० पुरा र ६ अर्ध राज्यका रूपमा रहेका छन् । स्विट्जरल्याण्डमा राज्यहरूलाई क्यान्टोन भनिन्छ ।

स्विट्जरल्याण्डको कार्यपालिकालाई स्विस संघीय परिषद् भनिन्छ । संघीय परिषद्मा जम्मा ७ जना व्यक्तिहरू रहन्छन् । यिनीहरूलाई संघीय सभाका दुवै सदनको सयुक्त बैठक बाट निर्वाचित गरीन्छ । संघीय परिषद्का सदस्यहरू एक क्यान्टोनबाट एक जनाका दरले निर्वाचित हुन्छन् । सात जना सदस्य सात वटा क्यान्टोनका हुनुपर्दछ । संघीय परिषद्का सदस्यहरू मध्येबाट संघीय सभाका दुवै सदनको संयुक्त बैठकले अध्यक्ष र उपाध्यक्ष एक वर्षका लागि निर्वाचित गर्दछन् । सातै जना सदस्य पालैपालो संघीय परिषदको अध्यक्षमा निर्वाचित हुने संवैधानिक व्यवस्था रहेको छ । संघीय परिषद्का सदस्यको पदावधी ४ वर्षको रहेको छ । सदस्यहरू पुन निर्वाचित हुन पनि पाउँदछन् । संघीय परिषद्को निर्णय सहमतिका आधारमा हुने गर्दछन् (Rappord, 1936 : 106) । स्विट्जरल्याण्डको संसदलाई संघीयसभा भनिन्छ । यहाँको संघीयसभा दुई सदनात्मक रहेको छ । तल्लो सदनका रूपमा राष्ट्रिय परिषद् रहेको छ । जहाँ बढीमा २४००० जनसंख्यामा एक प्रतिनिधि हुनेगरी जनताले निर्वाचित गरेका सदस्य रहने व्यवस्था छ । यसका सदस्यको पदावधी ४ वर्षको हुन्छ । माथिल्लो सदनका रूपमा राज्यपरिषद् रहेको छ । यसले क्यान्टोनहरूको प्रतिनिधित्व गर्दछ । यस सभाका लागि "प्रत्येक पूर्ण क्यान्टोनबाट २ र अर्ध क्यान्टोनबाट १ प्रतिनिधि

राज्य परिषद्मा पठाउँछन् । हाल यस सदनमा ४६ सदस्य रहेका छन्" (Rappord, 1936: 106)।

स्विट्जरल्याण्डमा न्याय सम्पादन कार्यका लागि एक स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरिएको छ । जसलाई संघीय न्यायपालिका भनिन्छ । यहाँ न्यायीक पुनरावलोकन र संघीय कानुनलाई अवैध र असंवैधानिक घोषित गर्ने अधिकार संघीय न्यायधीकरणलाई छैन । संघीय न्यायधीकरण अन्तर्गत संवैधानिक र प्रशासकीय कानून न्यायलय देवानी कानुन न्यायलय र फौजदारी अपिल न्यायलय गरी तीन मुख्य विभागको व्यवस्था गरिएको छ । स्विट्जरल्याण्डमा प्रत्यक्ष प्रजातन्त्रको पनि अभ्यास रहेको पाइन्छ किनकी यहाँका हरेक महत्वपूर्ण विषयमा निर्णय गर्दा जनमत सँग्रहबाट गर्ने गरीन्छ । "१ लाख मतदाता जम्मा गर्न सकेमा साधारण नागरीकले पनि संविधान संशोधनको प्रस्ताव प्रस्तुत गर्न सक्दछ" (Rappord, 1936:109)। स्विट्जरल्याण्डको संघीय संरचना केन्द्र, क्यान्टन र कम्युन गरी तीन तहमा रहेको छ । एक आपसमा आबद्ध हुने सिद्धान्त अनुरूप संघीय व्यवस्थामा प्रवेश गरेको "स्विट्जरल्याण्ड बहुजाति र बहुभाषी भएको मुलुकको रूपमा रहेको छ । यहाँ मुल रूपमा तीनजाति बस्छन् भने तीन भाषा फ्रेन्च, जर्मन र इटाली बोलिन्छ । यहाँ भाषागत झुण्डमा बसोबास हुनु र सोही अनुरूप संघ बन्नु मुख्य विशेषता रहेको छ" (राई, २०६५:१७) ।

### ३.९.३ भारत

"भारत ३१, ६६, ४१४ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको मुलुक हो । यहाँ करिब एक अर्ब १० करोड मानिसहरू बसोबास गर्दछन्" (Bagchi, 2006: 77)। भारत स्वतन्त्र हुनुपूर्व बेलायती उपनिवेश रहेको मुलुक हो । सन् १९४७ मा बेलायती उपनिवेशबाट स्वतन्त्र भएपछि संविधानसभा मार्फत संविधान निर्माण गरी सन् १९४९ मा नयाँ संविधान लागु गरीयो । त्यही संविधानले नै भारतमा संघीय शासन व्यवस्थाको संरचना निर्माण गरेको थियो । भारत 'एक आपसमा आबद्ध गराई राख्ने' सिद्धान्त अनुरूप संघीय संरचनामा रूपान्तरित भएको मुलुक हो । "हाल भारतमा २८ वटा राज्य र ७ वटा केन्द्र शासित प्रदेशहरू रहेका छन्" (कँडेल, २०६३:९५) । "भारतमा राज्य निर्माण कार्य अझैपनि चलिरहेको छ । यसले गर्दा भारमा राजनीतिक अस्थिरता बेला बेलामा देखिन्छ" (राई, २०६५:१९) ।

भारत बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुजातीयता भएको मुलुक हो । यहाँ धार्मिक हिसाबले हिन्दु, मुस्लिम, बौद्ध, जैन, सिख र क्रिश्चियन धर्मका मानिसहरू बसोबास गर्दछन् । “भाषाको हिसाबले, हिन्दी, वंगाली, कास्मिरी, अंग्रेजी, उर्दू लगायत १५०० स्थानीय भाषा बोलिन्छ” (Bagchi, 2006:97) । भारतमा कार्यपालिका सम्बन्धी अधिकार मन्त्री परिषद्मा रहन्छ । प्रधानमन्त्री सरकार प्रमुखका रूपमा रहेका छन् भने राष्ट्रपति राज्य प्रमुखका रूपमा रहेका छन् । राष्ट्रपतिले मन्त्रीपरिषद् र प्रधानमन्त्रीको सल्लाह अनुरूपमा कार्य सम्पादन गर्दछन् । भारतीय संसदको तल्लो प्रतिनिधिसभामा बहुमत ल्याउने व्यक्तिलाई राष्ट्रपतिद्वारा प्रधानमन्त्री पदमा नियुक्ति गर्ने र प्रधानमन्त्रीको सिफारिसमा अन्य मन्त्री नियुक्ति गरीने संवैधानिक व्यवस्था रहेको छ । भारतीय संसद द्वि-सदनात्मक रहेको छ । तल्लो सदनका रूपमा प्रतिनिधीसभा र माथिल्लो सदनका रूपमा लोकसभा रहने व्यवस्था गरिएको छ । प्रतिनिधीसभामा जनताले बालिक मताधिकारका आधारमा निर्वाचित गरेका सदस्य रहन्छन् । यसले पुरै संघको प्रतिनिधित्व गर्दछ भने माथिल्लो सदन लोकसभाले विभिन्न राज्यहरू र प्रदेशहरूको प्रतिनिधित्व गरेका हुन्छ । भारतमा न्याय सम्पादन गर्नका लागि एक स्वतन्त्र न्यायपलिकाको व्यवस्था गरिएको छ । न्याय सम्पादन कार्यलाई सहज बनाउनका लागि अदालतहरूलाई तीनतहमा विभाजन गरिएको छ । जहाँ सबै भन्दा माथि सर्वोच्च अदालत, त्यस पछि उच्च अदालत र सबै भन्दा तल्लो तहमा जिल्ला र अञ्चल अदालतहरू रहने व्यवस्था गरिएको छ । “भारतीय न्याय प्रणालीको स्वरूप एकात्मक रहेको छ” (ज्ञवाली, २०६४: ७९) । संघीय शासन व्यवस्था भएपनि भारतमा बढी एकात्मकताको विशेषता पाइन्छ । “यहाँको केन्द्र सरकारलाई प्रदेश तथा राज्य सरकार माथि हस्तक्षेप गरी केन्द्रीय शासन संचालन गर्न सक्ने सम्मको अधिकार रहेको छ” (Jain, 2007:41) । “भारतमा १० वटा राज्यको नाम त्यहाँ अत्याधिक बोलिने भाषाको आधारमा विभाजन गरिएको छ भने केही राज्यको नाम जातिका आधारमा पनि नामकरण गरेको पाइन्छ” (कँडेल, २०६३:९६) ।

## ३.१० संघीयताको सन्दर्भमा नेपाल

विश्वमा धेरै मुलुकहरू एकात्मकबाट संघात्मक र केही राष्ट्रहरू संघात्मकबाट एकात्मक तर्फ फर्केका छन् । यसरी कहिं संघीयता सफल भएका छन् भने कहिं असफल भएको छ । अनुसूचि दुईको तालिका नं. २ मा विश्वमा संघीय शासन प्रणाली सम्बन्धि

घटनाक्रमहरूको विकास उल्लेख गरिएको छ । यहाँ कहिले संघीयतामा उक्त राष्ट्र प्रवेश गऱ्यो र हाल कुन अवस्थामा छ भन्ने उल्लेख गरिएको छ । त्यस्तै अनुसूचि २ को तालिका नं. ३ मा संघीयतामा गएर पनि पुनः कुन कुन मूलुक एकात्मक तर्फ कहिले फर्के भन्ने विवरण उल्लेख छ । यसर्थ संघीयता वा एकात्मक कुन प्रणाली उचित भन्ने कुरा त्यस देशको राजनीति परिवेश र आवश्यकताले निर्धारण गर्ने कुरा हो ।

हिजोका संघीय युगोस्लाभिया लोकतन्त्रको मूल्य, मान्यता र पद्धतिमा बनेको थिएन । कम्युनिष्ट पार्टीको सँगठन र सिद्धान्तले त्यसलाई अँठ्याएको थियो । सोभियत संघमा पनि त्यो कुरा लागु हुन्छ । पार्टी संचालन चाहि केन्द्रीकरणमा र मुलुक चाहि संघीयतामा गएको अवस्था थियो । उनीहरूले पार्टीको केन्द्रीय पकडलाई छोड्न सकेनन् । पोलिटब्युरोले नियन्त्रण गरेर संघीयता चल्न सक्दैन भन्ने कुरा युगोस्लाभिया र सोभियत संघको विघटनले छर्लङ्ग देखाइसकेको छ । संघीय प्रणाली सफल पार्न लोकतन्त्र अनिवार्य शर्त हो ।

हिजो एकात्मक केही देशहरूमा आज संघीयता सफल भएका छन् । जस्तो वेल्जियम सन् १९९३ सम्म यो मुलुक एकात्मक थियो । त्यहाँ सन् १९७० देखि नै भाषिक, जातीय, साँस्कृतिक मुद्दाहरूको टुङ्गो लगाउनु पर्ने कुरा उठ्न थालेको थियो । १९८० तिर पुग्दा देश टुक्रने पो हो कि भन्ने अवस्था सम्म आयो । त्यसै भएर १९९३ मा उनीहरू संघीय संविधान निर्माण गरेर संघीय पद्धतिमा गए । स्पेनमा सन् १९७८ मा संविधान बनाउँदाका बखत वास्क क्षेत्र लगायत केही भू भागमा द्वन्द्व चलिरहेको थियो । त्यसलाई सम्वोधन गर्न उनीहरूले वास्क लगायतका अन्य दुई क्षेत्रलाई स्वायत्तता प्रदान गरे । पछि दुई तीन क्षेत्रलाई मात्र किन स्वायत्तता दिने सबै क्षेत्रलाई दिँदा भइहाल्छ भनेर सबैलाई स्वायत्तता प्रदान गरे ।

पछिल्लो समय एकात्मकबाट जातिय संघीयतामा जाने मुलुक नाइजेरिया र इथियोपिया हो । नाइजेरियामा शुरुमा तीन र हाल ३६ वटा जातिय राज्यहरू छन् (बराल, २०६६) सन् २००१/२००२ तिर इथियोपिया टुक्रियो र इरिट्रिया भन्ने छुट्टै देश बन्यो । तर त्यसपछि पनि देश टुक्रिन्छ कि भन्ने चिन्ताले इथियोपियनहरूलाई छाडेन । परिणामतः उनीहरू पनि संघमा गए । इथियोपिया र नाइजेरिया दुवै अफ्रिकी मूलुक र जातिय संघीयता भएका राष्ट्रहरू हुन् । संघीय राष्ट्र भए पनि हिंसा, गरीबी, अराजकता र भ्रष्टचारका रुपमा यी दुई राष्ट्र चर्चित नै छन् । एकात्मक भएर पनि चीन र वेलायत जस्ता राष्ट्र विकसित र शक्ति सम्पन्न मुलुक हुन् । जे होस् संघीयता र यसको स्वरुप राष्ट्रको आफ्नो आवश्यकता

र परिवेशको पर्याय हो । राष्ट्रका सबै प्रकारका मानव समूहको हित संवोधन भएमा संघीयता सफल भएका उदाहरण पनि प्रशस्तै पाइन्छन् ।

नेपालमा प्राचीनकाल देखि कायम रहदै आएको राजतन्त्रात्मक एकात्मक शासन व्यवस्था यहाँ असफल भएको छ । यो व्यवस्था अलोक प्रिय भएका कारण नेपाली जनताले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न चाहेका हुन् । नेपालको अन्तरिम संविधान २०६३ को तेस्रो संशोधन २०६४ अनुसार नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरीसकिएको छ र संविधानसभाको पहिलो बैंठकले यसलाई अनुमोदन गरीसकिएको छ ।

विश्वका विभिन्न देशमा स्थापित भई प्रयोगमा आएका संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अवलोकन, अध्ययन एवम् अनुभव र यहाँको राजनीतिक दलका नेता, कार्यकर्ता र जनताहरूले यसलाई लागु गरी सफल पार्ने दृढ प्रतिवद्धताका कारण नेपालमा पनि संघीय  लोकतान्त्रिक गणतन्त्रलाई सफल पार्न विशेष योगदान पुग्ने देखिएको छ । नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र सफलताका प्रमुख आधारहरू निम्न अनुसार छन् :-

- अमेरिका १३ वटा राज्यबाट सुरु भई हाल ५० वटा राज्य भएको अध्यक्षात्मक संघीय लोकतान्त्रिक गणतन्त्र हो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन सफल भएका कारण राज्यहरूको संख्यामा वृद्धि भई हाल यो विश्वको एक मात्र महाशक्ति राष्ट्र बन्न सफल भएको छ । नेपालका लागि यहाँको शासन प्रणाली महत्वपूर्ण आधार बन्न सक्छ ।
- स्वीट्जरल्याण्ड बहुलवादी संघीय लोकतान्त्रिक गणतन्त्र हो । नेपाल भन्दा सानो करिब १ करोड जनसंख्या भएको खासै प्राकृतिक स्रोत नभएको भुपरिवेष्ठित बहुभाषिक र बहुजातीय देश हो । यहाँको शासन नेपालको संघीयता सफलताको मार्ग दर्शन हुन सक्छ ।
- २८ वटा प्रान्तीय राज्यहरू र ७ वटा केन्द्र शासित प्रदेश भएको भारत एक विशाल गणतान्त्रिक मुलुक हो । यो जाति, भाषा र धर्ममा विविधता भएको सार्वभौमसत्ता सम्पन्न धर्म निरपेक्ष राज्य हो । यो मोडल नेपालको लागि मार्गदर्शन हुन सक्छ ।
- विश्वमा एकदलीय अधिनायकत्व कायम भएका देशहरू विखण्डित भएका छन् । नेपाल पनि मध्यकालमा विभाजित भई बाइसे र चौविसे राज्य बनेको थियो । पृथ्वीनारायण शाहले यी राज्यहरूलाई एकीकरण गरी एक जाति, एक भाषा र एक

धर्म एवं संस्कृतिमा सीमित राख्दा पनि यिनीहरू पुनः आफू स्वतन्त्र हुने प्रयास गरेनन् । अहिले पनि केही एक दुई वटा साना राजनीतिक तथा जातिय समूह बाहेक न त मधेशवादी प्रमुख दलहरू न त कुनै दलहरूले अलग राज्यको कुरा गरेका छन् । हाम्रो जस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देशमा संघीय शासनको आवश्यकता महशुस गरिएको छ । आवश्यकता बमोजिम नेपालका मौलिक मोडलमा संघीयता स्थापना भए सहज रूपमा स्वीकार गर्नेछन् ।

- नेपालमा संघीय प्रणाली अपनाउनु पर्ने प्रमुख कारण निरङकुश राज संस्था हो । २००७ साल देखि संविधानसभाको निर्वाचन गराई संविधान दिन्छौ भनी राजा त्रिभुवनले भनेता पनि उनी र उनी पछिका उत्तराधिकारीहरूले प्रत्यक्ष अप्रत्यक्ष शासन गरीरहे । संसद विघटन र प्रत्यक्ष शासनको खेल २०१७ साल देखि २०६२ सम्म नै रहयो । यस्तो तानाशाही खेल फेरी नहोला भन्न सकिन्न तर संघीयताको सिद्धान्त अंगालियो भने केन्द्रमा संसद विघटन हुँदा पनि प्रदेशमा संसद रहि रहन सक्छ । सरकार रहिरहन सक्छ । एकै पटकमा तल देखि माथि सम्म सबै समाप्त गर्न सकिने अवस्था आउँदैन । त्यस्तै लामो समय निरङकुश राजतन्त्रमा रहेका र प्रजातान्त्रिक असमावेशी भएकोले पछिल्लो समयमा नेपाली जनताले रोजेको संघीय लोकतान्त्रिक गणतन्त्र देशमा शान्ति, प्रगति, सामाजिक न्याय र विकास गर्न सफल हुने अपेक्षा गरिएको छ ।

- संघात्मक शासन व्यवस्था परम्परागत कानुनबाट चल्न सक्दैन । यो व्यवस्थामा केन्द्र र राज्यहरूका अधिकार संविधानमा नै प्रष्ट रूपमा किटान गरिएको हुनुपर्छ । यसो नगरीएमा संघीय राज्य र समवर्ती सूचीका विषयहरूमा विवाद उत्पन्न हुन जान्छ । यस कार्यका लागि कठोर संविधानको आवश्यकता पर्दछ । नेपालले आज सम्म दुई वटा जनआन्दोलन सफल पारिसकेको छ र जनताको आवश्यकता अनुसारको संविधान बनाउन रूपरेखा तयार पारेको छ । सबै जाति, वर्ग, समुदाय, भाषा, धर्म, समुदाय र संस्कृतिका व्यक्तिहरूको प्रतिनिधित्व हुने गरी निर्माण भएको ठुलो आकारको संविधानसभाका सदस्यहरूले निर्माण गर्ने संविधान निश्चय नै जन इच्छा अनुसारको संविधान हुने छ । नेपाली जनताको भाग्यरेखा कोर्न योगदान पुऱ्याउनेछ । नेपालमा संविधान सभाबाट सबभन्दा पहिला निर्माण हुने संविधानले यहाँ संघीय लोकतान्त्रिक गणतन्त्र सफलताको प्रमुख आधार बन्ने अपेक्षा गरिएको छ ।

## ३.११ लोकतन्त्र र यसको समावेशी स्वरुप

संघीयता र लोकतन्त्र एक अर्काका परिपूरक छन् । लोकतान्त्रिक अभ्यासको अभावमा संघीयता टिक्न सक्दैन र बहुजातीय देशमा स्वायत्तताको अभावमा लोकतन्त्र बाँच्दैन । संघीयताको दुबै केन्द्र र राज्य/प्रदेशमा लोकतन्त्र आवश्यक छ । संघीयता त्यसबेलामात्र लोकतान्त्रिक हुन्छ, जतिवेला स्थानीय निकायहरू लोकतान्त्रिक तरीकाले सँगठित हुन्छन् र स्थानीय निकायमा सर्वसत्ताबादी हुन नसक्ने स्थिती बनाइएको हुन्छ ।

अब्राहम लिंकनले लोकतन्त्रलाई 'जनताले, जनताको लागी, जनताद्वारा शासन' मानेका छन् । अंग्रेजी शब्द 'Democracy' बाट अनुवादित पर्याय प्रजातन्त्र र लोकतन्त्र शब्द नेपाली समाजमा २०६३ सालको जनआन्दोलन अघि प्रजातन्त्र भन्ने गरीन्थ्यो । २०४६ सालको जनआन्दोलन पछिको प्रजातन्त्रलाई शिशु प्रजातन्त्र भनिएको थियो । राजतन्त्र बिना प्रजातन्त्रको अस्तित्व कायम रहन सक्दैन भन्ने अर्थ लगाएर संवैधानिक राजतन्त्रद्वारा बहुदलीय प्रजातन्त्रको संरक्षण र संवर्द्धन गर्ने व्यवस्था मिलाइएको थियो । प्रयोग तथा व्यवहारको दृष्टिले प्रजा भनेको परनिर्भर, शासित जनता अथवा रैती र राजालाई प्रजापालक भनिएको हुन्छ । त्यसैले जनआन्देलन २०६३ ले प्रजातन्त्रको वकालत गरेन, हाम्रो देशमा प्रजातन्त्रको प्रयोग र व्यवहारलाई हेर्दा प्रजातन्त्र प्रजा, रैती असक्षम जनताहरूमाथि राजा अथवा शासकहरूको शासन हो । लोकतन्त्र जनताको जनताका प्रतिनिधिहरूद्वारा जनताका लागी गरीने शासन हो भन्ने अर्थ लाग्न थाल्यो । यसलाई शासकले पालन-पोषण गर्नु पर्दैन । यो आत्मनिर्भर एवम् बालिग हुन्छ । परम्परागत अर्थ अनुसार प्रजातन्त्र राजतन्त्रात्मक हुन्छ भने लोकतन्त्र गणतन्त्रात्मक पनि हुन्छ । परम्परागत प्रजातन्त्र भनेको उदारवादी संसदीय व्यवस्थालाई बुझिन्छ । जातिय, भाषिक, धर्म, क्षेत्र आदि द्वारा खासै विभाजित नभएको राष्ट्रमा यो उपयुक्त भए पनि उपरोक्त आधारमा विभाजित राष्ट्रहरूमा यस्तो परम्परागत प्रजातन्त्रले काम गर्न सक्दैन । विभाजित समाजमा सबै शक्ति आकांक्षी राजनीतिक र जातीय समूहहरूलाई सहमतीय लोकतन्त्रद्वारा मात्रै उनीहरूको हित सम्बोधन हुन सक्दछ र राष्ट्रमा शान्ति र प्रगति आउन सक्दछ (Baral, 2010)।

आजको लोकतन्त्र भनेको बहुमतको वा जनताको प्रतिनिधिहरूको शासनको मात्रै नाम हैन यो न समाज र राज्यको स्वरूपको नाम पनि हो । राज्य र समाजको बनोट अनुसार सबै वर्ग, तह र समूहका मानिसहरूको शासन सत्तामा प्रतिनिधित्व र पहुँच छ छैन ? उनीहरूको राज्यको नीति निर्माणमा सहभागिता छ छैन ? जहाँ यस्तो छ त्यो

व्यवस्था नै समावेशी लोकतन्त्र भनिन्छ जसले शान्ति, स्थिरता र विकास गर्दछ । यसको प्रतिकूल भएमा अशान्त, अराजकता र द्वन्द्व मात्रै हुन्छ भन्ने कुरा विश्व इतिहासले देखाएको छ (Baral, 2008, Baral, 2010) ।

## लोकतन्त्रका आधारभूत सिद्धान्तहरू यस प्रकार छन् :-

### १) स्वतन्त्रता (Liberty)

लोकतन्त्रको बिचार र आन्दोलनको ईतिहासमा स्वतन्त्रता शब्दको प्रयोग विविध अर्थमा भएको छ । एक राजनीतिक आदर्शका रूपमा स्वतन्त्रताका सकारात्मक र नकरात्मक दुई पक्ष छन् । कुनै पनि वन्धनको अभाव हुनु यसको नकरात्मक पक्ष हो । यसलाई व्यक्तिको जन्मसिद्ध अधिकार ठान्नु हुँदैन । व्यक्तिले आफ्नो निर्णय आफै गर्न पाउने अवसर प्राप्त हुनुपर्छ । व्यक्ति समाजबाट बाहिर रहन सक्दैन । स्वतन्त्रतालाई समाजले नै उत्पन्न गर्छ । लोकतन्त्रको प्रमुख आधार स्वतन्त्रता हो । लोकतान्त्रिक सरकारमा अन्य सरकारहरूमा भन्दा बढी स्वतन्त्रता हुन्छ । यस्तो सरकारले विरोधीदलहरूको आलोचनालाई स्वीकार गर्छ । साथै संकटको समयमा यिनीहरूबाट सल्लाह समेत लिन्छ । लोकतान्त्रिक देशहरूमा विरोधी दल र समाचार पत्रहरूलाई सरकारको आलोचना गर्ने पूर्ण अधिकार हुन्छ ।

### २) समानता (Equality)

समानता लोकतन्त्र स्थापनाको प्रमुख आधार हो । यसको अर्थ प्रतिफलको समानता नभएर अवसरको समानता हो । यसमा जाति, भाषा, धर्म र संस्कृतिका आधारमा कसैलाई पनि भेदभाव गरीदैन । छुवाछुतको अन्त्य हुन्छ । व्यक्ति कानुनको दृष्टिमा बराबर हुन्छ । सामाजिक, आर्थिक र राजनीतिक समानता स्थापित हुन्छ । वालिग मताधिकार कायम हुन्छ । लोकतन्त्रमा आर्थिक, सामाजिक र राजनीतिक समानताले स्थान पाउँछ । नेपाल, भारत, बंगलादेश, श्रीलंका र मािल्दभ्स जस्ता दक्षिण एसियाका विकासशील देशहरूमा राजनीतिक स्वतन्त्रताका अनुपातमा आर्थिक समानता कायम हुन सकेको छैन । यसै गरी विश्वका विकसित देश बेलायत, फ्रान्स, जापान, बेल्जियम, हल्याण्ड, डेनमार्क, स्वीडेन, नर्वे, इटाली, जर्मनी र संयुक्त राज्य अमेरीकामा पनि सामाजिक, आर्थिक एवं राजनीतिक समानता कायम गर्ने प्रयास व्यापकरूपमा भएको पाईन्छ ।

## ३) भ्रातृत्व (Fraternity)

स्वतन्त्रता र समानता बीचका संघर्षलाई भ्रातृत्वको भावनाद्वारा सहजरूपबाट हटाउन सकिन्छ । यसको माध्यमबाट राष्ट्रिय एवम् अन्तराष्ट्रिय क्षेत्रमा शान्ति कायम गर्न सकिन्छ । नेपाल गौतम बुद्धको समय देखिनै शान्तिप्रिय देशको रूपमा विश्वसामु परिचित हुँदै आएको छ । भारत हिन्दमहासागर क्षेत्रलाई शान्तिक्षेत्र बनाउन चाहन्छ । असंलग्न परराष्ट्र नीति कायम राख्न चाहने विश्वका लोकतान्त्रिक मुलुकहरू निःशस्त्रीकरणमा जोड दिन्छन् । शक्ति राष्ट्रहरूको शस्त्र-अस्त्रको दौडले विश्व शान्तिमा गम्भीर खतरा उत्पन्न गरेको छ । लोकतान्त्रिक मुलुकहरूले भ्रातृत्व एवम् विश्वबन्धुत्वको भावनामा जोड दिने गरेको हुँदा विश्व शान्ति स्थापना गर्नमा महत्वपूर्ण योगदान पुगेको छ ।

## ४) विवेकमा बिश्वास (Belief in rationality)

लोकतान्त्रिक धारणाले मानिस एक विवेकशील प्राणी ( A rational being) हो भन्ने मान्यतालाई स्वीकार गर्छ । ऊ कार्य सम्पादन गर्न, सिद्धान्त निर्माण गर्न र आफ्ना व्यक्तिगत इच्छाहरूलाई ती सिद्धान्त अन्तर्गत अधीनस्थ बनाइराख्न सक्षम हुन्छ । विवेकको अभावमा लोकतन्त्र सफल हुन सक्दैन । विवेकको प्रयोगबाट बहुमतले अल्पमतको संरक्षण गर्छ । वर्तमानको विकसित युगमा लोकतन्त्रमा आधारित विवेकपूर्ण शासन व्यवस्थालाई सबैले स्वीकार गर्छन् । निरंकुश शासन व्यवस्था विवेकपूर्ण नहुने हुँदा आजको लोकतान्त्रिक युगमा यसलाई कुनै पनि व्यक्तिले समर्थन गर्दैन ।

## ५) शासकहरूको व्यवस्थित रूपबाट परिवर्तन ( Systematic change of rulers)

परम्परागत शासन व्यवस्थाको परिवर्तन बल प्रयोग, सशस्त्र क्रान्ति वा हिंसाको माध्यमबाट हुने गर्दथ्यो । वर्तमानका लोकतान्त्रिक मूलुकहरूमा अहिंसात्मक आन्दोलनहरू हुन्छन् र शासकहरूको संबैधानिक प्रकृयाबाट परिवर्तन हुन्छ । राष्ट्राध्यक्षहरूलाई संबिधान अनुसार महाभियोग लगाइन्छ र अविश्वासको प्रस्ताव पारित गरी पदमुक्त गरीन्छ । यो एक शान्तिपूर्ण उपाय हो । समय परिवर्तनका साथ यस्ता संबैधानिक प्रक्रियाले स्थान पाउँदै गएका छन् । पूर्ण लोकतान्त्रिक अवस्थामा शान्तिपूर्ण अथवा संवैधानिक तरीकाबाट सत्ताको हस्तान्तरण हुने गर्छ ।

## ६) न्यायको स्थापना ( Establishment of Justice)

न्यायिक व्यवस्थाले लोकतन्त्रको मूल्य र मान्यतालाई प्रभावकारी बनाउँछ । स्वतन्त्र न्यायपालिकाको स्थापनाबाट राजनीतिक स्वतन्त्रता प्राप्त हुन्छ र सुरक्षा कायम हुन्छ । यसमा विभिन्न हित समूहहरूलाई उनीहरूको संख्याको आधारमा उनीहरूको प्रतिनिधित्व गराइन्छ । कानुनको प्रयोग निष्पक्ष रूपमा हुन्छ । कानुनको नजरमा सबै व्यक्ती समान हुन्छन् । पश्चिमी देशहरूमा न्यायलाई यसै अर्थमा प्रयोग गरीन्छ ।

## ७) विवादको शान्तिपूर्ण समाधान ( Peaceful solution of conflict)

लोकतान्त्रिक व्यवस्थामा संघर्षले बैधानिकता प्राप्त गर्छ । समय समयमा देखापर्ने शक्ति संघर्षहरूलाई राजनीतिक सम्झौताद्वारा समाधान गरीन्छ । विशेष गरी यस्ता संघर्षहरू लोकनीतिका आधारमा समाधान हुन्छन् । निर्वाचकहरूलाई आफ्नो पक्षमा ल्याउनका लागी प्रतिनिधिहरूले नीतिहरूमा सम्झौता गर्छन् । नागरीकहरूले स्वतन्त्रताको उपयोग गर्दै वादविवाद, आन्दोलन र हडतालहरू गर्छन् । नीति सम्बन्धी सैद्धान्तिक लोकतान्त्रिक व्यवस्थामा आवश्यकता अनुसार नीति निर्धारण गरी विवादलाई शान्तिपूर्ण तरीकाबाट समाधान गरीन्छ । यद्यपि सरकारले दमन र अनुनय (Coercian and persuasion) कार्यलाई आधार बनाएको हुन्छ तापनि आधुनिक सरकारहरूले अपनाउने अन्तिम उपाय सम्झौता अथवा सहमति नै हो । "कुशल शासकहरू शस्त्र अस्त्रको प्रयोग भन्दा मतपत्रको प्रयोगलाई बढी प्रभावकारी ठान्छन् । यो नै समस्या समाधानको प्रभावकारी शान्तिपूर्ण उपाय हो" (भण्डारी २०६५:५३) ।

संघीयताको सफलताका लागि पूर्ण लोकतन्त्र आवश्यक पर्दछ । संघीयता संबिधानवाद तथा विधिको शासनमा आधारित लोकतान्त्रिक सरकार प्रणाली हो । अलोकतान्त्रिक मूलुकहरूमा यो लज्जास्पद हुन सक्छ । संघीय संबिधान भए पनि कम्यूनिष्ट शासनको बेला सोभियत संघ, युगोस्लाभाकिया र चेकोस्लाभाकिया वास्तविक संघ थिएनन् । सबै वास्तविक अधिकारहरू कम्युनिष्ट पार्टीमा केन्द्रित थियो । नाइजेरिया र पाकिस्तानमा सैनिक शासन तथा संघीय लोकतन्त्र आउने जाने भइरहेको छ । अतः "पूर्व कम्यूनिष्ट मूलुकहरूमा संघीय संरचनाले तिनीहरूलाई टुक्रयाउने भूमिका निर्वाह गऱ्यो" (जर्ज एण्डसन, २०६४:१२) ।

## ३.१२ नेपालमा संघीयता र समावेशी लोकतन्त्र

नेपाल जस्तो सांस्कृतिक, जातिगत, धार्मिक र क्षेत्रीय विभिन्नता (Diversities) भएको मूलुकमा समावेशी र सबैको राजनीतिक सहभागिता र स्रोत साधनमा पहुँच अति आवश्यक छ । नेपालमा 'बहुमतले सबै खाने' खाले लोकतन्त्रले देशलाई न विकास दिन सक्यो न लोकतन्त्र नै बचाउन सक्यो । त्यसैले 'बहुमतले सबै खाने' खाले लोकतन्त्रको सट्टा समावेशी लोकतन्त्रको स्थापना जरुरी छ । अवधारणागत रूपमा "समावेश" लाई दुई तरीकाले प्रयोग गर्न सकिन्छ । प्रथमतः पर्याप्त प्रतिनिधित्वका आधारमा राज्यका निर्णय प्रक्रियाहरूमा पहुँच बनाउनु र दोस्रो राज्यका विभिन्न अंगहरूमा, क्षेत्रहरूमा तथा राष्ट्रिय जीवनको हरेक अंगहरूमा सहभागी गराउनु । नेपालमा हालसम्मको संबिधान निर्माण आयोग मार्फत विज्ञहरूबाट निर्माण भएका थिए । यसमा व्यापक सहभागिता थिएन । त्यसैले हालको संबिधानसभामा समावेशी प्रतिनिधित्व रहेको छ । विश्वको ईतिहासमा सबैभन्दा समावेशी संबिधानसभा मानिएको नेपालको संबिधानसभामा विभिन्न जात, जाति, वर्ग, समुदाय, क्षेत्र, अल्पसंख्यक, महिला, अपाङ्ग आदि समेटिएको छ । हुनसक्छ कुनै पनि मस्यौदा सहमतिमा पुग्न कठिन हुनेछ तर आमसहमतिमा स्वीकृत भएमा मजबुत हुनेछ भन्ने धारणा रहेको छ । लोकराज बरालका अनुसार समावेशिताले जनताको मात्र प्रतिनिधित्व गर्दैन यो जनतालाई आफु सशक्त महशुस गराउने तथा अधिकारहरूसम्मको पहुंच र स्रोतहरू माथि नियन्त्रण गर्ने एक प्रकारको सशक्तीकरणको शिक्षा दिने प्रक्रिया पनि हो । यो सिद्धान्त अवलम्बन नगर्ने प्रक्रिया असफल जस्तै हुन्छ । सबै दल, समूह, दलित, मधेशी, जनजाति तथा महिलाहरू प्रक्रियामा सहभागी हुनुपर्दछ र राज्यमा अपनत्व रहेको महशुस गर्नु पर्दछ । कहिलेकाही नेपाल विखण्डनतिर जाँदैछ कि भन्ने कुरा आउँछ, उदाहरणकोलागि मधेशीका आफ्नै माग छन् । नेपालको पश्चिमी जनता आफूलाई पछाडि पारिएको ठान्छन्, त्यसरी नै जनजाति, दलितका विभिन्न आवाजहरू आदिको अर्थ आफूलाई देश निर्माण प्रक्रियामा बढी उत्तरदायी, पारदर्शी तथा व्यापक सहभागितामुलक हुनु पर्दछ भन्नु हो ।

नेपालमा प्रजातन्त्र वा लोकतन्त्रको इतिहास त्यति लामो छैन । २००७ सालमा लामो निरंकुश र सामन्ती शासनबाट प्रजातन्त्र स्थापना भएता पनि यसको अभ्यास हुँदा नहुँदै १० वर्ष मै अन्त्य भयो । नेपाली जनताले आधारभूत मानवअधिकार र प्रजातन्त्रको प्राप्ति २०४६ को जनआन्दोलनबाट प्राप्त गरे । यसबाट जनतामा केही राजनीतिक चेतना

फैलियो तर राजनीतिक व्यवस्था असमावेशी र केन्द्रीकृतभएकोले सिमान्तकृत जाति जनजाती समूहका मागहरूलाई सम्वोधन गर्न सकेन । यिनको मागलाई समेट्दै २०५२ मा माओवादी जनयुद्ध भयो, जसले जातीय र दलित समूहका लागि राजनीतिक र सामाजिक न्यायको अभियानलाई सहयोग पुऱ्यायो । प्रजातन्त्रको स्वरूप परम्परागत र राजनीतिक दलहरूको यथास्थितिका कारण फेरि निरंकुश राजतन्त्रले नेपाली राज्य सत्तामा नियन्त्रण कायम गऱ्यो । जसको विरुद्ध अन्ततः मूलधारमा रहेका राजनीतिक दलहरू र विद्रोही माओवादीको सयुक्त जन आन्दोलन २०६३ भयो । यसले राजतन्त्रको ठाउँमा गणतन्त्र र परम्परागत असमावेशीको ठाउँमा संघीय समावेशी व्यवस्थाको मार्ग प्रशस्त गरायो । परिवर्तित संघीय गणतन्त्रमा पिछडिएका र सिमान्तकृत मानव समूहहरू राज्यका नीति निर्माण र स्रोत साधनको पहुँचमा ठूलो अपेक्षा राखेका छन् । यसलाइ संघीय र समावेशी लोकतन्त्रको व्यवस्थाले मात्रै नेपाल सच्चा लोकल्याणकारी राष्ट्रको रूपमा परिभाषित हुन सक्ने देखिन्छ ।

# परिच्छेद : चार

# नेपालमा प्रस्तावित संघीय व्यवस्था र मगराँत

## ४.१ नेपालमा संघात्मक राज्यव्यवस्थाको पृष्ठभूमि

विगत केही वर्ष यता मुख्यतः २०६२-६३ को जनआन्दोलनको सफलता पछि नेपाली राजनीतिको एक प्रमुख विषयका रूपमा संघीयता राज्य पुनर्संरचनाको अभिन्न अंग बन्न पुगेको छ । राज्यको परम्परागत सामन्ती र एकीकृत स्वरूपको विभेदकारी संरचनाले गर्दा सिमान्तकृत र बहिर्गमनमा परेका समूहहरूको मागलाई सम्बोधन गर्न र सामाजिक न्याय प्रदान गर्न असफल भएका कारणले संघीयतानै यी सबै समस्याहरूको निरूपणको लागि एक उत्तम विकल्प हुन सक्दछ भन्ने महशुस गरिएको छ । त्यसैले संबिधानसभाका विभिन्न १४ वटा समितिहरू मध्ये राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको बहुमतले १४ राज्यको र अल्पमतले ६ राज्यको प्रस्तावित मस्यौदा तयार पारिसकेको छ । विभिन्न पार्टीहरू तथा विशेषज्ञहरूद्वारा संघीयताको स्वरूप बारेमा मध्यनजर राख्दै राज्य पुनर्संरचना विषय विचाराधीन अवस्थामा नै छ ।

## ४.१ क नेपालमा संघात्मक राज्य व्यवस्थाको ऐतिहासिक पक्ष

“नेपालमा संघीय शासन व्यवस्थाको माग सर्वप्रथम ‘तराई कांग्रेस’ पार्टीका तर्फबाट बेदानन्द झा ले सन् १९५३ मा गरेका थिए” (Joshi, 2004: 138) । “सन् १९९० मा नेपालमा प्रजातन्त्रको स्थापना भएपछि राष्ट्रिय जनमुक्ति पार्टी र सद्भावना पार्टीले पुन संघीय व्यवस्थाका लागि आवाज उठाए तर उनीहरूको आवाजमा जनताको समर्थन जुटाउन नसके पछि यो विषय त्यसै हरायो” (खनाल, २०६४:२) । जन आन्दोलन २०६२/६३ बाट भएको राजनीतिक परिवर्तन पछि पुनः संघीयताको विषयले प्रवेश पाएको छ । “नेपालमा लामो समयदेखि जारी रहेका विभिन्न खाले राजनीतिक आन्दोलनको परिणाम नेपालको अन्तरिम संविधान २०६३ को तेस्रो संशोधनबाट नेपाल संघीयतामा प्रवेश गरेको छ” (मानन्धर र अन्य, २०६४:५) । “नेपालको अन्तरिम संविधान २०६३ (दोस्रो संशोधन) ले २०६४ मंसिर महिनाभित्र संविधान सभा निर्वाचन सम्पन्न गर्ने उल्लेख गरेको भए पनि त्यस अनुरूप निर्वाचन हुन नसके पछि संविधानमा तेस्रो संशोधन २०६४/०९/१३ मा गर्दै नेपाल

एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुने र गणतन्त्रको कार्यान्वयन संविधानसभाको पहिलो बैठकबाट गरीने व्यवस्था गरिएको धारा १५९ (१) र (२) मा उल्लेख छ" (नेपालको अन्तरिम संविधान २०६३, तेस्रो संशोधन सहित २०६४: ७५) । मूलुक संघीयतामा प्रवेश गरीसके पनि  शासन व्यवस्थाको संरचना त्यस किसिमको भैसकेको छैन । संघीय संरचना कस्तो हुने बहस चलिरहेको छ । वि.सं. २०६२/०६३ को जनआन्दोलन र २०६३ को मधेश आन्दोलनले नेपालमा संघीय व्यवस्थालाई बहसमा ल्याएको हो । हाल यसका लागि विभिन्न पक्षहरूबाट छलफल घनिभूत रूपमा चल्न थालेका छन् । सन् १७६८ मा तल्कालीन गोरखा राज्यका राजा पृथ्वीनारायण शाहले शुरु गरेको गोरखा राज्य विस्तारको अभियान पश्चात सन् १८१६ मा भारतको बेलायती शासकसँग सुगौली सन्धिमा नेपालको तर्फबाट हस्ताक्षर नगरेसम्म नेपालको सिमाना विस्तार र संकुचनको क्रम जारी रहेको पाइन्छ । सन् १८१६ को सुगौली सन्धिले आधुनिक नेपालको सिमाना निर्धारण गरेपछि नेपालको आन्तरिक राजनीतिमा थुप्रै उतारचढावहरू देखिए । अनेकन शासकहरू फेरवदल भए तर राज्य व्यवस्थाको स्वरूपमा कुनै परिवर्तन आएन र झण्डै अढाईसय बर्ष देखि केन्द्रीकृततथा एकात्मक ढाँचामा नेपालको राज्यसत्ता निरन्तर संचालन हुँदै आएको पाइन्छ ।

"नेपाल राज्यको उत्पत्तिदेखि नेपाल एकीकरणको समयसम्म नेपालमा महिषपाल, गोपालवंशी, किराँतबंशी, लिच्छिवि तथा मल्लहरूले शासन गरे । उनीहरूको शासनकालमा शासन संचालन गर्न विभिन्न स्थानीय निकाय गठन गरिएको भएता पनि ती सबै केन्द्रका सहयोगीका रूपमा रहेका थिए" (देवकोटा, २०३६ :३३० । यस बेलामा संघीय व्यवस्थाको कुनै संरचना रहेको देखिदैन । "पृथ्वीनारायण शाहले नेपाल एकीकरण थाले देखि भने आफ्नो आश्रय स्वीकार गर्ने राज्यलाई स्थानीय स्वायत्तता दिने नीति लिएका थिए" (के.सी.; २०६३ :२) । यस क्रममा "जाजरकोट, गरहुँ, सतहूँ, रिसिँग, भिरकोट, आदि राज्यलाई सिर्तोका रूपमा केन्द्रलाई निश्चित रकम बुझाउने शर्तमा स्वायत्तता प्रदान गरेका थिए" (Thapa, 1980:37)।

त्यसै गरी "सन् १८३१ मा पूर्व विजयपुर अन्तर्गतका माझ किराँत र पल्लो किराँतलाई किपट प्रथाको रूपमा आर्थिक प्रशासनको अधिकार दिँदै स्वायत्तता दिएको पाइन्छ" (वैद्य र मानन्धर, २०३५:२९) । यस्तो कार्यलाई संघीय शासन संरचनाको एक प्रारूप मान्न सकिन्छ । यस्तो व्यवस्थालाई धेरै समय सम्म रहन नदीई केही समयपछि "नेपाललाई तराईमा बारा, पर्सा, सप्तरी, महोत्तरी र रौतहट तथा पहाडमा धनकुटा, चैनपुर,

डोटी, पोखरा, पाल्पा, गरी कूल दश जिल्लामा विभाजन गरी स्थानीय इकाईलाई केन्द्रीय शासनको सहयोगी अंगका रूपमा विकास गर्दै केन्द्रीय शासनलाई बलियो बनाईयो" (शर्मा, २०३३:४१) । "त्यस देखि नेपालमा केन्द्रीकृत र एकात्मक व्यवस्था निरन्तर अगाडि बढ्दै गयो भने शासन व्यवस्थामा पनि सिमित व्यक्तिको हालिमुहाली र बोलबाला रहन थाल्यो" (Thapa, 1980 :44) । राणा शासनमा पारिवारिक सत्ता केन्द्रीकृत गरी सामन्ती व्यवस्था लागू गरीयो । शासन सत्ता सञ्चालनार्थ स्थानीय स्तरमा गौडा, गोश्वारा र जिल्ला तहमा ३५ जिल्लामा नेपाललाई बाँडिएको पाइन्छ । राणा शासनको अन्त्य पछि लगभग १० वर्ष स्थानीय शासनको स्वरुपमा खासै फेरबदल भएन । २०१९ साल वैशाख १ गते प्रशासनिक दृष्टिकोणले १४ अञ्चल ७५ जिल्ला र ४ हजार गाउँमा विभाजित गरीयो । २०३२ मा ४ विकास क्षेत्र र २०३८ मा थप १ गरी ५ विकास क्षेत्रमा नेपाललाई विभाजन गरीयो । यस्तो किसिमबाट अढाईसय वर्ष सम्म देशको शासन संचालनमा रहयो । प्रजातन्त्र, पञ्चायती निरंकुश शासन तथा बहुदलीय प्रजातन्त्र गरी विभिन्न शासन व्यवस्थाहरूमा देशको शासन शैली र शासकहरू परिवर्तन भए । "यस बीचमा समयक्रमसँगै भएका परिवर्तन बाहेक राज्यको असमानपूर्ण संरचनाको आधारभूत रूपमा कुनै परिवर्तन हुन सकेन" (के.सी., २०६३:३) ।

## ४.१ ख नेपालमा संघात्मकताको आवश्यकता

"नेपालमा विद्यमान एकात्मक र केन्द्रीकृत निरंकुश राज्य व्यवस्थाबाट सही किसिमले राज्य प्रशासन चल्न सक्दैन भन्ने निष्कर्षमा नेपालका सामाजिक मुक्तिका पक्षधरहरू, बौद्धिक व्यक्तित्वहरू, राजनीतिक दलहरू पुगेपछि वि.सं. २०४६ सालको जनआन्दोलन भएको थियो" (अधिकारी, २०६३:११) । उक्त जनआन्दोलन पछि वि.सं. २०४७ मा बनेको नेपालको संविधान २०४७ ले नेपाललाई बहुभाषी, बहुजाति तथा भौगोलिक विविधताको समाजको रुपमा संवैधानिक व्यवस्था पहिलो पटक गरी नेपाल विविध संस्कृति भएको देश हो भन्ने उल्लेख गऱ्यो तर सो अनुरुप तस्वीर प्रष्ट देखिने गरी नयाँ संरचना निर्माण गर्न सकेन, जसले गर्दा जनजाति, दलित, महिला, मधेशी आदिले राज्यबाट लामो समयदेखि शोषण, उत्पीडन भोगिरहेका जनताले आफूमाथि अन्याय भएको मान्नु स्वभाविक मान्न सकिन्छ । राज्यले आफ्नो जाति, भाषा, धर्म र संस्कृति माथि दमन भै पहिचानकै संकट भोग्नु परेका आदिवासी जनजाती, मधेशी, दलित र भाषा-भाषिका समुदायबाट

एकात्मक व्यवस्थाको चर्को स्वरमा विरोध भयो र राज्यको शासन प्रणालीमा पुनः संरचनाको माग हुँदै संघीय व्यवस्थामा जानुपर्ने आवाज उठेको हो । त्यस्तै राज्यका सबै सुविधा काठमाडौँमा केन्द्रीकृत भएपछि राजनीतिक शासन, प्रशासनको मात्र नभएर विकास सूचना र अवसरको केन्द्र पनि काठमाडौँ नै बन्न पुगेको छ । "यस प्रकारको केन्द्रीकृत संरचना भ्रष्टाचारका लागि पनि उपयोगी हुन्छ" (अधिकारी, २०६३:३८) । विराटनगर, पोखरा जस्ता क्षेत्रीय केन्द्रमा बसेर पनि मानिस सन्तुष्ट हुन सकेन किनकी सबै कुराको निर्णायक काठमाडौँ बन्ने गर्दछ । कोही पनि एकपल्ट शासन तहमा पुगेपछि पूनः नागरीक तहमा फर्कन नचाहने प्रजातान्त्रिक व्यवस्थामा झनै मौलाउँदै जानुले पनि नेपालको एकात्मक व्यवस्था अन्त्यका लागि राज्य प्रणाली पुनः संरचना गर्नु पर्ने कुरा उठेको हो ।

नेपालको सामाजिक तथा भू-बनोट विविधतायुक्त छ भनि संविधानद्वारा स्वीकार गरीएता पनि नेपालको राजतन्त्रात्मक राज्यसत्ताको ऐतिहासिक कालखण्डमा त्यो विविधतालाई उपेक्षा गर्दै बाहुन, क्षेत्री, नेवार जस्ता पहाडी अभिजात वर्गहरूमा महत्वपूर्ण पद सीमित गरीयो जसले गर्दा राज्य प्रणालीमा सबै जातजाति, जनजाति, दलित, महिला, आदिवासी, तराईबासी, मधेशी, भाषाभाषी तथा उत्पीडित वर्ग क्षेत्र र समुदायले आफ्नो संलग्नताको अनुभव गर्न सकेनन् । "यसले गर्दा जातीय, क्षेत्रीय, लैङ्गिक सबै प्रकारको भेदभाव, उपेक्षा, शोषण, दमन र उत्पीडन बढ्दै गयो" (गुरुङ्ग, २०६३ :१३८) । २०४६ सालको जनआन्दोलन पछिको राज्य व्यवस्था र संरचनाले समेत नेपाल जस्तो जातीय, क्षेत्रीय, भाषिक, धार्मिक साँस्कृतिक विविधता सामाजिक बनोट रहेको देशको विशिष्टतालाई सही किसिमले सम्बोधन गर्न सकेन जसले गर्दा देशमा माओवादीको भूमिगत हिंसात्मक राजनीतिलाई निम्त्यायो र देश झन् झन् समस्या ग्रस्त बन्दै गयो । उता "राजाको स्वेच्छाचारिता बढ्दै गयो जसको परिणाम राजनीतिक दलहरू र आम जनता आन्दोलनमा उत्रन वाध्य भए" (रेग्मी, २००५:८३) । फलस्वरुप ऐतिहासिक जनआन्दोलन २०६२/०६३ हुन पुग्यो । उक्त आन्दोलनले राजतन्त्रात्मक शासनको अन्त्य गर्दै देशको शासन प्रणालीमा परिवर्तन गर्दै संघीय व्यवस्थामा शासन व्यवस्था परिवर्तनका लागि जोडदार आवाज उठायो । यही मधेश आन्दोलन, ऐतिहासिक जनआन्दोलन २०६२/०६३ र नेकपा माओवादीले १२ बर्षे भूमिगत राजनीतिमा उठाएका जातीयताको नाराको बलमा नेपाल एक संघीय मूलुक हुनुपर्ने माग बढेपछि लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान 'नेपालको

अन्तरिम संविधान, २०६३' को पहिलो संशोधनबाट नेपालमा संघीय प्रणालीको बहस निरन्तर चलिरहेको छ ।

वि.सं. २०६४ मा नेपालमा पहिलोपटक संविधानसभा निर्वाचन सम्पन्न भए पछि गठित संविधान सभाको पहिलो बैठकले वि.सं. २०६५ जेष्ठ १५ गते नेपाललाई एक संघीय लोकतान्त्रिक गणतन्त्र मुलुकको रूपमा घोषणा गरीसकेको छ तर हाल नेपालको शासन व्यवस्था सो अनुरूप संचालित हुन भने सकेको छैन । नेपाल संघीय मुलुक हुने भनिएता पनि यसको संरचना राज्य निर्माण गर्ने आधार राज्यको स्वरूप सम्बन्धमा प्रष्ट छैन जुन आजका बहसका विषयवस्तु भएका छन् । नेपालका लागि संघीय प्रणाली कति उचित र कति अनुचित भनेर गम्भीर छलफल हुनु आवश्यक छ । जातीय राजनीति गर्ने नेतृत्व स्तरले संघीय प्रणालीको स्वागत गरीसकेको छ । राजनीतिक पार्टी मध्ये केहीले संविधानसभा अघि र केहीले पछि सो निर्णयलाई आत्सात् गरीसकेका छन् । तथापि "नेपाली परिवेशलाई हेर्दा अझ अरु विषयमा छलफल चलाउनु पर्ने देखिन्छ" (घिमिरे, २०६५:७) । नेपाल मात्रै नभएर "विकासोन्मुख मूलुकहरू सबैको एउटा कमजोरी भनेको जनताहरूमा राजनैतिक चेतनाको कमी हुनु र जसको परिणाम एउटा समूहले चलाएको होहल्ला नेतृत्व समूहको मुद्धा बन्ने र होहल्लाको पछाडि दौडने अबुझ मतलाई अभिन्न जनमत भनेर भन्ने चलन हुन्छ" (खनाल, २०६४ :१७) । यो परिस्थितिले नेपाली राजनीतिमा भएका निर्णयलाई पूर्ण रूपमा सही हो भन्न सकिंदैन । "संविधानसभाको चुनावी माहोल, राजनीतिक समूह र जातीय तथा क्षेत्रीय राजनीतिमा सक्रिय समूहहरूसँग जनताको सम्पर्कलाई स्मरण गर्ने हो भने नेपालमा संघीय प्रणाली उचित हो कि होइन भन्ने विषयमा अझ वढी बहस चलाउनु पर्ने आवश्यकता देखिन्छ" (ज्ञवाली, २०६५:६६) । सामान्यतः नेपालमा संघीय शासन प्रणालीको माग हुनाका मुख्य कारणहरू निम्न छन् (बराल, २०६४:२) :-

क) आजसम्म संचालनमा रहेको शासन व्यवस्था समावेशी किसिमको हुन नसक्नु ।

ख) ऐतिहासिक अवस्था देखिको शासन व्यवस्था अति केन्द्रीकृतप्रणालीको हुनु र अन्य क्षेत्र र समुदाय स्वत शक्ति र साधन स्रोतबाट विमुख रहनु ।

ग) सिमित लोकतन्त्रका कारण चुनाव प्रणाली समावेशी र प्रतिनिधिमुलक हुन नसक्नु ।

घ) जननिर्वाचित प्रतिनिधि काठमाडौँ मुखी भै आफ्नो क्षेत्रको विकासको निम्ति उदासिन रहनु, चुनावको बेलामा मात्र निर्वाचन क्षेत्रमा फर्कने र जसरी पनि चुनाव जित्ने

हत्कण्डा प्रयोग गर्ने परम्परा बस्नु लोकतन्त्रका नाममा चुनावी तन्त्रको अभ्यास हुनु ।

ङ) अनियन्त्रित र अव्यवस्थिति बसाई सराईका कारण पहाड र तराई बीच कटुता पैदा हुनु, मधेश, जनजाति, दलित, महिला तथा अन्य गरीब, पिछडिएका र थिचिएका वर्गाको उन्नतिको राज्य पक्षपाति हुनु ।

यी र यस्तै कारणबाट नेपालमा संघीयताको पक्षमा र एकात्मक व्यवस्थाको विरुद्धमा आवाजहरू उठ्ने गरेका हुन् । जे भएता पनि संघीय व्यवस्थामा जाँदा प्रयाप्त छलफल हुनु आवश्यक छ । यति बेला प्रमुख रूपमा खड्किने प्रश्नहरू भनेका कति नेपाली जनताले यथार्थमा संघीय प्रणालीका बारेमा पूर्ण रूपमा बुझेका छन् ? कतिले नेपालका लागि प्रस्तावित संघीय प्रणाली र यसको संरचनाहरूलाई बुझेका छन् ? कतिले नेपाली परिवेशसँग दाँजेर यसलाई अध्ययन गरेका छन् ? भन्ने हुन । “यी सबै प्रश्नहरू भनेको मूलुक कहिल्यै पनि प्रयोगशाला बन्नु हुँदैन ताकि कुन प्रणाली ठिक हुन्छ भनेर बारम्वार परिक्षण गरिरहौं” (Simeon, 2001 :338-39)।

विश्व समुदायमा नेपाल यसैपनि हरेक क्षेत्रमा पछि परेको छ । नेपालको लागि विश्व समुदायको रफ्तारलाई भ्याउनका लागि हप्ता, दिन, महिला र बर्ष अतिनै महत्वपूर्ण रहेका छन् । केही बर्ष एउटा शासन प्रणालीको परिक्षण गर्ने अनि फेरी यो त ठीक भएन भनेर अर्को प्रणालीको परिक्षण गर्ने भएमा कल्पना गर्नु होस् कि अबको १० बर्षमा नेपाल कहाँ पुग्दछ । त्यसैले नेपालका लागि संघीय संरचना उचित छ वा छैन र उचित छ भने कस्तो संरचना उचित हुन सक्दछ भनेर अझ बढी छलफल गर्नु पर्ने देखिन्छ । यदि प्रयाप्त छलफल बिना संघीय व्यवस्थामा जाने कार्य भएमा त्यसले समस्या समाधान नभै अझ अरु समस्या नल्याउला भन्न सकिंदैन ।

## ४.१ ग नेपालमा प्रस्तावित संघीयताका मोडलहरू

नेपाल राष्ट्रको निर्माण देखि नै नेपालको शासन संचालन केन्द्रीकृत र एकात्मक ढाँचामा हुँदै आएको छ । वि.सं. २०६२/०६३ को सफल जनआन्दोलनबाट नेपाल अहिले राजतन्त्रात्मक शासनको अन्त्य गर्दै लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरी राजतन्त्रलाई सदाका लागि विदा गरी सकेको छ । देशमा नयाँ संविधान जनताकै प्रतिनिधिहरूको प्रत्यक्ष सहभागितामा निर्माण गर्नका लागि संविधान सभाको निर्वाचन सम्पन्न भैसकेको छ ।

जनताको मतका आधारमा निर्वाचित प्रतिनिधिहरूबाट संविधान सभा गठन भएको छ । उक्त संविधान सभाको पहिलो बैंठकले नेपाललाई जन आन्दोलन २०६२/०६३ र मधेश आन्दोलनको मूल मागलाई आत्मसात् गर्दै 'नेपाल एक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय मुलुक हो' भनी घोषणा गरीसकेको छ । यस क्रममा नेपालमा संघीय शासन व्यवस्थाका स्वरूप र संरचना कस्तो हुने र संघ निर्माणका आधार के बनाउने भन्ने सम्बन्धमा विभिन्न व्यक्तिहरूले आ-आफ्नो मत जाहेर गरेका छन् । राज्य पुन संरचना समितिबाट १४ प्रदेश सहितको संघीय संरचना प्रस्ताव गरेको छ । उपरोक्त प्रस्ताव प्रति विभिन्न दल विशेषका व्यक्तिहरू र अन्य विज्ञहरूको प्रतिक्रिया र बहसहरूबाट निम्न पाँच वटा मुख्य विवादित पक्षहरू रहेको पाइन्छ ।

१. प्रदेशको संख्या २. प्रदेशको सिमाना

३. प्रदेशको नामकरण ४. अग्राधिकार

५. आत्म निर्णयको अधिकार

यी यावत् समस्याहरूको गहन रूपमा अध्ययन गरी समाधान गरीकन संघीयताको अन्तिम रूप आएमा मात्रै देशमा स्थिरता, प्रगति र लोककल्याण हुने छ ।

नेपालमा संघीयता सम्बन्धी बहसका क्रममा यसको आधार २ रूपमा प्रस्तुत हुँदै आएको पाइन्छ । पहिलो आर्थिक, सामाजिक, भौगोलिक र स्रोतसाधन एवम् विकासका पूर्वाधार र दोस्रो जातीय आधार । माओवादी पार्टी र जनजातिका सँगठनहरूले दोस्रो आधारलाई संघीयताको मोडेलको रूपमा प्रस्तुत गरेका छन् भने अन्य स्वतन्त्र विज्ञ बुद्धिजिवी र नेपाली काँग्रेस, एमाले लगायतका दलहरूले पहिलो आधार प्रस्तुत गरेका छन् । संविधान सभाको राज्यको साधन, स्रोत बाँडफाँड र राज्य पुनर्संरचना समितिले जातीय र पहिचान र सामार्थ्यका आधारमा १४ प्रदेश र अन्य आधारमा ६ प्रदेशहरूको उल्लेख गरेको पाइन्छ । यस समितिले बहुमतले पारित गरेको मोडेलमा संघीय व्यवस्थाका सम्बन्धमा खास गरेर निम्न दुई आधारहरू रहेका छन् :

१. पहिचानको आधारमा- जातीय/समुदायगत, भाषिक, साँस्कृतिक, भौगोलिक /क्षेत्रगत निरन्तरता, ऐतिहासिक निरन्तरता,

२. सामर्थ्यको आधार - आर्थिक अन्तरसम्बन्ध र सामर्थ्य पूर्वाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक साधन र स्रोतको उपलब्धता, प्रशासनिक सुगमता,

राज्य पुनर्संरचना समितिबाट प्रस्तावित १४ प्रदेश मध्ये ७ जातीय पहिचानका (लिम्बुवान, किराँत, शेर्पा, ताम्सालिङ्ग, नेवा, तमुवान, र मगराँत), ३ वटा मिश्रित जातीय पहिचानका (मिथिला- भोजपुरा- कोच- मधेश, लुम्विनी- अवध- थारुवान र जडान) र ४ वटा तटस्थ ऐतिहासिक-भौगोलिक (सुनकोशी, नारायणी, कर्णाली र खप्तड) किसिमका देखिन्छन् ।

यो सवालमा विभिन्न दल विशेष व्यक्तिहरू तथा दलगत रूपमा र विभिन्न विज्ञहरूले संशोधन र परिमार्जन गर्नु पर्ने सुझावहरू दिने क्रम जारी छन् । राज्य पुनर्संरचना समितिबाट प्रस्ताव आउनु भन्दा अगाडिको विचारहरू सम्बन्धमा यहाँ केही विश्लेषण गर्नु उपयुक्त होला । "जनजाति महासंघ र त्यस अन्तर्गतका आदिबासी जनजाति सँगठनहरूले राज्य/प्रदेश निर्माणको मुख्य आधार जनजातिहरूको बसोबास क्षेत्रलाई बनाइनु पर्ने बताएको पाइन्छ" (पोखरेल, २०६५:१०२) । मधेशीको कोणबाट प्रदेश निर्माणको आधार मधेश पहाडलाई बनाउन खोजिएको छ । नेकपा (माओवादी) ले जातीय र क्षेत्रीय आधारमा बनाउने प्रस्ताव गरेको छ (नेकपा माओवादी प्रतिवद्धता पत्र : २०६४) । नेकपा एमाले जातीय, भाषिक, साँस्कृतिक, भौगोलिक विशिष्टताका/ऐतिहासिकताका आधारमा संघीय संरचनामा विकास गरीने उल्लेख गरेको छ (एमाले घोषणा पत्र : २०६४) । नेपाली काँग्रेसले नेपालको राष्ट्रिय अखण्डता, भौगोलिक अवस्थिति र अनुकूलता, जनसंख्या, प्राकृतिक स्रोत र साधन, आर्थिक सम्भाब्यता, प्रदेशहरूको अन्तर सम्बन्ध भाषिक, जातीय एवं साँस्कृतिक सघनता, राजनीतिक/प्रशासनिक सम्भाव्यता आदि संघ निर्माणका आधार हुने उल्लेख गरेको छ । (ने.का. घोषणा पत्र : २०६४) यी राजनीतिक दलका अलवा विभिन्न व्यक्तिहरूले पनि संघ निर्माणका आधार उल्लेख गरेका छन् । यस क्रममा राजेन्द्र श्रेष्ठले "भौगोलिक सुगमता, जनसंख्या, जातीय, क्षेत्रीय सम्बन्ध र सामाजिक आर्थिक सम्बन्धलाई आधार बनाएका छन्" (श्रेष्ठ २०६३ : ४१-४३) । नरहरी आचार्यले "भौगोलिक अनुकूलता भाषिक तथा साँस्कृतिक विशेषता, प्राकृतिक स्रोत र आर्थिक सम्भावना र जनघनत्व, जातीय मिश्रण र अनुपातलाई आधारका रूपमा प्रस्तुत गरेका छन्" (आचार्य २०६३ : २२३) । परि थापा जातिगत जनसंख्या, स्थानीय भूगोल र भाषिक क्षेत्रलाई अगाडि सार्दै प्रस्ताव गरेका छन् (थापा, २०६३ :१३०-१३१) । त्यसरी नै कुमार योञ्जन तामाङ्गको जातिगत जनसंख्या, भूमि र क्षेत्रका आधारमा भाषिक क्षेत्र तथा बाहुल्यताका आधार तथा क्षेत्रीय उत्पीडनका आधारमा प्रदेश विभाजनको प्रस्ताव गर्दछन् (तामाङ्ग २०६३:१५०) । प्राध्यापक कृष्ण खनालले

प्रतिनिधित्वको व्यवस्थामा जोड दिँदै बहुसदस्य निर्वाचन क्षेत्र विकास गरीनु पर्ने उल्लेख गर्दछन् (खनाल, २०६३:२०४) । डा. पिताम्बर शर्मा प्राकृतिक स्रोत र साधनको उपलब्धताका आधारमा प्रदेश निर्माणको प्रस्ताव गर्छन् (शर्मा, प्रकाशन बर्ष उल्लेख नभएको : १३) । शंकर पोखेल भौगोलिक अवस्थिति, जातिगत, सघनता र बसोबासको अवस्था, मातृभाषा र भाषा प्रयोगको अवस्था सामाजिक साँस्कृतिक अवस्था आर्थिक सम्बन्ध र अवस्था, प्रशासनिक सुगमता, प्राकृतिक स्रोत र साधनको उपलब्धता र ऐतिहासिकता जस्ता पक्षलाई आधार बनाई प्रदेश निर्माणको सुझाव प्रस्तुत गर्दछन् (पोखरेल, २०६०:१३) । अनुसूचि २ को तालिका नं. ४ र ५ मा संघीय स्वरूपका विभिन्न प्रस्तावहरू दिईएका छन् । यी मोडेलहरू पनि एक आपसमा फरक फरक र विवादित छन् । कुनै विस्तृत शोध अनुसन्धान भन्दा पनि आफ्नो विज्ञता र अनुभवको आधारमा एकातर्फ भने अर्कोतर्फ कुनै मनोगत र आग्रहका रुपमा यस्ता संघीयताका मोडेलहरू प्रस्तुत गरिएको पाइन्छ । समष्टीमा के भन्न सकिन्छ भने संघीयताको संरचना गर्दा प्रस्तावित मोडेलहरूलाई पनि ध्यानमा राख्दै एक स्वतन्त्र विज्ञहरूको आयोग बनाई सम्बन्धित प्रस्तावित प्रदेशमा छलफलमा ल्याएर मात्रै संघीय प्रदेशको निर्माण गर्नु नै उपयुक्त हुन्छ ।

## ४.१ घ संघीय संरचनाको स्वरूप सम्बन्धी केही बहसहरू

"संघीय राज्यको स्वरूपको सम्बन्धमा विश्व अनुभव हेर्दा मुलुकको सामाजिक, सांस्कृतिक, भौगोलिक र आर्थिक आधारमा विभिन्न किसिमका राज्यका ढाँचाहरू निर्धारण भएका छन्" (दाहाल, २०६५:३३) । राज्यको स्वरूप सबै मूलुकमा एकै किसिमको देखिदैन । संघीय मूलुकहरूमा मुख्यत पूर्ण संघात्मक र अर्धसंघात्मक गरी राज्यको स्वरूप कस्तो हुने भन्ने सम्बन्धमा ती मुलुकहरूको संघीय ढाँचा संघ निर्माणको उद्देश्यले पनि असर पार्ने देखिन्छ । त्यस्तै "संघीय राज्यमा केन्द्र र राज्य सरकारले कुन कुन शक्ति कसले प्रयोग गर्ने र कुन-कुन काम कसले सम्पादन गर्छ त्यस आधारमा पनि संघीय राज्यको स्वरूपको निर्धारण गर्दछ" (श्रेष्ठ, २०६३:९१) । नेपालमा संघीय स्वरूपको प्रस्ताव गर्नेहरूको राष्ट्रिय सुरक्षा, परराष्ट्र नीति, केन्द्रीय विश्वविद्यालय, मौद्रिक नीति तथा केन्द्रीय बैंक जस्ता राष्ट्रिय सवालका विषयहरू केन्द्रमा र शिक्षा, स्वास्थ्य, प्रादेशीक यातायात, रोजगारी, कृषि जस्ता अन्य विषय प्रदेश सरकारको मातहतमा रहनु पर्ने प्रस्ताव गर्दछन् । यिनै अधिकारहरू केन्द्र र प्रदेश सरकारको मातहतमा रहनु पर्ने प्रस्ताव गर्दछन् । यिनै "अधिकारहरू केन्द्र र प्रदेश

सरकारको कसरी प्रयोग गर्छन् त्यही आधारमा संघीय राज्यको स्वरूप निर्धारण गर्ने गर्दछ" (झा, २०६३ : ३५१) । यदि प्रदेश सरकार हरेक कार्यमा स्वायत्त रहँदै उसले संघबाट अलग हुने आत्मनिर्णयको अधिकार समेत प्राप्त गर्दछ भने त्यसलाई पूर्ण संघात्मक व्यवस्था भनिन्छ । यसमा विशेष परिस्थितिमा केन्द्रले प्रदेश सरकार माथि हस्तक्षेपको अधिकार पनि राख्दछ । नेपाल एकात्मक व्यवस्थाबाट संघात्मक व्यवस्थामा जाने हुँदा यहाँको संघीय संरचनामा, परराष्ट्र सम्बन्ध, राष्ट्रिय सम्बन्ध, राष्ट्रिय सुरक्षा, मौद्रिक नीति तथा केन्द्रीय बैंक, राष्ट्रिय राजमार्ग, ठूला जलविद्युत आयोजना, केन्द्रीय विश्वविद्यालय, हवाईमार्ग जस्ता राष्ट्रिय महत्वका विषय केन्द्र सरकारले प्रयोग गर्ने र प्रादेशीक महत्वका विषय प्रदेश सरकारमा सबै स्थानीय यातायात, शिक्षा, स्वास्थ्य, विभिन्न खोप संचालन, स्थानीय विद्युतीकरण र विद्युत गृहहरू स्थानीय स्रोत साधनको परिचालन जस्ता स्थानीय महत्वका विषयहरू स्थानीय सरकार मातहतमा रहने गरी तहगत संरचना सहितको सहयोगात्मक र अर्ध संघात्मक स्वरूपको संघीय व्यवस्था हाम्रो सम्बन्धमा उपयुक्त हुने देखिन्छ ।

हालको संविधानले नेपाल संघीय मूलुक हुने भनी संविधानमा नै उल्लेख गरेको भएपनि नेपालमा संघीय स्वरूप कस्तो हुने ? भन्ने प्रश्न माथि निकै बहस हुनु आश्वयक छ । "यस प्रश्नलाई निरुपण गर्दा हामीले नेपालमा संघीय व्यवस्था अपनाउनु पर्नाको आधारभूत कारणलाई र देशको सामाजिक, सांस्कृतिक संरचनालाई मुख्य धुरीमा राख्नु पर्दछ" (श्रेष्ठ, प्रकाशन बर्ष उल्लेख नभएको :४१) । नेपालको अन्त कतैको अन्ध नक्कल गरेर संघीयताको स्वरूप निर्धारण गर्नु भन्दा नेपालले आफ्नै जातीय, वर्गीय, भाषिक तथा साँस्कृतिक विशेषताका आधारमा गरीनु उपयुक्त हुन्छ । नेपालले आजको संयम परिस्थितिमा संघीय व्यवस्थामा जानुपर्नाका मूलभूत कारणलाई समाधान र सम्बोधन गर्ने गरी संघीयताको स्वरूप निर्धारण गर्न सकियो भने त्यो हाम्रो अवश्यकता अनुरूप र देश सुहाउँदो संघीय राज्य प्रणाली हुन जान्छ । यसरी हेर्दा नेपालमा बन्ने संघीय प्रणालीको स्वरूपले मुख्य गरी निम्न तीन पक्षलाई सम्वोधन गर्न सक्यो भने त्यो नेपालका लागि बढी उपयुक्त हुने देखिन्छ :

- नेपालमा अहिले सम्म विद्यमान शासन व्यवस्थाले नेपालको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक चरित्र अनुरूपको राज्यमा एक जात/जाति, एक भाषा, एक संस्कृति, एक वर्ग, एक लिङ्ग र एक क्षेत्रको आधिपत्यको स्थिति उत्पन्न गऱ्यो । अब बन्ने संघीय स्वरूपले यस्तो अवस्थाको अन्त्य गर्दै राज्यको हरेक संरचनामा र विकासका

हरेक अवसरमा सबै जातजाति, भाषा, धर्म, संस्कृति, वर्ग, क्षेत्र  लिङ्गको न्यायोचित र समानुपातिक प्रतिनिधित्व, पहुँच र पहिचानको सुनिश्चितता सहितको नयाँ समावेशी राज्य प्रणालीमा अबको नेपाली शासन व्यवस्था संचालीत हुने व्यवस्था गरिनु पर्दछ ।

- नेपालको विद्यमान अति केन्द्रीकृत र एकात्मक चरित्रको राज्य प्रणालीलाई समाप्त गर्दै अब बन्ने संघीय स्वरूपले प्रादेशीक इकाईहरूको राजनीतिक, आर्थिक, सांस्कृतिक, जातीय, भाषिक स्वायत्तता सुनिश्चित भएको स्वशासन प्रणालीमा आधारित संघीय स्वरूप नेपालका लागि आवश्यक छ ।
- नेपालमा अब बन्ने संघीय स्वरूपले 'देश मेरो हो तर राज्य मेरो होइन' भन्ने स्थितिको अन्त्य गर्दै देशको सामाजिक-साँस्कृतिक र वर्गीय विविधतालाई हरेक हिसावले समेटेर विविधतामा एकताका माध्यमबाट देशको राष्ट्रिय एकतालाइ पहिले भन्दा बलियो बनाउने उपायहरूको अवलम्बन गर्नु पर्ने हुन्छ ।

नेपालको संघीयता अमेरीका, सोभियत संघ वा स्विट्जरल्याण्डको जस्तो अलग-अलग राज्यहरू, साझा हित वा स्वार्थका लागि सम्झौताद्वारा एकै ठाउँमा मिलेर बनेको संघीयता होइन । तसर्थ नेपालको संघीयतामा आवश्यक परेमा राज्यहरूले जनमत सँग्रहद्वारा आत्मनिर्णय गरेर संघबाट अलग्गिने अधिकारको आवश्यकता पर्दैन । नेपालको वर्तमान भौगोलिक बनावटबाट कुनै पनि इकाई अलग्गिएर अहिलेको भन्दा राम्रोसित अलग्गै राष्ट्रका रूपमा टिकेर रहन सक्ने स्थिति छैन । नेपालको संघीयता राज्यद्वारा सदियौं सम्म अत्यधिक भेदभाव गरिएको र राज्यबाट पाखा पारिएको कारण असन्तुष्ट भएर संघर्षमा उत्रेका जातजाति भाषिक समुदाय, धार्मिक समुदाय र भौगोलिक क्षेत्रका जनतालाई सम्बोधन गरेर एकै ठाउँमा समेट्नका लागि पैदा भएको संघीयता हो । "छुट्टीने अधिकार सहितको संघीयता शास्त्रीय अर्थमा पूर्ण संघीयता हुन्छ" (Gurung, 2006:16-17) । "यस मानेमा अहिलेको विश्व समुदायमा पूर्ण संघीयता कतै पनि छैन भन्दा पनि गलत हुँदैन"  (श्रेष्ठ, प्रकाशन वर्ष उल्लेख नभएको : ४९) । "विश्वकै सबैभन्दा खुकूलो र संघीयताको चरित्र भएको मुलुक स्विट्जरल्याण्डमा समेत आजभोली पूर्ण संघीयताको बदलामा बढ्दो केन्द्रीयता सँगै अर्ध संघीयता तर्फ उन्मुख हुने प्रविधिको विकास भैरहेको छ" (खनाल, २०६४:४७) । त्यस्तै भारतमा पनि संघीय राज्यहरू भन्दा केन्द्रीय राज्य शक्तिशाली छ । र त्यो सफल पनि छ । यी तथ्यहरूले के देखाउँछ भने "नेपालले

अपनाउने संघीय व्यवस्था पनि अर्ध संघात्मक हुने स्पष्ट हुन्छ" (Pokharel, 2063 : 469) । अर्ध संघीय स्वरूपको संघीयतामा पनि अलग्गिने बाहेकको अन्य सबै आत्मनिर्णयका वा स्वायत्तता र स्वशासनका अधिकारहरू इकाईहरू सित हुन्छ । यसर्थ नेपालका लागि अर्ध संघीय स्वरूपको संघीयता नै बढी उपयुक्त र नेपालीसँग बढी सान्दर्भीक हुने देखिन्छ ।

संघीय संरचनाका स्वरूपबारे विविध बहसहरू र प्रस्तावहरू माझ राज्य पुन संरचना समितिले राज्यको पुन संरचना र राज्य शक्तिको स्वरूपबारे निम्न बमोजिमको व्यवस्था गर्ने निर्णय गरेको छ (नागरीक सचेतना पुस्तिका, २०६७):

१. नेपालमा राज्य शक्तिको प्रयोग संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाले यस संविधानमा उल्लेख गरीए बमोजिम गर्नेछन् ।
२. संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाले नेपालको एकता, अखण्डता, सर्वभौमसत्ता तथा मूलुकको दीर्घकालीन हित, सर्वाङ्गीण विकास, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्तिको पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, जातीय समानतामा आधारित समता मूलक तथा बहुलतामा आधारित समाज, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, समानुपातिक र समावेशी प्रतिनिधित्वको अधिकार र पहिचानको संरक्षण गर्ने छन् ।
३. प्रदेश, स्थानीय तह र विशेषत संरचना अन्तर्गतका स्वायत्त क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजातीको पहिचान, स्वशासन र स्वायत्तताको प्रत्याभूति हुनेछ ।
४. संघीय नेपालको मूल संरचना संघ, प्रदेश तथा स्थानीय गरी तीन तहको हुनेछ । प्रदेशमा व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका रहनेछ ।
५. यस संविधान बमोजिम निर्माण भएका प्रदेश अन्तर्गत स्थानीय तहको रूपमा गाउँ पालिका र नगरपालिका रहनेछन् ।
६. स्थानीय तहको संख्या र क्षेत्र निर्धारण गर्नको लागि प्रादेशिक सरकारलाई संघीय सरकारले निश्चित मापदण्ड तोक्न सक्ने छ । यसरी मापदण्ड तोक्दा संघीय सरकाले सापेक्षिक रूपमा समान जनसंख्याको घनत्व, यातायातको सुविधा, प्राकृतिक स्रोत र साधनको अवस्थिति र सम्बन्धीत क्षेत्रका बासिन्दाको साँस्कृतिक तथा सामुदायिक पक्षलाई ध्यान दिनु पर्ने छ ।

७. स्थानीय स्वायत्तता भनेको स्थानी, निकाय सरकार वा संस्थाहरूले आफूलाई सरोकार पर्ने विषयमा आफै निर्णय लिन सक्ने हैसियत हो । अर्थात् स्थानीय तह निकायले आफ्नो बन्दोवस्त आफैं मिलाउन पाउने अधिकारको सुनिश्चितत्तालाई स्थानीय स्वायत्तता भनिन्छ । स्वायत्त शासन स्वशासनको एउटा स्वरूप हो र यसलाई आत्म निर्णयको अधिकारको रूपमा समेत बुझ्ने गरेको पाइन्छ ।

संघीय प्रणाली भनेको साझेदारी प्रणाली हो । साझेदारी प्रणाली अत्यन्तै कमजोर प्रकारको संघीयता पनि हो । विश्वका कतिपय मूलुकहरूमा निरपेक्ष रूपमा एकले अर्कोलाई निषेध गर्ने र अस्वस्थ प्रतिस्पर्धाबाट संघीय प्रणाली असफल भएका छन् । अतः स्वायत्त प्रकृतिको संघीयताको अवधारण उठेको छ । अर्को तर्फ विश्वका कतिपय संघीय प्रणाली भएका मूलुकहरूमा संघीयता नाममा मात्र सीमित राखी सम्पूर्ण अधिकार केन्द्र वा युनियनमा नै केन्द्रित गर्ने व्यवस्थाले पनि संघीय प्रणाली असफल भएका छन् । यिनै कारणहरूले गर्दा पछिल्लो चरणमा स्वायत्तता सहितको संघीय प्रणालीको अवधारणा उठेको देखिन्छ । तर नेपालको संघीयता अमेरीका, सोभियत संघ वा स्विाट्जरल्याण्डको जस्तो अलग अलग राज्यहरू एक आपसमा आबद्ध (Coming Together) भएर हुने नभै एक आपसमा अखण्ड गराई राख्ने (Holding Together) सिद्धान्त अनुरूप बन्ने भएकोले आवश्यक परेमा राज्यहरूले जनमत सँग्रहद्धारा आत्म निर्णय गरेर संघबाट अलगिने अधिकार आवश्यक नभएको कुरा यस अगाडी कै अनुच्छेदमा गरिसकिएको छ ।

नेपालमा संघीयताका अन्य विभिन्न मोडेलहरूको पनि नमुना प्रस्तुत भएका छन् । तर धेरै जसो मोडेल कित जातीयता कि त क्षेत्रीयतामा आधारित छन् । तर जनुसुकै नमुना (मोडेल) अन्तर्गतको संघीय प्रणालीले पनि निम्न पक्षमा ध्यान पुऱ्याउनु पर्छ :

१) नेपालको एकता र अक्षुण्तामा आँच नआउने,

२) सबै समुदाय र क्षेत्र बीच समझदारी र एकता कायम हुनु पर्ने,

३) संघीय प्रणाली तर्जुमा गरिंदा आर्थिक र प्रशासकीय सम्भावना हेरिनु पर्ने,

४) केन्द्र र संघीय इकाइका बीच जरुरी साधन श्रोतको बाँडफाँड गर्ने ।

यसो गरीँदा नेपालको साँस्कृतिक जातीगत, धार्मिक र क्षेत्रीय विभिन्नता (Diversities) को पनि हेक्का राखिनु पर्छ । वास्तवमा संघवाद भनेकै दुई अलग प्रवृत्ति बीच व्यापक साझा स्वार्थ र स्थानीय स्वायत्तताको समझदारी हो ।

## ४.२ प्राथमिक तथ्याङ्कहरूको प्रस्तुति र विश्लेषण (भीमाद र माझकोटका मानिसहरूको संघीयता सम्बन्धी धारणा)

संघीयता सम्बन्धमा देशमा विभिन्न दृष्टिकोणहरू आइरहेको र राज्य पुन संरचना समितिले प्रस्ताव गरेको १४ प्रदेशमा विभक्त गर्ने भन्ने विचाराधीन रहेको अवस्थामा यस शोधकर्ताले संघीयता सम्बन्धी आधारभूत जानकारी र प्रस्तावित राज्यहरू प्रति जनसाधारणको अभिमत बुझ्ने अभिप्रायले तनहुँ जिल्लाको जातीय बहुरूप रहेको भीमाद गा.वि.स. र मगर जातीय समरूपको रूपमा माझकोट गा.वि.स. का १००० व्यक्तिको नाम संकलन गरी सम्भव भए सम्मका विभिन्न पेशा जात, जाति, शैक्षिक स्तरका व्यक्तिलाई समेट्ने गरी प्रति २०० मा १० जना पर्ने गरी सामान्य सम्भावनायुक्त नमुना अनुसार स्नोबल र उद्देश्य पूर्ण छनोट विधिको प्रयोग गरी ५० जना सहभागी छनौट गरिएको थियो । अनुसन्धान कार्यलाई संख्यात्मक भन्दा बढी गुणात्मक बनाउने प्रयास गरिएको छ । सहभागीहरूको संघीयता सम्बन्धि दृष्टिकोण बुझ्नको लागि संघीय संरचनाका उपयुक्त आधार के हुन सक्छन् ? र हाल प्रस्तावित प्रदेशको सवालमा के जानकारी प्रतिक्रिया छ ? खास गरी मगर जातिको उत्थानको आधार के हुन सक्छ र राज्य पुनसंरचनाको स्वरूप कस्तो भएमा देशमा स्थिरता, प्रगति र लोककल्याण हुन्छ ? भन्ने विषयमा उनीहरूको अभिमत बुझ्ने अभिप्रायले यस विषयसँग सम्बन्धित विभिन्न १० प्रश्नहरू (अनुसूचि १) तयार पारी शोधकर्ता स्वयंले सहभागीहरूसँग प्रश्नावली सर्वेक्षण गरिएको थियो । नमुनामा परेका व्यक्तिहरूको जातीय स्थिति, पेशागत तथा शैक्षिक स्तरको अवस्था र सर्वेक्षणमा सहभागीहरूले व्यक्त गरेका दृष्टिकोणलाई क्रमैसँग विश्लेषण र प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

**तालिका नं. २**

**जातीय आधारमा सर्वेक्षणमा सहभागीहरू**


| **जातजाती** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| मगर | २५ | ५०.०० |
| अन्य जनजाति | १० | २०.०० |
| ब्राह्मण/क्षेत्री | १० | २०.०० |
| दलित | ५ | १०.०० |
| जम्मा | ५० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०६७

तालिका नं. २ अनुसार सर्वेक्षणमा २५ (५०प्रतिशत) मगर, १० (२०प्रतिशत) अन्य जनजाती, १० (२०प्रतिशत) ब्राह्मण क्षेत्री र ५ (१०प्रतिशत) दलितको सहभागिता रहेका छन् ।

सहभागीहरूको यो सूचीलाई सामान्य स्तम्भ चित्रमा यसरी हेर्न सकिन्छ :-

चित्र नं. १




जातिगत आधारमा जस्तै उमेरसमूह आधारमा पनि विभिन्न पेशाका व्यक्तिहरूलाई सहभागी गराईएको थियो ।

**तालिका नं. ३**


**उमेर समूह आधारमा सर्वेक्षणमा सहभागीहरू**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| १८-३० बर्ष | १८ | ३६.०० |
| ३१-४५ बर्ष | १५ | ३०.०० |
| ४६-६० बर्ष | १३ | २६.०० |
| ६० बर्ष भन्दा माथि | ४ | ८.०० |
| जम्मा | ५० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

सर्वेक्षण तालिका अनुसार उमेर समूहको सूचीलाई स्तम्भ चित्रमा यसरी हेर्न सकिन्छ :-

चित्र नं. २




उपरोक्त तालिका नं. ३ र स्तम्भ चित्र अनुसार सर्वेक्षणमा (१८-३०) वर्षका १८ (३६ प्रतिशत) जना, (३१-४५) वर्षका १५ (३० प्रतिशत) जना, (४६-६०) वर्षका १३ (२६ प्रतिशत) जना र ६० वर्ष देखि माथिका ४ (८ प्रतिशत) जना रहेका छन् ।

**तालिका नं. ४**


**शैक्षिक स्थितिको आधारमा सर्वेक्षणमा सहभागीहरू**

| शैक्षिक तह | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षर | ९ | १८.०० |
| विद्यालय शिक्षा | १३ | २६.०० |
| उच्च शिक्षा | २० | ४०.०० |
| स्नातकोत्तर वा सो भन्दा माथि | ८ | १६.०० |
| जम्मा | ५० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

उपरोक्त शैक्षिक स्थितिका आधारमा सहभागीहरूलाई वृत्तचित्रमा यसरी हेर्न सकिन्छ :

चित्र नं.३




तालिका नं. ४ र माथिको वृत्त चित्र अनुसार सर्वेक्षणमा सहभागि जम्मा ५० जना मध्ये ९ (१८ प्रतिशत) जना साक्षर मात्र, १३ (२६ प्रतिशत) जना विद्यालय शिक्षा प्राप्त गरेका, २० (४० प्रतिशत) जना उच्च शिक्षा र ८ (१६ प्रतिशत) जना स्नातकोत्तर तह उत्तीर्ण गरेका छन् ।

**तालिका नं. ५**


**पेशागत आधारमा सर्वेक्षणमा सहभागीहरू**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| किसान | १० | २०.०० |
| गृहिणी | ५ | १०.०० |
| सरकारी नोकरी | ३ | ६.०० |
| शिक्षक | ११ | २२.०० |
| भू.पू सैनिक | ७ | १४.०० |
| व्यापारी | ५ | १०.०० |
| विद्यार्थी | ५ | १०.०० |
| राजनीतिकर्मी | ४ | ८.०० |
| जम्मा | ५० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

उक्त सर्वेक्षणमा पेशागत आधारमा १० (२० प्रतिशत) किसान, ५ (१० प्रतिशत) गृहिणी, ३ (६ प्रतिशत) सरकारी नोकरी, ११ (२२ प्रतिशत) शिक्षक, ७ (१४ प्रतिशत) भू.पू सैनिक, ५ (१० प्रतिशत) व्यापारी, ५(१० प्रतिशत) विद्यार्थी, र ४ (८ प्रतिशत) राजनीतिकर्मी सहभागी थिए। जसलाई बहुस्तम्भ चित्रबाट यसरी हेर्न सकिन्छ।

चित्र नं.४




**तालिका नं. ६**


**धर्मका आधारमा सवेक्षणमा सहभागीहरू**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दू | ३० | ६०.०० |
| बौद्ध | १८ | ३६.०० |
| धामीझाँक्री र प्रकृति पूजक | १ | २.०० |
| बोन | १ | २.०० |
| जम्मा | ५० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७।

सर्वेक्षणमा ३० (६० प्रतिशत) जना हिन्दु, १८ (३६ प्रतिशत) बौद्ध, १ (२ प्रतिशत) धामीझाँक्री र प्रकृति पुजक र १ (२ प्रतिशत) जना बोन धर्मावलम्वीहरू सहभागी भएका थिए। यसलाई वृत्तचित्रबाट यसरी हेर्न सकिन्छ।

चित्र नं.५




**तालिका नं. ७**


**लिङ्गका आधारमा सर्वेक्षणमा सहभागीहरू**

| लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ३३ | ६६.०० |
| महिला | १७ | ३४.०० |
| जम्मा | ५० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

उपरोक्त सर्वेक्षणमा १७ (३४ प्रतिशत) महिला र ३३ (६६ प्रतिशत) पुरुषहरू सहभागी भएका थिए । उक्त सूचीलाई वृत्तचित्रमा यसरी हेर्न सकिन्छ :

चित्र नं. ६




उपरोक्त पृष्ठभूमि भएका उत्तरदाता सहभागीहरूलाई विषयवस्तु सम्बन्धी १० वटा प्रश्नहरू सोधिएको थियो । ती प्रश्नहरूको उत्तरहरूको विश्लेषण निम्न बमोजिम गरिएको छ :

## ४.२. क संघीयता र यसको आवश्यकता

नेपालमा संघीयताको छिनोफानो नगरी अबको संविधान तयार हुने वाला छैन । आम साझा सहमति र समझदारी विनाको संघीयता पनि दीर्घकालीन हुँदैन र नेपाललाई पटक पटक यस्तै संविधान निर्माण, संशोधन, भंग आदिको चक्करमा बारम्बार रुमलि राख्ने प्रयोगशाला पनि त बनाउनु हुँदैन । त्यसैले संघीयता सम्बन्धी ज्ञान जनसाधारणमा पनि हुनु अनिवार्य भएको छ । संघीयता के हो र यसको आवश्यकता किन छ वा छैन भन्ने बारेमा सहभागीहरूलाई सोधिएका प्रश्नहरूको उत्तरहरूको विश्लेषण यो खण्डमा गरिएको छ ।

### तालिका नं. ८

### संघीयता भन्नाले के बुझ्नु हुन्छ ?

| उत्तरहरू | संख्या | प्रतिशत |
|---|---|---|
| विकेन्द्रीकरणको उद्देश्य अनुरूप विभिन्न स्वायत्त राज्यहरूमा विभाजन गर्नु | १६ | ३२.०० |
| प्रशासनिक सुगमताको लागि अधिकार बाडँफाँड गरी बहुराज्यहरूको निर्माण | १२ | २४.०० |
| जाति विशेषको हित र उत्थानको लागि जातीय राज्यहरूमा विभाजन | १३ | २६.०० |
| थाहा नभएको | ९ | १८.०० |
| जम्मा | ५० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७।

सर्वप्रथम संघीयता भन्नाले के बुझ्नु हुन्छ भन्ने विषयगत प्रश्नमा ९ (१८ प्रतिशत) जनाले थाहा छैन र बाँकी ४१ (८२ प्रतिशत) जनाले विभिन्न ढंगले संघीयतालाई परिभाषित गरेको पाइएको छ । समग्रमा देशलाई विभिन्न आधारमा प्रशासनिक सुगमताको हिसाबले विभिन्न प्रदेशहरूमा विभाजन गर्नु भनी बुझ्नेहरू १२ (२४ प्रतिशत) जना, विकेन्द्रीकृत तथा स्थानीय स्वायत्त शासनको व्यवस्था गर्नु भनी बुझ्नेहरू १६ (३२ प्रतिशत) जना, जाति विशेषको हकहित हुने गरी बनाइएका राज्यहरू भनी बुझ्नेहरू १३ (२६ प्रतिशत) जना रहेको पाइएको छ। यसबाट के स्पष्ट हुन्छ भने लगभग ८० प्रतिशत जन साधारणले संघीयताको विषयमा धेरै थोरै ज्ञान भएको पाइएको छ ।

### तालिका नं. ९

### नेपालमा संघीयताको बारेमा यहाँको विचार के छ ?

| उत्तरहरू | संख्या | प्रतिशत |
|---|---|---|
| चाहिन्छ | ३२ | ६४.०० |
| चाहिदैन | ९ | १८.०० |
| थाहा छैन | ९ | १८.०० |
| जम्मा | ५० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७।

दोस्रो वस्तुगत प्रश्न नेपालमा संघीयताको बारेमा यहाँको विचार के छ ? को उत्तरहरू मध्ये चाहिन्छ भन्नेहरू ३२ (६४ प्रतिशत) सहभागीहरू थिए । चाहिदैन भन्नेहरू ९ (१८ प्रतिशत) र बाँकी ९ (१८ प्रतिशत) ले थाहा छैन भन्नेका थिए ।

**तालिका नं. १०**

**नेपालमा संघीयता किन चाहिन्छ ? चाहिन्छ भन्नेको जम्मा संख्या ३२ जना मध्ये दुई थरिको सहभागीहरूको तालिका**

| उत्तरहरू | संख्या | प्रतिशत |
|---|---|---|
| स्थानीय स्रोत साधन उपयोग सहज र छिटो तरीकाले गरी देश विकास गर्न | २१ | ६५.६२ |
| पछाडि परेका जनजाति, दलितहरूको पहुँच बढाउन र उत्थान गर्न | ११ | ३४.३८ |
| जम्मा | ३२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

उपरोक्त तालिका नं. १० अनुसार नेपालमा संघीयता किन चाहिन्छ भन्ने सवालमा खास गरेर २ प्रकारको जवाफहरू स्थानीय स्रोत साधनको सदुपयोग संरक्षण सहज तरीकाले गरी विकास गर्न सकिने र साथमा विभिन्न पछाडि परेका जात जाति दलितहरूको पनि पहुँच बढ्ने र स्तर वृद्धि हुने भन्ने मत राख्नेहरू यस प्रकारको तालिका बमोजिम रहेको पाइएको छ ।

नेपालमा संघीयता किन चाहिंदैन भन्ने सवालको जवाफमा सबै जसोको धारणा अन्तर राज्य द्वन्द्व भई देश विखण्डन हुन्छ भन्ने पाइएको छ । यी संघीय व्यवस्था अनावश्यक भन्ने व्यक्तिहरूको तर्कलाई नजर अन्दाज नगरी तिनीलाई आत्मसात गरी सही रूपमा व्यवस्थापन र समाधान गर्न सक्ने गरी संघीयतामा जानु आजको आवश्यकता रहेको छ ।

यस्तै क्षेत्रगत अध्ययनका क्रममा गरिएको अन्तरवार्तामा स्थानीय अभियन्ता प्राय: सबैले नेपालमा संघीय शासन आवश्यक छ भन्ने उल्लेख गरेका थिए । स्थानीय जनता र राज्यमा सीमान्तकृत भएका मानिसहरू र क्षेत्रमा राज्यको स्रोत साधनमा पहुँच र निर्णय निर्माणमा सहभागिताको  स्तर बृद्धि भई साँचो लोकतन्त्र हुने हुँदा संघीय शासन आवश्यक भएको उनीहरू ठान्दछन् ।

## ४.२ ख संघीयताको स्वरूप

नेपालमा विभिन्न व्यक्तिहरू तथा दलहरूले प्रस्तुत गरेका संघ निर्माणका आधारमा एक रूपता पाइँदैन । यसले नेपालमा संघीयता के हुने भन्ने विषयमा जन सर्वेक्षण गर्नुपर्ने देखिन्छ । यस शोधकर्ताले गरेको सर्वेक्षणको तथ्याङ्क यस प्रकार रहेको छ :

**तालिका नं. ११**


**तपाईंको विचारमा कस्तो प्रकारको संघीयता नेपालमा उपयुक्त छ ?**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| जातीय पहिचान | १० | ३१.२५ |
| भूगोल र ऐतिहासिक प्रसिद्धि | ४ | १२.५ |
| आर्थिक स्रोत र विकासका पूर्वाधार | १६ | ५० |
| सबै | २ | ६.२५ |
| जम्मा | ३२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

यस तालिकालाई निम्न स्तम्भ चित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

चित्र नं. ७



क्षेत्रगत अध्ययनका क्रममा नेपालमा कस्तो प्रकारको संघीयता चाहिन्छ भन्ने प्रश्नमा संघीयता चाहिन्छ भन्ने ३२ जना उत्तर दाताहरू मध्ये १० (३१.२५ प्रतिशत) ले जातीय पहिचान, ४ (१२.५ प्रतिशत) ले भूगोल र ऐतिहासिक प्रसिद्धि, १६ (५० प्रतिशत) ले आर्थिक स्रोत र विकासका पूर्वाधार र २ (६.२५ प्रतिशत) ले सबैको आधारमा संघ निर्माण गरीनु पर्ने पक्षमा देखिएका छन् ।

अन्तरवार्तामा संम्लग्न ५ जना व्यक्तिहरू मध्ये मगर जातिका मानिसहरूले मगराँत राज्य नै जातिय आधारमा हुनु पर्दछ भन्दछन् भने अन्य व्यक्तिहरूले सबै जातजातिको भावना समेट्ने र सबैलाई स्वीकार्य हुने स्वरुपको संघीयता चाहिन्छ भन्ने उल्लेख गरेका थिए ।

विभिन्न व्यक्तिहरूको विचार तथा सर्वेक्षणबाट नेपालमा प्रदेश संघ निर्माणका प्रमुख आधार भौगोलिक र प्राकृतिक स्रोत साधन, आर्थिक आय र त्यसको न्यायोचित बाडँफाँड, जाति भाषा तथा संस्कृति र जनसंख्या, प्रशासनिक र भौगोलिक सुगमता तथा आर्थिक आयका स्रोतको आधारमा संघ/प्रदेश निर्माण गर्नु बढी उपयुक्त र सान्दर्भिक हुने देखिन्छ ।

नेपाली बनोट विविधतायुक्त छ । भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक, जातिगत, तथा जनसंख्या वितरण समेतमा विविधता रहेको छ । यही विविधतालाई आत्मसात् गरी विविधतायुक्त समाज विस्तार र विकास तथा विविधतामा एकता कायम राख्दै सन्तुलित समाज निर्माणको लागि नेपालमा संघ निर्माणको आधार एउटै मात्र नभै विभिन्न आधारहरूलाई आत्मासात् गर्दै निर्माण गर्नुपर्ने देखिन्छ । जसलाई उत्तरदाताहरूले रोजेका विभिन्न आधारहरूले पनि स्पष्ट गर्दछ । तसर्थ नेपालमा संघ निर्माणको आधार कुनै एउटालाई मात्र नमानि जनसंख्या, जातिगत र भाषागत समानता, प्राकृतिक स्रोत साधनको उपलब्धता, भौगोलिक/प्रशासनिक सुगमता तथा आर्थिक आधारलाई मुख्य रूपमा लिनु उपयुक्त हुने देखिन्छ ।

## ४.२ ग प्रस्तावित संघीय राज्यहरू

हाल राज्यको पुनर्संरचना र राज्य शक्तिको बाडँफाँड समितिबाट २०६६ माघ ६ गते प्रस्तुत गरिएको पुनर्संरचनाको आधार, संघीय राज्यको संख्या र नामहरू यस प्रकार छ :

- संघीय राज्यको संख्या : १४ (२३ स्वायत्त क्षेत्र सहित) संघीयताको स्वरूप : केन्द्र, स्वायत्त गणराज्य र स्थानीय

- संघीयताको आधार : जाति/समुदाय, भाषा, संस्कृति, ऐतिहासिक निरन्तरता, क्षेत्रगत र भौगोलिक निरन्तरता
- संघीय एकाईका नामहरू : १. खप्तड २. कर्णालाी ३. जडान ४. मगरात ५. तमुवान ६. नारायणी ७. नेवाः ८. ताम्सालिङ्ग ९. शेर्पा १०. सुनकोसी  ११. किराँत १२, लिम्बुवान १३. लुम्विनी - अवध-थारुवान १४. मिथिला - भोजपूरा - कोच - मधेश

नयाँ पहिचानयुक्त स्थान निर्माणमा सिमानाको ठूलो महत्व हुन्छ । तर विर्सन नहुने कुरा सिमानाले दोहोरै काम गर्छ कहिले द्वन्द्वको उठान गर्छ भने कहिले बैठान । सीमाकै कारण कतिपय राष्ट्रहरू विवादमा छन् । कहीं युद्धै छेडिएका छन्, कतिपयका आन्तरिक प्रदेशहरू पनि सीमा विवादमा छन् । सिमाना समावेशी हुँदैन यसले छुट्याउँछ वा अलग्याउँछ र कुनै न कुनै कुराको नियन्त्रण गर्छ । विशेषगरी छरिएका स्रोतहरू तथा समुदाय रहेको भूमिको सिमाना कोरी कसैलाई भित्र र कसैलाई वाहिर पार्ने काम सहज होइन । कहिले काहीं यस्ता कार्य अति सम्वेदनशील हुन सक्छन् । सीमा स्थापित भै सकेपछि स्थानगत विविधताले वढावा पाउँछ  किनभने सीमाङ्कित क्षेत्र भित्रका आ-आफ्नै नीति नियम हुन सक्छन् । हुन्छन नै, नत्र सीमा कोरेर अलग बन्नुको औचित्य के हुन्छ र ?
अर्को मननीय कुरा सीमा कोरेर स्थापित पहिचान सीमित र सीमान्तकृत हुने जोखीम पनि हुन्छ ।

सीमा निर्धारण पछि प्रदेशहरू प्रतिस्पर्धी हुने गरी बन्ने हुन् वा सिङ्गो देश भित्र समपूरक रूपमा विकसित हुने गरी ? स्रोत साधनको वितरणमा कमजोर भए भने त्यस्ता एकाईहरू कसरी प्रतिस्पर्धी बन्न सक्लान् ? विचारणीय छ । स्रोत साधनहरूको मूल्य र अर्थ बदलिँदो छ । आज स्रोत सम्पन्न मानिएको धर्तीको अंश भोलिको पुस्ताले बिपन्न भनी नाक खुम्च्याउने अवस्था आउन सक्छ  (या त्यसको उल्टो पनि हुन सक्छ) । पहाड र हिमाललाई कुनै समयमा विकासका वाधक मनिन्थ्यो अहिले ती विकासका सम्भावनाका रूपमा चित्रित हुँदै छन् । सिमांकन गर्न एउटै मात्र आधार पर्याप्त हुँदैन । बहु आधारको तुलनात्मक विश्लेषणबाट मात्र त्यो टुंग्याउन सकिएला । सैद्धान्तिक वा भावनात्मक कुरामा जतिसुकै बहस गरे पनि यथार्थमा भूमि माथि सीमारेखा कोर्ने काम निर्विवाद र सर्व स्वीकार्य रूपमा सम्पन्न गर्नु जोखिमको कुरा हो ।

देशमा हालसम्मको सामाजिक-राजनीतिक उपलब्धि प्राप्त गर्न यहाँ रहेका अधिकांश सामाजिक समूहहरू आ-आफ्नो क्षेत्रबाट लडेका छन्, कतिले वर्गका रूपमा र कतिले जातीय रूपमा  उपलब्धि स्थापित गर्ने क्रममा भेदभाव भएमा उनीहरूले चित्त दुखाउनेछन् जसको मूल्य महंगो हुन सक्छ ।

बसाईसराई र वैदेशिक रोजगार नेपालीको जीविकाको यथार्थ भइसकेको छ । यसमा कुनै जातजाती, क्षेत्र, वर्ग आदिको सीमा देखिन्न । नेपाली भएर मान, सम्मान, अपमान जे जस्तो रूपमा भोग्नुपरे पनि विदेश वा छिमेकी देश गएकै छन् । राज्यका कुनै सीमाले यिनीहरूलाई छेकेको छैन र अझ केही समय सम्म छेक्ला जस्तो पनि छैन । पहिले पहाडबाट मधेस झर्नेको ओइरो लाग्थ्यो, अहिले  मधेशबाट विदेश जानेको, चाखलाग्दो कुरा के भने २/४ पैसा कमाएर फर्किए पछि गाउँ होइन शहर, शहर  होइन ठूलो शहर र राजधानीमा जान चाहन्छन मानिस । अन्तर जातीय बिबाह बढोत्तरीमा छ । जातका सीमा र वन्धनहरू तोडिंदै छन् । जातीय प्रतिष्ठा खस्कँदो छ । सम्पन्नताको वर्गीय प्रतिष्ठा स्थापित हुँदै छ । प्रदेशको आकार र स्वरूप धेरै लामो एउटै प्रदेशले घेरिएको र क्षेत्रफल-जनसंख्या हिसाबले धेरै ठूलो वा सानो हुनु हुँदैन । नामकरणको सवालमा नाम भन्दा प्रदेशबाट प्राप्त हुनु पर्ने सेवा सुविधामा जनताको पहुँच, समता र सामाजिक न्याय हो ।

प्रस्तावित मगराँत राज्यले देशको हालको पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतका केही जिल्लाका सिमाहरू विगार्ने गरी १२ जिल्लाका ४८१ गा.वि.स.हरू समेटेको छ । यसले कूल नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी मध्ये ९.९ प्रतिशत भू-भाग वा १४५७०.९२ वर्ग कि.मी ओगटेको छ ।  जुन सालाखाला ७.१ प्रतिशत हुनु पर्ने भन्दा बढी नै छ । यो क्षेत्रफलको हिसाबले पहिलो कर्णाली र दोस्रो लुम्बिनी-अबध-थारुवान पछि तेस्रो ठूलो प्रस्तावित प्रदेशको रूपमा रहेको छ ।

प्रस्तावित मगराँत प्रदेशको विविध विवरणात्मक स्थिति र विभिन्न प्रस्तावित राज्यहरूको खाका अनुसूचि २ को तालिका नं. ४ र ५ मा दिइएको छ ।

प्रस्तावित मगराँत राज्यको विवरणात्मक स्थिति निम्नबमोजिम तालिका अनुसार रहेको छ :

**तालिका नं. १२**

**प्रस्तावित मगराँत राज्यको वस्तुस्थिति**

| **क्र.स.** | **विवरण** | **परिमाण** |
|---|---|---|
| १. | क्षेत्रफल | १४५७०.९२ वर्ग किलोमिटर(देशको कूल भूमिको ९.९ प्रतिशत) |
| २. | जिल्लाहरूको संख्या | १२ |
| ३. | गा.वि.स.हरूको संख्या | ४८१ |
| ४. | जनसंख्या | २०६०४७७ (नेपालको कूल जनसंख्याको ९.९ प्रतिशत) |
| ५. | जनघनत्व | १३७.३ प्रति वर्ग कि.मी. |
| ६. | खेतीयोग्य जमिन | २० प्रतिशत |
| ७. | बुट्यान सहित जंगलले ढाकेको भाग | ७३.३ प्रतिशत |
| ८. | जल खण्डले ढाकेको भाग | १.५ प्रतिशत |
| ९. | चट्टानी/उजाड भू-भाग | ५.२ प्रतिशत |
| १०. | मगरको जनसंख्या | ७०४६८३ (३४.२ प्रतिशत) |
| ११. | बाहुनको जनसंख्या | १९.२ प्रतिशत |
| १२. | क्षेत्रीको जनसंख्या | १८.१ प्रतिशत |
| १३. | कामीको जनसंख्या | ९.२ प्रतिशत |

स्रोत : सुवेदी, २०६८ ।

उक्त विवरण अनुसार प्रस्तावित मगराँत राज्य सम्बन्धमा नेपाल मगर संघ सन्तुष्ट नभएको र विभिन्न प्रतिक्रियाहरू जन आवाज तथा पत्र-पत्रिकाहरूमा आएका छन् ।

मगरहरूको महत्वपूर्ण भू-भागको कटान भई आफ्नो मगराँत भू-भागको केही महत्वपूर्ण अंश गुमेको धारणा व्यक्त गरेका छन् ने.म.संघ पदाधिकारीहरू । प्रस्तावित मागराँत भित्र तनहुँ, स्याङ्जा, नवलपरासी, पर्वत जिल्लाका आंशिक गा.वि.स.हरू मात्रै सम्मिलित गरेको छ । यसको कारणले कूल मगरहरूको जनसंख्याको लगभग ४२ प्रतिशत मगरहरू मात्रै यस प्रस्तावित राज्य भित्र पर्दछन् ।

प्रदेशहरूमा न्यूनतम साधन स्रोतहरू हुनु आवश्यक छ । मानव बसोबासको हिसाबले ६० प्रतिशत जमिन जंगलले ढाकिनु उपयुक्त भए पनि यहाँ सो भन्दा बढी ७३.३ प्रतिशत भू-भाग जंगलले ढाकेको छ । जलखण्ड सरदर २.६ प्रतिशत भन्दा बढी हुनु पर्नेमा जम्मा १.५ प्रतिशत मात्रै छ र उजाड चट्टानी भागले ५.२ प्रतिशत ओगटेको छ भने खेती योग्य जमीन जम्मा २० प्रतिशत मात्रै छ ।

अर्को महत्वपूर्ण कुरा संघीयतामा प्रवेश गरे पछि प्राप्त हुने सेवा सुविधामा जनताको पहुँच समता र सामाजिक न्याय हुनु पर्ने छ । आफ्ना न्यूनतम सुविधाहरूमा नागरीकको सहज पहुँच गराउनु राज्यको दायित्व हो । निश्चित केन्द्रहरू तथा उपकेन्द्रहरू मार्फत राज्यका विशेष सेवाहरू उपलब्ध गराइन्छ । यस्ता केन्द्रहरू धेरै टाढा भएमा प्रशासनिक सुगमताको पक्ष व्यर्थ हुन्छ ।

उपरोक्त प्रदेश/राज्यहरू सम्बन्धमा हाल प्रस्तावित राज्यहरू सापेक्ष केही प्रश्नहरू सोधिएका थिए ।

**तालिका नं. १३**

**तपाईको क्षेत्र कुन प्रस्तावित प्रदेश अन्तर्गत पर्दछ ?**

| राज्य | संख्या | प्रतिशत |
|---|---|---|
| मगरात | १८ | ३६.०० |
| तमुवान | ११ | २२.०० |
| नारायणी | १० | २०.०० |
| थाहा छैन | ११ | २२.०० |
| जम्मा | ५० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तपाई कुन प्रस्तावित राज्य अन्तर्गत पर्दो रहेछ भनेर सोधिएको प्रश्नमा खास गरेर तनहुँ जिल्लाको माझकोट गा.वि.स. मगरात राज्य र भीमाद गा.वि.स. नारायणी राज्यमा परेता पनि अनभिज्ञतावश गुरुङ्ग भएको नाताले तमुवान र मगर भएको नाताले मगराँत राज्यमा परेको छ भन्ने भ्रम रहेको पाइएको छ ।

उपरोक्त तालिका अनुसार मगराँतमा पर्ने १८ (३६ प्रतिशत) जना र नारायणीमा पर्ने १० (२० प्रतिशत) जना सहभागीले मात्र आफ्नो प्रदेश पहिचान गरेको देखिन्छ । किनकी यस सर्वेक्षणमा दुई प्रदेश अन्तर्गतका सहभागीहरू मात्र छनोट गरिएको छन् ।

**तालिका नं. १४**

**उक्त प्रस्तावित प्रदेश कस्तो लाग्छ ?**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| ठीक | १३ | २६.०० |
| बेठीक | १८ | ३६.०० |
| थाहा छैन | १९ | ३८.०० |
| जम्मा | ५० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

त्यसरी नै आफू त्यस प्रदेश अन्तर्गत पर्नुमा सो प्रस्ताव कस्तो लाग्छ भनी सोधिएको प्रश्नमा ठीक भन्नेको संख्या १३ (२६ प्रतिशत), बेठीक भन्नेको संख्या १८ (३६ प्रतिशत) र थाहा नहुनेको संख्या १९ (३८ प्रतिशत) रहेको पाइएको छ ।

उपरोक्त सर्वेक्षणमा उक्त प्रस्ताव कस्तो लाग्छ भन्ने प्रश्नको उत्तर ठीक भनी दिनेका कारणहरू विश्लेषण गर्दा मगरात प्रदेशमा पर्ने मगर उत्तर दाताले ठीक ठानेको र नारायणीमा पर्ने ब्राह्मण, क्षेत्रीलाई सोही प्रदेश ठीक ठानेको कारणले ठीक भनेको जस्तो देखिन्छ ।

भिमाद गा.वि.स.का उत्तरदाताहरू बेठीक भनी उत्तर दिने उत्तर दाताको कारण र उनको पृष्ठभूमि अध्ययन गर्दा मगर उत्तरदाताको हकमा कोही मगराँतमा नपर्नाले प्रस्तावित मगराँतको सिमा ठिक छैन भन्ने ठान्दछन् । त्यस्तै अन्य जातीय नामको प्रदेशले जातीय द्वन्द्व बढाउँछ भन्दछन् अर्को तर्फ कसैले गण्डक क्षेत्र अन्तर्गत पर्ने भीमाद कसरी नारायणी प्रदेशमा पऱ्यो भनी जिज्ञासा राखेको पाइयो । तनहुँ जिल्लाका जम्मा १२ गा.वि.स. मात्र मगराँतमा समेटिएकोमा मगर संघमा संलग्न स्थानीय अभियन्ताहरूमा सीमाङ्कनको सम्बन्धमा व्यापक असन्तुष्टि व्यक्त गरेको पाइयो र जतिसुकै राज्य/प्रदेश भए पनि मगराँत नामको प्रदेश छुट्नु हुँदैन भन्ने धारणा पनि व्यापक रहेको पाइयो । तनहुँ जिल्लाका १२ वटा गा.वि.स. हरू मात्रै नभई ३५ गा.वि.स. हरू मगराँतमा समेटिनु पर्ने नेपाल मगर संघको केन्द्रीय सदस्य तारा वहादुर थापाको तर्क रहेको छ ।

## ४.२ घ जातीय पहिचान सहित मगरहरूको राज्यमा सहभागिता

प्रदेश निर्माणको अर्को महत्वपूर्ण उद्देश्य त्यस क्षेत्रका दविएका र पछाडि परेका जातजातिहरूको जातीय पहिचान र राज्यका विभिन्न निकाय तथा विकास कार्यमा सहभागी बनाई जातीय उत्थान तथा समग्र विकास गर्नु रहन्छ । जातीय प्रदेश निर्माण सम्बन्धी नेपालमा धेरै बहसहरू भएको पाइन्छ । जातीय प्रदेश बनाउँदैमा त्यस प्रस्तावित प्रदेशमा बस्ने जातिको स्वतः विकास र राज्यको स्रोत साधनमा पहुँच पुग्दछ भनेर निश्चित गर्न सकिंदैन । सामान्यतया मगरहरूका नाताले बहुसंख्यक मगरहरूले मगरात प्रदेशप्रति झुकाव राख्नु स्वभाविकै हो तर यस्तो प्रदेश हुँदैमा स्वतः आफ्नो विकास नहुने कुरा अन्तरवार्ताका क्रममा स्थानीय अभियन्ताहरूले बताएका थिए । मगरको जातीय पहिचान सहित राज्यमा सहभागिता बढाउन आ-आफ्नो बिचारमा विभिन्न प्रस्तावहरू प्रति उत्तरदाताले दिएको बिचार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५**


**मगर जातिको जातीय पहिचान र राज्यमा सहभागीता कसरी बढ्दछ ?**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| पूर्ण समानुपातिक निर्वाचन र समावेशी प्रतिनिधि भएमा | १४ | २८ |
| मगर जातिलाई आरक्षण दिएमा | ५ | १० |
| मगरात प्रदेश बनाएमा | १० | २० |
| स्थानीय गाउँ र नगरलाई स्रोत साधन सहित पूर्ण स्वायत्तता दिएमा | ११ | २२ |
| माथिका सबै | ३ | ६ |
| थाहा छैन | ७ | १४ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिकालाई रेखा चित्रबाट पनि हेर्न सकिन्छ :

चित्र नं. ८




उपरोक्त तालिका बमोजिम मगर जातिको जातीय पहिचान र राज्यमा सहभागिता कसरी बढ्छ भनी सोधिएको प्रश्नमा सबैभन्दा धेरै महत्वपूर्ण समानुपातिक निर्वाचन र समावेशी प्रतिनिधित्व भएमा हुने १४ (२८ प्रतिशत) जनाले जाहेर गरेका छन्, मगर जातिलाई आरक्षण दिनेमा ५ जना (१० प्रतिशत), मगरात प्रदेशको पक्षमा १० जना (२० प्रतिशत), स्थानीय गाउँ र नगरलाई स्रोत साधन सहित पूर्ण स्वायत्तता दिएमा ११ (२२ प्रतिशत) जनालाई, सबै भएमा ३ (६ प्रतिशत) जना र थाहा नपाएको ७ (१४ प्रतिशत) जना रहेको पाइयो । परम्परागत रूपमा चल्दै आएको आरक्षण सुविधा भएर मात्रै नहुने तथ्य यस बाट पुष्टि हुन्छ । मगर जातिको जातीय पहिचान र राज्यमा सहभागिता बढाउन स्वायत्त मगराँत प्रदेश बनाउने र पूर्ण समावेशी लोकतन्त्रको व्यवस्था अवलम्वन गर्नु पर्ने मत बढी पाइएको छ ।

## ४.२ ङ संघीयता र स्थानीय स्वायत्तता

विगतमा बनेको नेपालका संविधानमा स्थानीय, स्वायत्ततालाई मजबुत बनाउने व्यवस्था हुन सकेन । स्थानीय स्वायत्त शासन ऐनको तर्जुमा समेत भयो । तर पनि त्यसको

प्रयोग व्यावहारिक रूपमा प्रभावकारी हुन सकेन । यसको अर्थ स्थानीय जनता शक्ति र अधिकार सम्पन्न बन्न सकेनन् । स्थानीय स्वायत्तताको व्यवस्थाले स्थानीय जनता/निकाय/संस्थाहरूलाई बलियो बनाउँछ । साथ साथै समाजमा यसका निम्न कार्यहरू पनि छन् (नागरीक सचेतना पुस्तिका, २०६७ : ३६) :

- लोकतन्त्रलाई स्थानीय तह सम्म पुऱ्याउँछ ।
- स्थानीय संस्थाहरूलाई सुद्धढीकरण गर्न सहयोग पुऱ्याउँछ ।
- राजनीतिक, सामाजिक र आर्थिक क्रियाकलापमा जनसहभागिता बढाउँछ ।
- विकास, शासन प्रणाली र प्रक्रियामा जनचाहनालाई प्राथमिकता दिन्छ ।
- स्थानीय स्तरमा सेवा सुविधाको बन्दोवस्त गर्दछ ।
- निर्वाचित प्रतिनिधि र कर्मचारी हतमा जवाफदेही बनाउँछ ।
- स्थानीय विषय, नागरीक समाज र नीति क्षेत्र बीचको सम्बन्ध र साझेदारी बढाउन सहयोग पुऱ्याउँछ ।
- सामाजिक-आर्थिक विकास र लोकतान्त्रीकरणका क्षेत्रमा जनउत्तरदायी वातावरण तयार गर्न मद्दत पुऱ्याउँछ ।

विभिन्न जात जाति, भाषा, संस्कृति, धर्म र समुदायको चाहना/आवश्यकताहरू सम्बोधन गर्दछ ।

संघीयता भित्र स्थानीय स्वायत्तता चाहिन्छ कि चाहिँदैन र किन ? भन्ने सवालमा यस शोधकर्ताले सहभागीसँग प्रश्न राखिएको थियो । यसको उत्तर निम्न तालिका बमोजिम छ ।

**तालिका नं. १६**


**संघीयता भित्र स्थानीय स्वायत्तता चाहिन्छ या चाहिदैन ?**

| **उत्तर** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| चाहिन्छ | ३१ | ६२.०० |
| चाहिदैन | ४ | ८.०० |
| थाहा छैन | १५ | ३०.०० |
| जम्मा | ५० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

स्थानीय स्वायत्तताको आवश्यकता रहेको भनी ३१(६२ प्रतिशत) जना सहमत भएका छन् भने आवश्यक नभएको भनी ४ (८ प्रतिशत) जना र थाहा नभएको भनी १५(३० प्रतिशत) ले उल्लेख गरिएको छ । यो तालिकालाई वृत्त चित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

चित्र नं.९




उक्त सर्वेक्षणमा सहभागीहरू मध्ये स्थानीय स्वायत्तता प्रदान गरेमा आपसी द्वन्द्व बढी केन्द्रीय विकास कार्य गर्न अप्ठ्यारो पर्ने भएकाले चाहिंदैन भनेको पाइयो भने स्थानीय स्वायत्तता भएमा स्वतन्त्र रूपमा आत्म निर्णय प्रयोग गरी विकास कार्य आफ्नै ढंगले अगाडि बढाउन मार्गप्रशस्त हुने भएकोले चाहिन्छ भन्ने धारणा रहेको पाइएको छ ।

समग्रमा बढी मात्रामा औपचारिक विद्यालय तथा क्याम्पस शिक्षा प्राप्त शिक्षित व्यक्तिहरूको सहभागिता रहेको यस सर्वेक्षणमा विभिन्न सवालहरूको प्राप्त जवाफहरूको तालिका बद्ध र चित्र बद्ध तथ्याङ्कहरू अध्ययन गर्दा संघीयताको अभियानमा रहेको नेपालमा यसको छिनोफानो गरेरै मात्र नेपालको अबको संविधान बनाउनु पर्दछ  भन्ने बुझिन्छ । संघीयताका तात्विक प्रक्रियाहरूको अनभिज्ञता भए पनि नेपाली जनताले विक्रम संम्वत २००७ देखि नै राजाले दिइएको संविधान सभाको आश्वासन स्मरण गर्दै २०६२/०६३ पछि

संघीयताको उचाईमा फड्को मार्ने पक्का गरेर राखेको हुदाँ नेपालमा उपयुक्त हुने तरिकाले आफ्नै पनको संघीयता स्थापना गर्नु पर्ने जनभावना रहेको देखिन्छ ।

राज्य पूनर्संरचनाको सवालमा सहज रूपमा बुझिने सीमांकनमा र नामांकनमा मतैक्यता देखिंदैन । उक्त कार्यको जटिलता प्रति आम जनसमुदाय पनि समझदार हुनु पर्ने देखिन्छ । सबै पक्षलाई चित्त बुझाउने गरी दुरुस्त स्वरूप तयार पार्ने कुनै चमत्कारीक उपाय भएमा अझ उत्तम हुने थियो । तैपनि पुनर्संरचनाको विषयमा अझ गम्भीरता पूर्वक विचार विमर्श गर्न आवश्क देखिन्छ ।

## ४.२ च नेपालमा संघीयताका सबल र दुर्वल पक्षहरू

दास्रो अनआन्दोलन २०६२/०६३ ले नेपालमा नयाँ बहस निम्त्याएको छ । यसले पुराना राजनीतिक मान्यता, संख्या प्रतिको दृष्टिकोण, लोकतन्त्रको सही व्याख्या र प्रयोगका लागि नयाँ पद्धतिको खाँचो औंल्याएको छ । राजनीतिक रूपमा शक्तिको स्रोत परिवर्तन र संस्थागत रूपमा पुराना धारणामा तुलनात्मक परिवर्तन खोजिएको छ । अर्थात् "राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रीयता र अन्य दुष्टिले नेपाली समाजको रूपान्तरण खोजेको छ" (बराल, २०६४ :१) । आजसम्म थिचिएर बसेका मुद्धा र जनचाहना एकाएक बाहिर आउँदा समस्यै समस्याको बाढी खुलेको भान हुन पुगेको छ । "उक्त जनआन्दोलनले मुख्य गरी शक्तिको स्रोत नेपाली जनतालाई स्थापित गर्दै समावेशी लोकतन्त्र स्थापना र राजतन्त्रको अन्त्य तथा संघीय प्रणालीबाट क्षेत्रीय सन्तुलन स्थापित गर्न खोजेको स्पष्ट हुन्छ" (सुवेदी, २००६ :४७) । यिनै कुराहरूको पूर्तिका लागि आज राज्य पुनर्संरचनाको कुरा उठेको छ । पुरानो परम्परावादी संस्कार र संस्थाबाट ती गहन विषयको प्रयोग हुन सक्दैन । तसर्थ नेपाली राज्यलाई सब जाति, क्षेत्र, वर्ग र लिङ्गको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितताका लागि शासन प्रणाली परिवर्तन गरी पूर्नसंरचना गर्न रुचाईएको हो । यस पुन संरचनाको एक मुख्य पक्ष शक्ति र साधनको न्यायपूर्ण विभाजन गरी सबै क्षेत्र र वर्ग बीच पुऱ्याई गरीबी, असहाय नेपालीलाई सबल पार्ने भएकाले काठमाडौं केन्द्रीय शासन व्यवस्थालाई प्रत्येक क्षेत्र मुखी पार्न संघीय प्रणालीको आवश्यकता महशुस हुन गयो । नेपालमा विगत २४० वर्ष देखि चल्दै आएको राज्य व्यवस्थाका कमिकमजोरी पत्ता लगाई तिनमा रूपान्तरण गर्ने सोचका साथ संघीय प्रणालीमा जानकालागि संघीय शासन व्यवस्था युक्त संरचनाको माग भएको हो ।

नेपालको अन्तरिम संविधान, २०६३ (पहिलो संशोधन सहीत) मा वर्गिय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक भेदभावको अन्त्य गर्न केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी लोकतान्त्रिक संघीय शासन प्रणाली संहितको पुनः संरचना गर्ने उल्लेख छ (धारा १३८ :१०) । संविधानसभाको पहिलो बैठकले २०६५ जेष्ठ १५ गते नेपालबाट राजतन्त्रको विधिवत समाप्त गरी 'नेपाल एक संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक राज्य' भएको घोषणा पनि गरीसकेको छ । संघीय प्रणालीमा जाँदैमा देशमा विद्यमान सबै समस्या स्वतः समाधान भएर जाँदैनन् । संघीय व्यवस्था पुरै समस्या मुक्त पनि छैन र संघीयताले नेपालमा सबै सकारात्मक प्रभाव पार्न सक्ने देखिन्छ । संघीयतालाई हामीले सही किमिमले प्रयोग गर्न सकेमा सकारात्मक प्रभाव बढी पर्ने देखिन्छ भने सही प्रयोग गर्न नसकेमा झन् ठुलो समस्या ल्याउने देखिन्छ । सामान्यतः संघीय व्यवस्थाले नेपालमा पार्न सक्ने सकारात्मक र नकरात्मक प्रभावलाई यहाँ केलाउने प्रयास गरिएको छ ।

## सकारात्मक पक्ष

- नेपालमा बहुजातीय, बहुभाषीय, बहुधार्मिक, बहुसाँस्कृतिक चरित्र स्वीकार गरीएपनि हालसम्म शासन व्यवस्था लगायतका अन्य क्षेत्रमा एक जाति, भाषा एक संस्कृति, एक वर्ग एक लिङ्ग र एक क्षेत्रको आधिपत्यको स्थिति हालसम्म रह्यो र अन्य सबैलाई राज्य संरचनाबाट पाखा पारियो । यस अवस्थाको अन्त्य गर्दै अबको संघीय व्यवस्थाले नेपालमा शासन व्यवस्थाको हरेक संरचनामा सबै बर्ग, समुदाय, भाषा, जातजाति, लिङ्ग र क्षेत्रलाई समान सहभागिताको सुनिश्चितता गर्दै सबै समूहका व्यक्तिलाई आफू पनि राज्यको एक महत्वपूर्ण सदस्य भएको महशुस गराउनका लागि प्रदान गर्नेछ ।
- स्थानीय स्तरबाट सामान्य काम पनि आफ्नो निर्णयबाट गर्न नसकिने र केन्द्रको मुख ताक्नुपर्ने अवस्थाको अन्त्य गर्दै स्थानीय विकासमा स्थानीय व्यक्तिहरूद्वारा निर्णय गर्न सकिने वातावरण संघीय व्यवस्थाले दिन्छ । काठमाडौँ केन्द्रीय राज्य संरचनाको अन्त्य गर्दै क्षेत्रीय/प्रान्तीय राज्यमा पनि निर्णयको शक्ति प्राप्त हुन्छ, जसले गर्दा स्थानीय विकास गर्न स्थानीय स्तरबाटै योजना, बजेट र प्रशासनिक संरचनाको निर्माण गरी सामुहिक विकासमा लाग्न सबैलाई प्रेरित गर्नेछ ।

- नेपाल विभिन्न प्राकृतिक स्रोत साधनको सम्पन्न मुलुक हो । ती सबै स्रोत साधनको हाल समुचित रूपमा प्रयोग गर्न सकिएको छैन । संघीय संरचनामा जादा ती सबै प्राकृतिक स्रोत र साधनको समान रूपमा बाँडफाँड हुन्छ र स्थानीय निकाय ती स्रोतहरूको उपयोग गर्न सक्ने अधिकार राख्दछन् । जसले गर्दा राज्यहरू ती स्रोत साधनको समुचित प्रयोग गरी आफ्नो विकासको स्रोत आफै जुटाउने र आफ्नो विकास आफै गर्न पाउने अधिकार प्राप्त गर्दछन् ।
- संघीय व्यवस्थामा राज्यहरू धेरै संख्यामा हुन्छन् । धेरै राज्यमा कर्मचारी पनि धेरै आवश्यक पर्ने हुन्छ, यसले गर्दा स्वदेशमै रोजगारीका पर्याप्त अवसरहरू प्राप्त हुन्छन्, जसले गर्दा देशको बेरोजगारी समस्यालाई पनि कम गर्न मद्दत पुग्दछ ।
- केन्द्रीकृत शासन व्यवस्थामा सरकारको कार्य क्षेत्र ठूलो र सबै काम केन्द्रीय सरकारले नै गर्नु पर्ने हुँदा सरकार स्थानीय स्तरसम्म पुग्न सकेको छैन संघीय व्यवस्थामा जाँदा शक्ति र सत्ता व्यवस्थाले स्थानीय स्तरसम्म राज्यको उपस्थिति हुन सक्ने वातावरण निर्माण गर्दछ । जसले गर्दा जनताले आफू हेपिएको र पछि परेको महशुस गर्नु पर्दैन ।

नेपालमा संघीय व्यवस्थाको आफ्नो विविधता युक्त विशेषता अनुरूप राज्य प्रणालीमा पनि त्यो विशेषतालाई अपनाउँदै समावेशी किसिमको राज्य निर्माण गरी सबै जाति, धर्म, क्षेत्र, लिङ्गका मानिसलाई समेटेर देशमा स्थायी शान्ति कायम गर्दै नेपाललाई समृद्ध बनाउन सहयोग गर्नेमा विश्वस्त रहेको देखिन्छ ।

विविध सकारात्मक पक्षका साथ साथै नेपालमा संघीय व्यवस्थाले पार्न सक्ने नकारात्मक पक्ष पनि रहेका छन् ।

## नकारात्मक पक्ष

- नेपाल विभिन्न जातजाति र भाषाभाषी बसोबास गर्ने मुलुक हो । यदि अहिले चर्चामा रहे जस्तै जातीय आधारमा राज्य निर्माण गरीएमा नेपालमा सबै जातिको नामबाट राज्य निर्माण गर्न संभव हुँदैन । जसले गर्दा आफ्नो नाममा राज्य नभएका जातिबाट आफूलाई पाखा पारिएको महशुस गरी त्यसको विरुद्धमा विद्रोहमा जान सक्छन् जसले गर्दा देशमा जातीय द्वन्द्वको खतरा रहन्छ ।

- नेपाल विश्वका अति गरीब मुलुकको सूचीमा सूचीकृत रहेको मुलुक हो । जसको आर्थिक बृद्धिदर अन्यन्तै न्यून रहेको छ भने जनसंख्या बृद्धिदर उच्च रहेको छ अधिकांश जनता गरीविको रेखामुनि रहेका छन् । संघीय राज्य व्यवस्थामा जाँदा धेरै राज्य निर्माण हुने र त्यही अनुरूपको प्रशासनिक व्यवस्थाले गर्दा राज्यको खर्च अत्यधिक बृद्धि हुन्छ । त्यस अवस्थालाई नेपालको आर्थिक अवस्थाले धान्न सक्ने छैन । जसले गर्दा नेपाल झन् गरिबीतिर धकेलिने छ ।
- अहिले एक मधेश प्रदेशको आधारमा संघीय स्वरूपमा जाने कुरा पनि उठिरहेको छ । यदि त्यही अनुरूप संघ निर्माण हुने हो भने त्यो संघात्मकका नाममा दुइ/तीन वटा एकात्मक सरकार निर्माण हुने सम्भावना बढी रहन्छ, किनकी त्यस व्यवस्थाबाट सबै नागरीक सरकार निर्माण हुने अवसर प्रांप्त गर्न सक्दैनन् । पहाड र तराई बीच ठूलो आर्थिक सम्बन्ध रहेको छ । यदि यी दुई भाग बीच बैमनस्यता बढ्दै गएमा आन्तरिक द्वन्द्व उच्च भएर देश विखण्डनमा जान सक्ने खतरा रहन्छ ।

नेपालमा संघीय शासन कायम भएमा भारतले संघीय शासन अन्तर्गतका साना-साना राज्यलाई प्रलोभन वा दबाव दिएर तथा आर्थिक नाकाबन्दी जस्ता तरिकाहरू अपनाएर नेपालबाट पृथक बन्न वा भारतमा बिलय हुनका लागि परिस्थिति सिर्जना गर्दै जानेछ । यस कुरामा हाल भारतको नेपाली सीमानामा गरेको अतिक्रमणबाट झन् बढी बल पुग्दछ । जसको कारण नेपाल संघीय व्यवस्थामा गएमा त्यसको परिणाम अन्ततः राष्ट्रिय विखण्डन, देशको अस्तित्वको अन्त्य, सिक्किमीकरण वा नेपाल भारतीय संघमा विलयको खतरा पनि रहन सक्दछ ।

नेपाललाई संघीय व्यवस्थामा रूपान्तरण गर्नु पूर्व यस विषयमा अझै गहन र घनिभूत छलफल हुनु आवश्यक देखिन्छ । यदि विना छलफल हतार गरेर संघीय व्यवस्थामा नेपाललाई रूपान्तरण गरीयो भने त्यसले समस्या समाधानको सट्टा देशलाई झन् ठूलो दुर्घटनामा पार्न सक्दछ । तसर्थ यस विषयमा पर्याप्त छलफल गरी उपयुक्त निष्कर्षमा पुग्नु सान्दर्भिक हुने देखिन्छ ।

# परिच्छेद : पाँच

# निष्कर्ष

सर्वप्रथम जोहान्स अल्पुसियले सन् १६०३ मा संघीयताको अवधारण ल्याएका थिए । संघीय शासन व्यवस्था सर्वप्रथम सन् १७८७ मा संयुक्त राज्य अमेरिकाबाट सुरु भएको थियो । त्यस पछि सन् १८४८ मा स्विट्जरल्याण्डले पनि संघीय व्यवस्थालाई अँगाल्न पुग्यो । त्यसपछि अमेरिका र स्विट्जरल्याण्डले संघीय व्यवस्थाको सफलता पूर्वक प्रयोग गरेपछि यी मुलुकहरूको सफलता देखेर हाल विश्व समुदायका २८ वटा मुलुकले संघीय शासन व्यवस्थालाई अङ्गालेका छन् । संघीय व्यवस्था अँगाल्ने मुलुकहरू मध्ये अमेरिका, स्विट्जरल्याण्ड आदि 'एक आपसमा आवद्ध हुने सिद्धान्त' बाट संघीय व्यवस्था अँगाल्न पुगेका हुन् । भारत, बेल्जियम, इथियोपिया आदि देशहरूले 'एक आपसमा आबद्ध गराई राख्ने सिद्धान्त' अनुरूप संघीय शासन व्यवस्था अँगाल्न पुगेका हुन् । संघीय शासन व्यवस्था अँगाल्ने मुलुक मध्ये कतिपय संघीय व्यवस्था धान्न नसकी एकात्मक शासन व्यवस्थामा फर्केका पनि छन् । कतिपय मुलुकहरूमा संघीय व्यवस्था अवलम्बन गर्नका लागि बहस र छलफल चालिरहेको छ ।

नेपालमा संघीय शासन व्यवस्थाको माग सर्वप्रथम 'तराई काँग्रेस' पार्टीका तर्फबाट वेदानन्द झा ले सन् १९५३ मा गरेका थिए । सन् १९९० मा नेपालमा प्रजातन्त्रको स्थापना भएपछि राष्ट्रिय जनमुक्ति पार्टी र सद्भावना पार्टीले पुन संघीय व्यवस्थाका लागि आवाज उठाए । तर उनीहरूको आवाजमा जनताको समर्थन जुटाउन नसकेपछि यो विषय त्यसै हरायो । संघीय प्रणालीमा मुलुकको शासन व्यवस्था रूपान्तरित गरीनुपर्ने माग जोडदार रूपमा उठाए पछि नेपालका प्रमुख राजनीतिक दलहरू : नेकपा (माओवादी), नेका, नेकपा (एमाले) वि.सं. २०६३ मा नेपालमा संघीय शासन व्यवस्थामा मुलुकलाई रूपान्तरण गर्नका लागि सहमत भए पछि नेपालमा संघीय शासन व्यवस्थाका सम्बन्धमा व्यापक छलफल सुरुवात भएको हो । यसै क्रममा अन्तरिम संविधान २०६३ को पहिलो संशोधन २०६३/११/२५ मा संविधान सभाको पहिलो बैंठकले नेपालमा औपचारिक संवैधानिक रूपमै संघीयतालाई व्यवस्था गरीयो । त्यसपछि विभिन्न व्यक्तिहरूले नेपालमा संघ निर्माणका लागि विभिन्न प्रस्तावहरू प्रस्तुत गरेका छन् । यस क्रममा ३ देखि १५ राज्यको प्रस्ताव गरिएको छ । हर्क गुरुङ्गले २५ जिल्लाको अवधारणा प्रस्ताव गरेका छन् । यी प्रस्तावका

बेला सबैले आफ्नै किसिमले राज्य प्रस्ताव गरेका छन् । यस क्रममा पिताम्बर शर्मा, नरहरि आचार्य, हर्क गुरुङ्ग, के.वी. गुरुङ्ग, परिथापा, कुमार योञ्जन, गोविन्द न्यौपाने, भवानी बराल, चैतन्य मिश्र, शंकर पोखरेल, कृष्ण खनाल, महेन्द्र लावती, राजेन्द्र श्रेष्ठ, हरि रोका, अमरेश नारायण झा र अमेश कुमार सिंहले केही न केही जातीय र क्षेत्रीय आधारमा प्रस्ताव भएको देखिन्छ भने बाबुराम भट्टराई, आलोक बोहरा र लोकराज बरालको धारणा अलि फरक छ । उनीहरू मधेस र पहाडको सन्तुलित सम्बन्धमा जोड दिदै जातिगत जनसंख्या, भूमी र क्षेत्र, भाषागत क्षेत्रीय पहिचान अर्थात सांस्कृतिक वर्चश्व र त्यस क्षेत्र भित्रको उत्पीडित वर्गको आधारमा राज्य निर्माण उपयुक्त हुने मत रहेको देखिन्छ । संघीय व्यवस्थाको तहगत संरचनाका लागि दुई देखि चार तह सम्मको प्रस्ताव आएको छ भने अधिकांशले तीन तहको संघीय संरचनात्मक स्वरूपलाई प्रस्ताव गरेका छन् । यसै सिलसिलामा संविधान सभाको राज्य पुनःसंरचना समितिले २०६६ माघ ६ गते १४ प्रदेश २३ स्वायत्त क्षेत्र र तीन तहको प्रस्ताव गरेको छ ।

नेपालमा पहिलो पटक वि.स.२०६४ चैत्र २८ मा सम्पन्न भएको संविधानसभा निर्वाचनमा भाग लिएका राजनीतिक दहहरूले पनि संघीय व्यवस्था अवलम्बन गर्ने सम्बन्धमा आफ्नो दृष्टिकोण अगाडि सार्दै चुनावी मैदानमा उत्रेका थिए । संविधानसभा निर्वाचनमा भाग लिने ५४ राजनीतिक दल मध्ये संविधानसभामा प्रतिनिधित्व गर्न सफल २५ राजनीतिक दलहरूमा २४ दल संघीयताको पक्षमा र एकमात्र दल राष्ट्रिय जनमोर्चाले संघीयताको तिब्र विरोध गर्दै चुनावी मैदानमा उत्रेका थिए । संविधानसभा निर्वाचनबाट बढी मत प्राप्त गरेका आधारमा एनेकपा (माओवादी), नेका, नेकपा (एमाले), मजफो र तमलोपा प्रमुख राजनीतिक दलका रूपमा स्थापित भएका छन् । एनेकपा (माओवादीले) जातीयता र क्षेत्रीयताका आधारमा विभिन्न प्रादेशिक राज्यको प्रस्ताव सहित जातीयता र क्षेत्रीयताका आधारमा विभिन्न प्रादेशिक राज्यको प्रस्ताव सहित संघीय शासन व्यवस्थाको शासन प्रणालीको प्रस्ताव गरेको छ । नेका र नेकपा (एमाले) ले जाति, भाषा, संस्कृति आयको स्रोत, साधन, भौगोलिक सुगमता, ऐतिहासिकता जस्ता विषयका आधारमा राज्य संरचना निर्माण गर्ने उल्लेख गर्दै शासन व्यवस्थाका बारेमा आफ्नो धारणा दिएका छन् । मजफो र तमलोपाले एक मधेश प्रदेशका आधारमा संघीय स्वरूपमा जानुपर्ने उल्लेख गर्दै संघीय नेपालमा हुने शासन व्यवस्थाको बारेमा धारणा प्रस्तुत गरेका छन् । रा.ज.मो.का अनुसार नेपालमा संघीय शासन व्यवस्था लागु व्यवस्था लागु हुन नहुने भन्दै जनमोर्चाले आफूलाई

संघीयताको विरुद्धमा निरन्तर प्रस्तुत गरेको पाइन्छ । उसका अनुसार संघीय व्यवस्थाले नेपाललाई झन् गरीबी तिर लैजाने, नेपालमा जातीय र क्षेत्रीय द्वन्द्व निम्त्याउने र त्यसले अन्ततः नेपालको अस्तित्व समाप्त गर्दै नेपाल भारतमा विलय हुने तर्क गरेको छ ।

नेपाल विविधता युक्त मुलुक हो । देशमा विद्यमान शासन व्यवस्थाले त्यो नेपालको विविधता युक्त विशेषतालाई राज्य प्रणालीमा आत्मसात् गर्न नसकेका कारण नेपालको राज्यप्रणालीमा पुनः संरचना गर्दै देशमा संघीय शासन प्रणाली अपनाउनु पर्ने माग उठेको हो । पुन : संरचना र संघ निर्माणका लागि जातीयता र क्षेत्रीयता सहितका कुरा उठाउदै आत्मनिर्णयको अधिकार हुनुपर्ने कुरा उठेको छ । यसले देशमा जातीय र क्षेत्रीय द्वन्द्व निम्त्याउदै देशलाई विखण्डनमा लैजान सक्छ भन्ने जनआक्रोश देखिन थालेको छ । यस अर्थबाट नेपालमा संघीय व्यवस्था उपयुक्त हुँदैन । अर्को दृष्टिकोणबाट विश्लेषण गर्दा उत्तर-दक्षिणको आधारमा नेपालको विविधता युक्त विशेषता प्रत्येक प्रदेशमा झल्कने गरी प्रदेश निर्माण गर्ने र विशेष परिस्थितीमा केन्द्रले प्रदेश सरकार माथि हस्तक्षेप गर्न सक्ने संवैधानिक अधिकार केन्द्र सरकारमा रहने व्यवस्था सहितको संघीय व्यवस्थामा जान भने कुनै समस्या नहुने देखिन्छ ।

नेपाल एक बहुधार्मिक, बहुभाषिक, बहुजातीय र भौगोलिक विविधता युक्त परिचय भएको मुलुक हो । यस्तो विविधता युक्त मुलुकमा संघ/प्रदेश निर्माण गरी संघीय संरचनामा परिवर्तन हुने कार्य निकै कठिन र चुनौती पूर्ण कार्य हो । त्यसर्थ नेपालमा संघ निर्माण गर्दा विशेष ध्यान दिनु आवश्यक रहन्छ । संघ/ प्रदेश निर्माण गर्दा नेपालको आफ्नो परिचय अथावत रहनेगरी सबै जात/जाति, भाषा/भाषी, संस्कृतिको पहिचान साथै नेपाल राज्यको एकता र अखण्डता कायम राख्न जातीय राज्य र एक मधेश एक प्रदेशको अवधारणालाई उपयुक्त मान्न सकिदैन । वास्तवमा मधेश, र पहाड बीच समझदारी कायम राख्नै पर्छ । मधेशीका चाहना र आकांक्षाका साथै उनीहरूको जनसंख्या अनुकूलको शक्ति र साधन स्रोतमा हिस्सा पाउनु पर्छ । यसको समायोजन गर्न मधेशलाई अलग्गै एकाईका रूपमा नराखी उत्तर-दक्षिण र पूर्व-पश्चिमको आधारमा भौगोलिक रूपले उपयुक्त हुने गरी पुन संरचना हुनु आवश्यक छ ।

हालसम्म आर्थिक, सामाजिक, भौगोलिक तथा अन्य विविध दृष्टिले निकै पछाडि परेको कर्णाली क्षेत्रको विकासका लागि कर्णाली क्षेत्रलाई छुट्टै प्रदेशका रूपमा प्रस्ताव गरिएको छ तर यसमा प्रशस्त गृहकार्य हुनु पर्छ । सबैको हकहितको लेखाजोखा गरी

समझदारीमा पुग्न सक्नु पर्छ । सबै जाति, क्षेत्रका समुदायको समानुपातिक प्रतिनिधित्वको यकिन भएका खण्डमा मधेश मात्रै अलग इकाईका रूपमा रहनु हुँदैन । मधेस, पहाड र हिमाल सबै क्षेत्र मिली नेपाल बनेकाले एक अर्काका साधन/स्रोतको समुचित वितरण गरीनु पर्छ । पहाडका नदीनाला र अन्य सबै प्राकृतिक साधन एक अर्कामा सम्बन्धित छन् र तिनको मिलीजुली उपयोग गरीनु पर्छ । यसका लागि केन्द्र तथा राज्यहरूको बीचमा बाँडफाँड गरिएको, केन्द्रमा राज्यको बलियो प्रतिनिधित्व र केन्द्रको नीति निर्माणमा राज्यको बलियो सहभागिता तथा व्यवस्थापिकाको माथिल्लो सदनमा पनि जनसंख्याको आधारमा प्रतिनिधित्व रहने र नीति नियम पारितका लागि दुवै सदनको साथै राज्यको पनि स्वीकृति आवश्यक रहने तथा करको दायरा समान तर सहयोगात्मक हिसाबमा बाँडफाँड गरी उठाउने व्यवस्था सहितको 'सहयोगात्मक संघवाद' अति उत्तम हुन सक्दछ । अतः नेपालमा सहयोगात्मक संघवादको भावनामा संघीय प्रणाली हुनु पर्दछ ।

संघीय प्रणाली आफैं एक साध्य होइन साधन मात्र हो । यसको सही ढंगले प्रयोग गर्न सकेमा हाल सम्मको केन्द्रीकृत शासन व्यवस्थाबाट शोषणमा परेका सबै जात-जाति, भाषा-भाषी, धर्म-सस्कृति सबैको आकांक्षा पूरा हुनेछ र देश समावेशी स्वरूपको बन्ने छ । सही ढंगले प्रयोग गर्न सकिएन भने संघीय प्रणाली जति नै राम्रो शासन व्यवस्था भएता पनि त्यसले समस्या समाधान नगरी झन बल्झाउने छ । जसले गर्दा देश विखण्डनमा परी नेपालको पहिचान नै समाप्त हुन पनि सक्ने छ ।

यस शोधकार्यको क्रममा गरिएको सर्वेक्षणका सहभागीहरूमध्ये ६४ प्रतिशतले नेपालमा संघीय व्यवस्था आवश्यक, १८ प्रतिशत संघीय व्यवस्था अनावश्यक र बाँकी १८ प्रतिशतले थाहा नभएको बताएका छन् । संघीय व्यवस्थाका पक्षमा देखिनेहरूले भौगोलिक र प्राकृतिक स्रोत तथा साधन, जाति, भाषा तथा संस्कृति र राज्यहरूको आर्थिक आयका आधारमा राज्य निर्माण गरीनु पर्ने उल्लखे गर्दै अधिकांश तीन तहको संघीय संरचनात्मक स्वरूपका पक्षमा देखिएका छन् । प्रश्नावली अन्तरवार्तामा सहभागीहरू मध्ये नेपालमा संघीय व्यवस्था आवश्यक छ भन्नेहरूको मतमा संघीय व्यवस्थाले नेपालमा स्थायी शान्ति कायम गर्दै नेपाललाई संमृद्ध बनाउने तथा जातीय, क्षेत्रीय र लिंगीय भेदभावको अन्त्य गर्ने जस्ता सकारात्मक प्रभाव पार्ने उल्लेख गरेको पाइन्छ । यस्तो संघीयता जातिय आधारमा हुनुपर्छ भन्नेमा मगर कार्यकर्ता र धेरै मगरहरुको विचार पाइयो । त्यस्तौ धेरै मगर गाउँहरू प्रस्तावित मगराँत प्रदेश भित्र नसमेटिएकोमा असन्तुष्टी समेत पाइयो । त्यस्तै जातीय

संघीयताको विपक्षमा रहनेहरूले संघीय व्यवस्थाले नेपालमा जातीय र क्षेत्रीय द्वन्द्व बढाउँदै राष्ट्रलाई विखण्डनमा लैजाने जस्ता नकारात्मक प्रभाव पार्ने उल्लेख गरेको पाइन्छ । त्यस्तै अध्ययन क्षेत्रका मगर र गैर मगर अभियन्ताहरूले नेपाल संघीय स्वरूपमा जाँदा आर्थिक आयआर्जनका स्रोतहरूको बाँडफाँड, केन्द्र र राज्यहरू बीच कार्यकारिणी र व्यवस्थापकीय अधिकार बाँडफाँडको प्रकृति, न्यायिक र प्रशासनिक सेवाको साझेदारी र संविधान संशोधन प्रकृया तथा संघीय इकाईको आकार र केन्द्रका संस्थाहरूको प्रकृति जस्ता विषयहरूमा विशेष ध्यान दिनुपर्ने भन्ने उनीहरूको बिचार निसन्देह सान्दर्भिक र समयोचित छ ।

राज्य पुनर्संरचनागरेपछि राज्यले दिने सेवा सुविधाहरूमा जनताको पहुँच हुनु पर्दछ । प्रशासनिक सुगम हुनुपर्ने महत्वपूर्ण छ । यदि सेवा सुविधा उपलब्ध गराउने केन्द्र तथा उपकेन्द्रहरू अपायक पर्ने ठाउँ र आफ्नो केन्द्रमा आवतजावत गर्दा अर्को राज्यको केन्द्र भई जानु पर्ने स्थिति आयो भने यस्तो पुनर्संरचनाको खासै अर्थ रहँदैन । भीमाद गा.वि.स. र माझकोट गा.वि.स.का जनताहरूका लागि पोखरा उपयुक्त र सुगम हुनेमा अति नै अपायक पर्ने नारायणगढ र तानसेन (प्रस्तावित राजधानीहरू) जानु पर्दा असजिलो हुने गुनासो यहाँका जनमानसमा रहेको पाइएको छ ।

प्रदेश नामकरणको सवालमा आ-आफ्नो जाती विशेष नाम भएको राज्य प्रति सबै जातिहरू ब्राह्मणदेखि जनजातिहरूको मोह रहेको पाइयो । नामकरण सम्बन्धमा गहिराइमा छलफल भई कसैलाई चित्त नदुख्ने गरी समझदारी  गर्नु पर्ने देखिन्छ । जनसाधारणमा अन्योल र अनभिज्ञता छ कुन प्रदेश र कुन राज्यअन्तर्गत पर्दछ आफू भनेर । संघीय संरचना भनेको कुनै वाद होइन यो त शक्ति वितरणको सिद्धान्तमा आधारित हुन्छ र समावेशी लोकतन्त्रको अनिवार्य सर्त हो । मगर जातिको जातीय पहिचान र राज्यमा सहभागीता बढाउनको लागि मगरात प्रदेश सहितको स्थानीय स्वायत्तता आवश्यक रहेको भनी प्राय सबै मगर उत्तरदाताले उल्लेख गरेका छन् । स्थानीय तहका जनताले आफूलाई सरोकार पर्ने विषयमा आफैँ निर्णय लिने सहजताको लागि स्थानीय स्वायत्तता आवश्यक रहेको सहभागीहरूको धारणा रहेको छ । जातीय स्वायत्तताको नाममा विखण्डनतिर पुगिन्छ कि भनेर केही मगर र अन्य धेरै सहभागीहरूको जिज्ञासा रहेको पाइएको छ । लामो समयसम्म केन्द्रीकृत र सामन्ती व्यवस्थामा रहेको नेपालको राज्यप्रणालीले विविधता र बहुलतालाई समेट्न नसकेको परिप्रेक्ष्यमा र बहुदलिय अभ्यासका केही अनुभवहरूले पनि त्यसतर्फ प्रगति गर्न नसकेको कारणले नेपालमा सिमान्तकृत जाति जनजाति र भूगोलका जनसंख्यालाई तथा

केन्द्रीकृत राज्यका अधिकार र स्रोत साधनलाई न्यायोचित वितरणका लागि प्रस्तावित संघीय व्यवस्था उपयुक्त हुने कुरामा धेरै दलहरू तथा विज्ञहरू २०६२ पछिका नेपाली लोकतान्त्रिक गणतन्त्रमा सहमत भएका छन् । त्यसैले यसतर्फ धेरै बहस गर्नु भन्दा पनि प्रस्तावित संघीयतालाई कसरी सब जनताको हितमा न्यायोचित रूपमा प्रस्तुत गर्ने र सिमान्तकृत जातजातिलाई राजनीतिको मूलधारमा कसरी ल्याउने भन्ने विषय नै सब भन्दा बढी बिचार योग्य हुनुपर्दछ । यस सम्बन्धमा मगरहरूले मगरका नाताले मगराँत प्रदेश हुनुपर्दछ र गैर मगरहरूले जातीय आधार नभई अन्य आधारमा गरीनुपर्दछ भन्ने दुवै बिचार आ-आफ्नो ठाउँमा उपयुक्त नै देखिन्छन् ।

तसर्थ यस सम्बन्धमा सम्बन्धित प्रस्तावित क्षेत्रमा अझ धेरै बहस हुन आवश्यक छ । मगरहरूको जातीय पहिचान सहित राजनीतिमा सहभागिताको स्तर समानुपातिक निर्वाचन र स्थानीय गाउँ तहमा पूर्ण स्वायत्ततालाई धेरै उत्तरदाताहरूले जोड दिएको तथ्य सायद सबखाले प्रदेश र सबै प्रकारका जनसंख्या भएका प्रस्तावित प्रदेशहरूका लागि उचित नमूना बन्न सक्ने देखिन्छ । समग्रमा राज्य पुनर्संरचनाले शक्ति विभाजन होइन, शक्तिवितरण गरी संघीयताको स्थापना गर्नु आवश्यक छ । यस्तो दिर्घकालिन संरचनाको प्रस्ताव गर्दा हतार र मनोगत एवम् आग्रह पूर्वाग्रह भन्दा अझै माथि उठेर सम्बन्धित पक्षहरूबीच अझ बढी बहस गर्नु पर्ने देखिन्छ ।

# अनुसूची १

## प्रश्नावली फाराम

(प्रस्तुत प्रश्नावली त्रिभुवन विश्वविद्यालयलबाट राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तह उपाधिका लागि दशौं पत्रको प्रयोजनार्थ तयार पारिएको हो । यहाँ प्रस्तुत विवरण र सूचनाहरू गोप्य रहनेछन् र शोध लेखनका अतिरिक्त त्यसको अन्यत्र प्रयोग गरीने छैन ।)

उपयुक्त उत्तरमा ठीक (✓) चिन्ह लगाउनुहोस् ।

### क) उत्तरदाताको पृष्ठभूमि

१) तपाईको जाति के हो ?

क) मगर ख) ब्राह्मण ग) क्षेत्री घ) अन्य....

२) तपाईको उमेर समूह कुन हो ?

क) १८-३० वर्ष ख) ३१-४५ वर्ष

ग) ४६-६० वर्ष घ) ६० वर्ष भन्दा माथि

३) शैक्षिक स्थिति कस्तो छ ?

क) अशिक्षित ख) साक्षर ग) विद्यालय शिक्षा घ) उच्च शिक्षा

ङ) एम्.ए. वा सो भन्दा माथि

४) तपाईको पेशा के हो ?

क) किसान ख) गृहिणी ग) सरकारी नोकरी घ) शिक्षक

ङ) भू.पू. सैनिक च) अन्य

५) तपाईको धर्म के हो ?

क) हिन्दु ख) बौद्ध ग) धामीझाँक्री र प्रकृतिपूजक

घ) अन्य

६) लिङ्ग समुह कुन हो ?

क) पुरुष ख) महिला

## ख)    विषयवस्तु सम्बन्धी

१)  संघीयता भन्नाले के बुझ्नुहुन्छ, कुनै ३ बुँदा लेख्नुहोस् ।

क) ....................................................................................

ख) ....................................................................................

ग) ....................................................................................

घ) थाह छैन ।

२)  नेपालमा संघीयताको बारेमा यहाँको बिचार के छ ?

क) चाहिन्छ    ख) चाहिदैन    ग) थाहा छैन

३)  चाहिन्छ भने कुनै २ कुरा उल्लेख गर्नुहोस् ।

क) ....................................................................................

ख) ....................................................................................

४)  चाहिदैन भने कुनै २ कुरा उल्लेख गर्नुहोस् ।

क) ....................................................................................

ख) ....................................................................................

५)  तपाईको विचारमा कस्तो प्रकारको संघीयता नेपालमा उपयुक्त छ ?

क) जातीय पहिचान    ख) भूगोल र ऐतिहासिक प्रसिद्धि

ग) आर्थिक स्रोत र विकासका पूर्वाधार    घ) थाहा छैन

६)  तपाईको क्षेत्र कुन प्रस्तावित प्रदेश अन्तर्गत पर्दछ ?

क) मगरात   ख) तमुवान   ग) नारायणी   घ) अन्य   ङ) थाहा छैन

७)  उक्त प्रस्ताव कस्तो लाग्छ ?

क) ठिक, किनभने ...............................................

ख) बेठिक, किनभने ...............................................

ग) थाहा छैन ...............................................

८)  मगर जातिको जातीय पहिचान र राज्यमा सहभागिता कसरी बढ्दछ ?

क) पूर्ण समानुपातिक निर्वाचन र समावेशी प्रतिनिधि भएमा,

ख) मगर जातिलाई आरक्षण दिएमा,

ग) मगरात प्रदेश बनाएमा,

घ) स्थानीय गाउँ र नगरलाई स्रोत साधन सहित पुर्ण स्वायत्तता दिएमा,

ङ) थाहा छैन,

९) संघीयता भित्र स्थानीय स्वायत्तता चाहिन्छ या चाहिदैन ?

क) चाहिन्छ किनभने ..........................................................................

ख) चाहिदैन किनभने ......................................................................

ग) थाहा छैन ...................................................................................

१०) राज्यको पुनर्संरचना गर्दा कस्तो स्वरुपको संघीयताले देशमा स्थिरता, प्रगति र लोककल्याण हुन्छ ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

सहयोगको लागि धन्यवाद

# अनुसूची २

## तालिका नं. १

संविधान सभा २०६४ को निर्वाचन परिणाम र जनजातिको प्रतिनिधित्व यस प्रकार छ (तामाङ्ग,२०६५ : २७३)

| क.सं. | समुदाय र जनसंख्या (प्रतिशत) मा | परिणाम बढीमतीय | समानुपातिक | जम्मा | अपेक्षित परिणाम | अन्तर |
|---|---|---|---|---|---|---|
| १. | उच्च जात समूह<br>क) पहाड (३०.९प्रतिशत)<br>ख) मधेस (१४.८प्रतिशत) | १०८<br>४७ | ९५<br>७५ | २०३ (५.३०प्रतिशत)<br>१२२ (२१.२२ प्रतिशत) | १७८<br>८५ | +१५<br>+३६ |
| २. | आदिवासी जनजाति<br>क) हिमाल (०.८प्रतिशत)<br>ख) नेवार (५.५प्रतिशत)<br>ग) पहाडे (२२.२ प्रतिशत)<br>घ) तराई (८.७ प्रतिशत) | १<br>१५<br>४६<br>१४ | १०<br>१७<br>५९<br>२६ | ११ (१.९ प्रतिशत)<br>३२ (५.५७ प्रतिशत)<br>१०२<br>४० (६.९६ प्रतिशत) | ५<br>३१<br>१२८<br>५० | +६<br>+१<br>-२६<br>-१० |
| ३. | दलित<br>क) पहाड (७.१ प्रतिशत)<br>ख) मधेश (४.७ प्रतिशत) | ५<br>२ | ३४<br>१३ | ३९ (६.७८ प्रतिशत)<br>१५ (२.६ प्रतिशत) | ४१<br>२७ | - २<br>- १२ |
| ४. | धार्मिक अल्पसंख्यक (४.३ प्रतिशत) | ५ | ६ | ११ (१.९१ प्रतिशत) | २५ | -१४ |
| ५. | अन्य (जात वा जाति) नखुलेको जनसंख्या (१ प्रतिशत) | - | - | - | ५ | - |
| | जम्मा | २४० | ३३५ | ५७५ | ५७५ | |

स्रोतः तामाङ्ग, २०६५ : २७३

## तालिका नं. २

## संघीय शासन प्रणाली सम्बन्धी घटनाक्रम

| क्र.सं. | देशको नाम | संघीय शासन स्थापना भएको मिति (सन्मा) | एकात्मकता फर्केको मिति (सन्मा) |
|---|---|---|---|
| १. | स्विट्जरल्याण्ड (लिगबाट संघ) | १२९१/१८४८ | वर्तमान सम्म |
| २. | पोलिस लिथुआनियन कमनवेल्थ | १५७० | १७९५ |
| ३. | अमेरिका (महासंघ बाट संघ) | १७८६/१७८९ | वर्तमान सम्म |
| ४. | युनाईटेड प्रोभिन्स अफ सेन्ट्रल अमेरिका | १८२३ | १८४० |
| ५. | कन्फिडरेट स्टेट अफ अमेरिका | १८६१ | १८६५ |
| ६ | फेडरेट मलाया स्टेटस | १८९६ | १९४६ |
| ७ | फ्रेन्च वेस्ट अफ्रिका | १९०४ | १९५८ |
| ८ | दक्षिण अफ्रिका | १९९४ | वर्तमान सम्म |
| ९. | युनियन अफ सोभियत सोसलिष्ट रिपब्लिक (रुसी सहासंघ) | १९२२ | १९२२ |
| १० | सोसियलिष्ट फेडरेल रिपब्लिक अफ युगोस्लाभिया | १९४५ | १९९५ |
| ११ | युगोस्लाभिया | १९४५ | १९९० |
| १२ | जर्मनी | १९४५ | वर्तमान सम्म |
| १३ | मलायान युनियन | १९४६ | १९४८ |
| १४ | भारत/पाकिस्तान | १९४७ | वर्तमान सम्म |
| १५ | फेडेरेसन अफ मलाया | १९४८ | १९६३ |
| १६ | फेडरेशन अफ रोडेसीया एण्ड न्यासाल्याण्ड | १९५३ | १९६३ |
| १७ | अष्ट्रिया | १९५५ | वर्तमान सम्म |
| १८ | बेष्ट इण्डिज फेडेरेशन | १९५८ | १९६५ |
| १९ | माली फेडेरेशन | १९५८ | १९५९ |

| | | | |
|---|---|---|---|
| २० | फेडेरेशन रिपब्लिक अफ क्यामरुन | १९६१ | १९७२ |
| २१ | क्यामरुन | १९६१ | १९७२ |
| २२ | युगान्डा | १९६३ | १९७२ |
| २३ | नाइजेरिया | १९६३ | १९६७ |
| २४ | चेकोस्लाभाकिया | १९६९ | वर्तमान सम्म |
| २५ | स्पेन | १९७७ | १९९३ |
| २६ | सुडान | १९९१ | वर्तमान सम्म |
| २७ | बेल्जियम | १९९३ | वर्तमान सम्म |
| २८ | ईथियोपिया | १९९५ | वर्तमान सम्म |

स्रोत : राई, २०६५: १२

**तालिका नं. ३**

**संघिय प्रणाली टिकाउन नसकी एकात्मक प्रणालीमा फर्केका मुलुकहरू**

| क.सं. | देशको नाम | संघ बनेको मिति (सन् मा) | एकात्मकमा फर्केको मिति (सन्मा) |
|---|---|---|---|
| १ | पोलिस लिथुआनियन कमनवेल्थ | १५६९ | १७९५ |
| २ | युनाइटेड पोभिन्स अफ सेन्ट्लअमेरिका | १८२३ | १८४० |
| ३ | कन्फिडेरेट स्टेटस अफ अमेरिका | १८६१ | १८६५ |
| ४ | फ्रेन्च वेष्ट अफ्रिका | १९०४ | १९५८ |
| ५ | फेडेरेट मलाय स्टेटस | १८९६ | १९४६ |
| ६ | मलायन युनियन | १९४६ | १९४८ |
| ७ | फेडेरेसन अफ मलाया | १९४८ | १९६३ |
| ८ | फेडेरेसन अफ रोडिसिया एण्ड न्यासाल्यण्ड | १९५३ | १९६३ |
| ९ | वेष्ट ईन्डियन फेडेरेसन | १९५८ | १९६२ |

| | | | |
|---|---|---|---|
| १० | माली फेडेरेसन | १९५९ | १९६० |
| ११ | फेडेरेसन रिपब्लिकन अफ क्यामरुन | १९६१ | १९७१ |
| १२ | युनियन अफ सोभियत सोसियलिष्ट रिपब्लिक | १९११ | १९९१ |
| १३ | चेकोस्लोभाकिया | १९६९ | १९९३ |
| १४ | सोसियलिष्ट रिपब्लिक अफ युगेस्लोभिया | १९४५ | १९९२ |
| १५ | क्यामरुन | १९६१ | १९७२ |
| १६ | युगाण्डा | १९६३ | १९६७ |

स्रोत : राई, २०६५: १५ ।

## तालिका नं. ४

## संघीय स्वरुपका विभिन्न प्रस्तावहरू

| क.स. | प्रस्ताव गर्नेको नाम | प्रान्त/प्रदेश क्षेत्रका संख्या | जिल्ला/स्थानीय निकायको संख्या | आधारहरू | जिल्लाको सिमाना आधारित | नामकरण आधार |
|---|---|---|---|---|---|---|
| १. | नेकपा (माओवादी) (प्रतिबद्धता-पत्र ०६४) | ११ राज्य, ३ उप-राज्य | ७५ | जातीयता, भाषिक, भौगोलिक, क्षेत्रीय | नविगारेको | आधार अनुसार |
| २. | पीताम्बर शर्मा (शर्मा, ०६४) | ६ | १९ | जातीय, भाषिक,आर्थिक, सवलता र सम्भावब्यता, अन्तर प्रादेशिक परिपूरक आर्थिक लेनदेन | नविगारेको तर केही ठाउँमा पुनः सीमाङ्कन आवश्यक महशुस गरेको | भौगोलिक |
| ३. | गोविन्द न्यौपाने (न्यौपाने, ०६४) | ११ | ७५ | जातीय, ऐतिहासिक, भाषिक | नविगारेको | आधार अनुसार |
| ४. | बाबुराम आचार्य (आचार्य, ०६३) | ४ | १५मण्डल/अञ्चल | ऐतिहासिक, जातीय क्षेत्रीय पौराणिक | नविगारेको | आधार अनुसार |
| ५. | रामचन्द्र आचार्य (आचार्य, ००७) | ४ | १३ | भौगोलिक, जनजाति/जातीय, भाषिक | नविगारेको | मिथिला बाहेक सबै भौगोलिक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | के.बी गुरुङ्ग (गुरुङ्ग, ०६३) | ११ | ६ स्वशासित इलाका भित्र स्वशासित कम्युनहरू | जाति र भूगोल, भाषा र जाति | नविगारेको | जाति, भाषा |
| ७. | राजेन्द्र श्रेष्ठ (श्रेष्ठ, २०६३) | १४ | ७५ | भौगोलिक सुगमता, जनसंख्या, जातीय-क्षेत्रीय सम्बन्ध, सामाजिक-आर्थिक सम्बन्ध | विगारेको कतिपय जिल्लाहरूमा खास अंशहरू मिलाउनु पर्ने आवश्यकता ठानेको | जातीय, भौगोलिक, भाषिक, पौराणिक |
| ८. | कृष्ण खनाल (खनाल,०६१) | १४ समानुपातिक प्रतिनिधित्वका लागि प्रस्ताविक | ७५ | जनसंख्या, भौगोलिक निकटता र सामजिक/सांस्कृतिक समानता | नविगारेको | क्षेत्रहरू नम्बर गरिएको |
| ९. | गोविन्द न्यौपाने (न्यौपाने,०६३) | ८ | ७५ | ऐतिहासिक पृष्ठभूमि (विभिन्न जातिको पुर्ख्यौली, भूमि वा मूलथलो) भौगोफिक सम्भाव्यता, जातिय उपस्थिति | नविगारेको | जातीय, भाषिक |
| १०. | अमरेशनारायण झा (झा,०६३) | ८ | ७५ | ऐतिहासिक पृष्ठभूमि (विभिन्न जातिको पुर्ख्यौली, भूमि वा मूलथलो) भौगोलिक सम्भाव्यता, जातिय उपस्थिति | ठाउँ-ठाउँमा विगारेको | जातीय, भाषिक |
| ११. | आलोक बोहरा | ४ | ७५ | जलाधार | नविगारेको | भौगोलिक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (बोहरा, ००७) | | | | | |
| १२ | शंकर पोखरेल (पोखरेल,००६) | १५ | ७५ | भौगोलिक अवस्थिति, जातिगत संघनता, मातृभाषा र भाषाको प्रयोग अवस्था, सामाजिक अवस्था इत्यादि | जिल्ला सिमाना बदल्नुपर्ने प्रस्ताव | प्राकृतिक, भौगोलिक, ऐतिहासिक |
| १३ | श्रीकृष्ण यादव (जिफन्ट ००७) | ७ | ७५ | भौगोलिक र ऐतिहासिक | नविगारेको | भौगोलिक र ऐतिहासिक |
| १४ | कुमार योन्जय (तामाङ्ग,०६३) | ११ | ७५ | जातीय-भाषिक | नविगारेको | जलाधार र ऐतिहासिक |
| १५ | हर्क गुरुङ्ग (गुरुङ्ग,०६३) | – | २५ | जिल्लाको साधन र स्रोत | नविगारेको | भौगोलिक |
| १६ | बाबुराम भट्टराई (भट्टराई, ०६४) | ९ | उल्लेख नभएको | जलाधार | जिल्ला अनुसार होइन | जलाधार |
| १७ | राजेन्द्र गौतम (गौतम,०६३) | १४ | ७५ | ऐतिहासिक, भौगोलिक जातियत बसोबासको सघनता र जनसाङ्ख्यिक, भाषिक अवस्था, सांस्कृतिक तथा आर्थिक अन्तरसम्बन्ध प्रशासनिक सुगमता | जिल्ला सिमाना फर्ने सुझावका साथ | भौगोलिक ऐतिहासिक भाषिक |
| १८ | धर्मराज पौडेल, | ८ | ३० उप-प्रान्त | शंकर पोखरेलसँग मिल्दो | नविगारेको | भौगोलिक, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (०६४) | | | | | भाषिक र ऐतिहासिक |
| १९ | अमरेशकुमार सिंह (जिफन्ट ००६) | १२ | ७५ | जातीय, भाषिक, ऐतिहासिक र भौगोलिक | नविगारेको | आधार अनुसार |
| २० | सद्भावना पार्टी (कान्तिपुर, ०६४) | ३ | ७५ | भौगोलिक-हिमाल पहाड र तराई) | नविगारेको | भौगोलिक |
| २१ | सुरेन्द्र देवकोटा र शिव गौतम | ४ | ४०० स्थानीय निकाय | भौगोलिक (जलाधार) | प्रस्ट नभएको | भौगोलिक |
| २२ | सूर्य थापा (थापा, ०६५) | ११ | विशेष क्षेत्र पनि बनाउन सकिने | जातीय, सांस्कृतिक, भाषिक ऐतिहासिक र भौगोलिक सुगमता | केही ठाउँमा परिवर्तन गरेको | आधार अनुसार |
| २३ | जितेन्द्र देव (देव, ०६४) | ९(नक्सा नभएको ) | ७५ | जातीय, भाषिक, ऐतिहासिक र भोगोलिक | नविगारेको | जातीय आधारमा हुनुपर्छ भन्ने छैन |
| २४ | विजय शर्मा (शर्मा ०७७) | १५ (नक्सा नभएको) | ७५ | जातिय, भाषिक, | नविगारेको | नामकरण गरिएको छैन |
| २५ | परशुराम तामाङ्ग | १२ (नक्सा नभएको) | ७५ | जातीय, भाषिक | नविगगारेको | जातीय, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (तामाङ्ग, ०६३) | | | | | भाषिक |
| २६ | परि थापा (थापा, ०६३) | ९ (नक्सा नभएको) | ७५ | जातिय, जनसंख्या, स्थानीय भूगोल र भाषिक क्षेत्र | नविगारेको | जाति र भाषा |
| २७ | लोकतान्त्रिक राष्ट्रिय मञ्च (अन्नपूर्ण पोष्ट, ०६४) | १३ (नक्सा नभएको) | ७५ | जाति, भाषा | नविगारेको | जाति-भाषा |
| २८ | मंगलसिद्धि मानन्धर, शोभा श्रेष्ठ, पुष्पा शर्मा (२०६५) | १२ | ७५ | जाति र भाषा | आंशिक रुपमा बिगारिएको | जाति अनुसार |

स्रोत : (मानन्धर र अन्य २०६५:९-११)

## तालिका नं. ५

### प्रस्तावित राज्य/प्रदेशको जनसाङ्ख्यिक प्रतिशत र मुख्य जातजाती

| क.स. | राज्य/प्रदेशको नाम | जिल्लाहरू/गा.वि.स. संख्या | जम्मा गा.वि.स. संख्या | जनघनत्व | मुख्य चार जातजातिको संख्या प्रतिशतमा |
|---|---|---|---|---|---|
| १. | खप्तड | अछाम (७६), बैतडी (६३), बझाङ (४८) बाजुरा (१७) डडेल्धुरा (२१), दैलेख (१), दार्चुला (४१), डोटी (५२) | ३१५ | ५.१ | क्षेत्री (५४.६),वाहुन (१३.७), कामी (८.५), ठकुरी (५.४) |
| २. | कर्णाली | बाजुरा (११), दैलेख (५५), डोल्पा (१२), हुम्ला(५) जाजरकोट (३०), जुम्ला (३०), कालिकोट (३०), मुगु (१८), रुकुम (३२), सल्यान (४५), सुर्खेत (५१) | ३१९ | ४३ | क्षेत्री (४१.६), कामी (१२.२), मगर (१२.२), ठकुरी (९.५), बाहुन (९.२) |
| ३. | जडान | डोल्पा (११), हुम्ला (२२), मुगु (६) | ३९ | ०.२ | क्षेत्री (३९.५), शेर्पा (१५.५), ठकुरी (१२.४), गुरुङ्ग (९.६) |
| ४. | मगरात | अर्घाखाँची (४२), बाग्लुङ्ग (६०), गुल्मी (७९), म्याग्दी (४०), नवलपरासी (२२), पाल्पा (६६), पर्वत (१७), प्युठान (४९), रोल्पा (५१), रुकुम (११), स्याङजा (२९), तनहुँ (१२) | ४८१ | ८.९ | मगर (३४.२), बाहुन (१९), क्षेत्री (१८.१), कामी (९.२) |
| ५. | तमुवान | घादिङ्ग (३), गोरखा (३५), कास्की (३०), लम्जुङ्ग (४१), मनाङ्ग, (३१), | १३८ | २.५ | गुरुङ्ग (३१.९), बाहुन (१९.९), क्षेत्री |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मुस्ताङ्ग (१६), | | | (१३.३), कामी (६.१), मगर (५) |
| ६. | नारायणी | चितवन (३९), धादिङ्ग (३५), गोरखा (३२), कास्की (१४), लम्जुङ्ग (२०), मकवानपूर (४), नवलपरासी (१६), नुवाकोट (६), पर्वत (३८), स्याङजा (३३), तनहुँ (३५) | २६९ | ७.८ | बाहुन (२६.९), क्षेत्री (१३.३), मगर (९.८), गुरुङ्ग (८) |
| ७. | नेवा : | भक्तपुर (१८), काठमाडौं (५९), काभ्रेपलाञ्चोक (१२), ललितपूर (२५), मकवानपुर (२), | ११६ | ७.५ | नेवार (३६.२), क्षेत्री (१९.२), बाहुन (१७.४) तामाङ्ग (८.३), |
| ८. | ताम्सालिङ्ग | धादिङ्ग (१२), दोलखा (७८), ललितपुर (१७), मकवानपुर (३९), नुवाकोट (५६), रामेछाप (८), रसुवा (१८), सिन्धुली (१५), सिन्धुपाल्चोक (७४) | ३१९ | ६.३ | तामाङ्ग (४३.८), बाहुन (१६), क्षेत्री (१२), नेवार (७.१), |
| ९. | शेर्पा | दोलखा (९), ओखलढुङ्गा (६), संखुवासभा (१), सिन्धुपाल्चोक (५), सोलुखुम्बु (१५) | ३६ | ०.४ | शेर्पा (३६.१), तामाङ्ग (१६.२), क्षेत्री (१२.२), मगर (६.४), नेवार (५.२) |
| १०. | सुनकोशी | दोलखा (४१), ओखढुङ्गा (३४), रामेछाप (४७), सिन्धुली (३९), उदयपुर (१३), | १७४ | ३.१ | क्षेत्री (२६.१), तामाङ्ग (१४.३), मगर (१०.८), बाहुन (९.५), नेवार (९.२) |
| ११. | किराँत | भोजपुर (६३), धनकुटा (१४) खोटाङ्ग (७६), ओखलढुङ्गा (१६), संखुवासभा (१७), सोलुखुम्बु (१९), उदयपुर (३०) | २३६ | ४.० | राई (३४.०), क्षेत्री (१९.९), बाहुन (७.४), मगर (६.४), तामाङ्ग (५.७) |
| १२. | लिम्बुवान | धनकुटा (२२), इलाम (४९), मोरङ (७), पाँचथर (४१), संखुवासभा | २१६ | ४.१ | लिम्बु(२७.५), क्षेत्री (१५.१), राई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (१६), ताप्लेजुङ्ग (५०), तेहथुम (३२), | | | (१३.२), बाहुन (१२.२) |
| १३. | लुम्विनी -अवध-थरुवान | कपिलवस्तु (७८), नवलपरासी (३७), रुपन्देही (७२), बाँके (४७), बर्दिया (३३), दाङ्ग (४१), कौलाली (४४), कञ्चनपूर (२१) | २१६ | ३६.३ | थारु (२६.०), क्षेत्री (१२.८), बाहुन (११.१), मुसलमान (७.५), मगर (५.६) |
| १४. | मिथिला- भोजपुरा-कोच-मधेश | बारा (९९), धनुषा (१०२), झापा (५०), महोत्तरी (७७), मोरङ्ग (५८), पर्सा (८४), रौतहत (९७), सप्तरी (११६), सर्लाही (९३), सिराहा (११३), सुनसरी (५३), उदयपुर (३) | ९४४ | २९.५ | यादव (११) मुसलवान (९.७), पहाडी बाहुन (७.१), थारु (६.४), क्षेत्री (५.२) |

स्रोत : सुवेदी, २०६८ : ६ ।

# सन्दर्भ सूची

## नेपालीमा


अधिकारी, रविन्द्र .२०६३. **संविधान सभा लोकतन्त्र र पुनर्संरचना,** पोखरा : न्यू हेलो स्टेशनरी बुक्स हाउस ।

अधिकारी, सूर्यमणि .२०५५. **तनहुँ राज्यको इतिहास,** चितवन : चन्द्र प्रभा प्रकाशन ।

आचार्य, नरहरी .२०६२. **राज्यको लोकतान्त्रीकरण,** काठमाडौ ं: संवत्सर प्रकाशन ।

आचार्य, वावुराम .२०६१. **अब यस्तो कहिल्यै नहोस्,** काठमाडौं : श्रीकृष्ण आचार्य ।

एन्डर्सन, जर्ज .२०६४. **संघीयता एक परिचय**, अनुवादकः केदार भट्टराई, काठमाडौंः यु.एन. डि.पी. ।

कँडेल, पुष्पराज .२०६३. **नेपालको राज्य पुनर्संरचना र संविधान सभा अर्थ राजनीतिक सन्दर्भ,** काठमाडौं : फ्रेडरिक ईवर्ट स्टिफयुङग (एफ.ई.एस) ।

के.सी. सुरेन्द्र .२०६३. **नेपालको राज्य पुनर्संरचना र संविधान सभा,** काठमाडौं : पदम सिवाकोटी ।

खनाल, कृष्ण .२०६४. **नेपालको संक्रमणकालीन राजनीति र संविधानसभा चुनाव**, काठमाडौं : शान्तिका लागि सहकार्य ।

खनाल, कृष्ण .२०६१. **राज्य पुनर्संरचना एक प्रस्ताव**, ललितपुर : नेपाल समसामयिक अध्ययन केन्द्र ।

खनाल, कृष्ण .२०६५."संघीयताबाट देश टुक्रदैन", **हिमाल खबर पत्रिका भो. १५** ।

गुरुङ्ग, के.वी. .२०६३. "संघीय शासन व्यवस्थाको आधारमा राज्यको पुनर्संरचना", सम्पादक सीताराम तामाङ्ग, **नेपालको सन्दर्भमा राज्यको पुनर्संरचना** , काठमाडौं : सामना प्रकाशन ।

घिमिरे, तारानाथ .२०६५. **संघात्मक व्यवस्था : सिद्धान्त, अवधारणा र व्यवहार,** काठमाडौं : मोलुङ्ग बहुउद्देश्यीय कम्पनी प्रा.लि. ।

**जिल्ला वस्तुस्थिति विश्लेषण** .२०५८. जिल्ला विकास समिति तनहुँ ।

ज्ञवाली, चन्द्रकान्त .२०६४. **"संविधानवाद, संविधानसभा र राज्य पुनः संरचना"**, काठमाडौं : श्रीमती विजयालक्ष्मी ज्ञवाली ।

झा, अमरेश नारायण .२०६३. “संघीय शासन व्यवस्थाको आधारमा राज्यको पुनर्संरचना”, सम्पादक सीताराम तामाङ्ग, **नेपालको सन्दर्भमा राज्यको पुनर्संरचना,** काठमाडौंः सामना प्रकाशन ।

तराई-मधेश लोकतान्त्रिक पार्टी .२०६४. **संविधान सभा चुनावी अवधारणा-पत्र,** काठमाडौंः केन्द्रीय चुनाव प्रचार प्रसार समिति ।

तामाङ, पर्शुराम .२०६५. **हाम्रो नेपाल संघीय लोकतन्त्रिक गणतन्त्र**, काठमाडौं : मूल्याङ्कन प्रकाशन गृह प्रा.लि.।

तामाङ, सीताराम (सं) .२०६३. “नेपालको सन्दर्भमा राज्यको पुनर्संरचना, सम्भावना र चुनौतिहरू”, **नेपालको सन्दर्भमा राज्यको पुनर्संरचना,** काठमाडौंः सामना प्रकाशन ।

थापा, परि .२०६३. “वर्तमान राज्य पुनर्संरचना, समावेशी लोकतन्त्र र बहुसाँस्कृतिक पहिचानको मान्यता”, सम्पादक सीताराम तामाङ्ग, **नेपालको सन्दर्भमा राज्यको पुनर्संरचना,** काठमाडौं : सामता प्रकाशन ।

थापा मगर, एम.एस. .२०५९. **प्राचीन मगर र अख्खा लिपि**, ललितपुर : वृजि प्रकाशन ।

दाहाल, काशीराज .२०६५. **संविधानसभाको अन्तर विषयवस्तु र संघीयता,** काठमाडौंः फ्रेडरिक ईवर्ट स्टिफ्टुङ्ग, (एफ्.ई.एस्.) ।

**नेपालको अन्तरिम संविधान .२०६३.** पाँचौ संशोधन सहित .२०६५. काठमाडौंः मकालु प्रकाशन गृह ।

**नेपालमा संविधान निर्माण संवैधानिक परामर्श सहायता एकाई/ यु.एन.डि.पि. द्वारा आयोजित सम्मेलनको प्रतिवेदन**, फागुन १९-२०, २०६३ काठमाडौंः नेपाल ।

नागरीक सचेतना पुष्तिका .२०६६. **नागरीक सचेतना र सहभागिता अभियान,** काठमाडौं : यू.एन.डि.पि. ।

नेकपा (एमाले) .२०६३. **राज्यको पुनर्संरचना सम्बन्धी नेकपा एमालेको अवधारणा,** काठमाडौं : एमाले केन्द्रीय कार्यालय ।

नेकपा (एमाले) .२०६४. **संविधान सभा निर्वाचन घोषणा-पत्र,** काठमाडौं : केन्द्रीय चुनाव प्रचार प्रसार समिति ।

नेकपा (माओवादी) .२०६४. **संविधान सभा निर्वाचनका लागि प्रतिवद्धता-पत्र,** काठमाडौं : केन्द्रीय चुनाव प्रचार प्रसार समिति ।

नेपाली काँग्रेस .२०६४. **संविधान सभा निर्वाचन-२०६४ को लागि नेपाली काँग्रेसको घोषणा -पत्र,** काठमाडौं : केन्द्रीय चुनाव प्रचार प्रसार समिति ।

पोखरेल, ईश्वरी प्रसाद .२०६३. **लोकतान्त्रिक राज्य संरचनाका आधारभूत सूत्रहरू,** काठमाडौं : गंगा पौडेल ।

पोखरेल, प्रा. वालकृष्ण, डा. वासुदेव त्रिपाठी, डा. वल्लभ मणि दाहाल .२०४०. **नेपाली वृहत शब्दकोश**, काठमाडौं : राजकीय प्रज्ञा प्रतिष्ठान ।

बराल, उमानाथ .२०६२. "कास्कीमा मगर आन्दोलन" **जनप्राज्ञमञ्च. ६,** पोखरा त्रि.वि.प्राध्यापनक संघ जनप्रिय क्याम्पस, पृष्ठ १०१-१२१ ।

बराल, उमानाथ .२०६६. "संघीयता : सैद्धान्तिक पक्ष र नेपालमा यसको सान्दर्भिकता", **क्षेत्री आवाज वर्ष १, अंक १, २०६६,** पोखरा पृष्ठ ८६-९८ ।

बराल, डा. केशर जंग .२०५०. **पाल्ला, तनहुँ, स्याङजाका मगरहरूको संस्कृति,** काठमाडौं : राजकीय प्रज्ञा प्रतिष्ठान ।

बराल मगर, केशर जंग .२०६४. "राज्य व्यवस्थामा मगरहरूको सहभागिता र नेपाल मगर संघको अहिलेको अहम् दायित्व " **मगराँत भो. २,** मगर राष्ट्रिय मुक्ति मोर्चा नेपाल केन्द्रीय समिति, प्रकाशन विभाग पृष्ठ ५५-५७) ।

बराल, लोकराज .२०६४. **संघीय प्रणालीको आवश्यकता**, ललितपुर : नेपाल समसामयिक अध्ययन केन्द्र ।

वुढा मगर, बमकुमारी .२०६५. "व्यापक छ : अठार मगराँती" **पुनहिल भो. १४,** कारपाकेली प्रकाशन समूह पोखरा पृष्ठ ३५-३६ ।

भण्डारी, डा. बुद्धि प्रसाद .२०६५. **संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल**, काठमाडौं : पैरवी प्रकाशन ।

मधेशी जनअधिकार फोरम .२०६४. **संविधान सभा निर्वाचनका लागि मधेशी जनअधिकार फोरमको घोषणा-पत्र,** काठमाडौं : केन्द्रीय चुनाव प्रचार प्रसार समिति ।

मानन्धर, डा. मंगलसिद्धि, शोभा श्रेष्ठ र पुष्पा शर्मा .२०६२. **नेपालमा संघीय राज्य एक प्रारूप,** काठमाडौंः श्रीमति राधिका मानन्धर ।

राई, प्रकाश .२०६५. **नयाँ नेपाल ? संघीय नेपाल बारे एक छलफल,** काठमाडौं : जियोग्राफिक कन्सर्न ।

**राष्ट्रिय जनगणना** .२०५८. श्री ५ को सरकार जनसंख्या तथा वातावरण मन्त्रालय ।

राष्ट्रिय जनमोर्चा .२०६४. **राष्ट्रिय जनमोर्चाको चुनाव घोषणा-पत्र,** काठमाडौं : केन्द्रीय चुनाव प्रचार प्रसार समिति ।

रेग्मी, पद्म शरण .२००७. “संविधान सभा र नेपाली राजनीति”, **जर्नल अफ पोलिटिकल साइन्स (भोलुम नाइन)** : डिपार्टमेन्ट अफ पोलिटिकल साइन्स, पृथ्वीनारायण क्याम्पस पोखरा ।

वैद्य, तुलसीराम र त्रिरत्न मानन्धर .२०३५. **आधुनिक नेपालको इतिहासमा केही पानाहरू,** काठमाडौं : लाली गुराँस प्रकाशन ।

शर्मा, बालचन्द्र .२०६३. **नेपालको ऐतिहासिक रुपरेखा,** बनारस : कृष्ण कुमारी देवी ।

शर्मा, पिताम्वर .प्रकाशन वर्ष उल्लेख नभएको. “गणतन्त्र नेपालको प्रादेशिक स्वरुप”, सम्पादक नभएको, **संघीय राज्यको नयाँ संरचना,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

श्रेष्ठ, श्याम .प्रकाशन वर्ष उल्लेख नभएको. “नेपालमा संघीय राज्य प्रणाली सम्भावित स्वरुप र संरचना”, सम्पादक नभएको, **संघीय राज्यको नयाँ संरचना,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

श्रेष्ठ, राजेन्द्र .२०६३. “राज्यको पुनर्संरचना र समावेशी लोकतन्त्रका आधारहरू”, सम्पादक सीताराम तामाङ्ग, **नेपालको सन्दर्भमा राज्यको पुनर्संरचना,** काठमाडौं : सामना प्रकाशन ।

सुन्दर, मल्ल. के .२०६५. समावेशी तथा स्वायत्त शासनको मान्यतामा संघीय नेपाल, श्रेष्ठ, श्याम (प्रकाशन वर्ष उल्लेख नभएको), **“नेपालमा संघीय राज्य प्रणाली सम्भावित स्वरूप र संरचना”,** सम्पादक नभएको, संघीय राज्यमा नयाँ संरचना काठमाडौं : विवेक सिर्जनशिल प्रकाशन ।

सुवेदी, गिरधारी .२००७. “संविधान सभा राज्यको पुनर्संरचना औचित्य र आवश्यकता”, **जर्नल अफ पोलिटिकल साइन्स (भोलुम नाइन)** : डिपार्टमेन्ट अफ पोलिटिकल साइन्स, पृथ्वीनारायण क्याम्पस पोखरा ।

सुवेदी, प्रा. भीमप्रसाद .२०६८. “राज्य पुनसंरचनाको भौगोलिक जटिलता” **कान्तिपुर** २७ वैशाख, २०६८ पृष्ठ छ ।

**अंग्रेजीमा**

Bagchi, Amaresh .2006. **Fifty years of fiscal federation in India**: An Appraisal, Memorial Lecture delivered at Gokhale Institute of Politics and Economics, Pune.

Baral Uma Nath .2008. "Restructuring the Nepal State: A Magar Perspective " **in Nepal Journal of Contemporary Studies** Vol. VIII, No. 2 Pp 31-45.

Baral, Uma Nath .2008. "Ethnic Activities in Nepal: An Account of the magar organizations in Kaski District," **In Contiributions to Nepalese Studies,** vol. 35 No. 2 July Pp: 221-259

Baral, Uma Nath .2010. **The magar in poltics: A case study of Palpa, Kaski And Myagdi Districts**: An unpublished Ph.D. dissertation submitted to the faculty of Humanities and Social sciences of Tribhuvan University.

Bista, Dor Bahadur .1991. "Region of the magars", **Fatalism and Development,** Orient Longman Pp113.

Blausten, Albert P. and Gisbirt H .1991. **Constitution of the Countries of the world**, New York: Oceana Publication.

Ghai, Yash and Jill Cottrell (Ed.) .2007. **"Federalism and State Restructuring in Nepal,"** Report of a conference organized by the constitutional advisory support unit, UNDP, 23-24 March, 2007, Godavari Nepal.

Gillilov, S. .1983. **The National Question Lenin's Approach**, Moscow: Progress Publishers.

Gurung, Harka .2006. **From Exclusion to Inclusion, Socio-Political Agenda in Nepal,** Kathmandu: Social Inclusion Research Fund.

Jain, S.K. .2007. "Federalism and Restructuring of Indian State", **Nepali Journal of Contemporary Studies, Vol. VIII, No.2,** Nepal Center for Contemporary Studies.

Joshi, Bhuwan Lal and Leo E. Rose .2004. **Democratic Innovations in Nepal: A Case Study of Political Acculturation,** Kathmandu: Mandala Publications.

Katz, Alan N. .1997. "American Federalism Past, Present and Future", **Electronic Journal of the US Information Agency, Vol. 2, No.2,** United State Information Agency.

Pokharel, Bharat .2063. "Restructuring the Nation state: Nepal," Sitaram Tamang (Ed.), **State Restructuring Nepal Perspective**, Kathmandu: Shamana Prakashan.

Rappord, W.E. .1936. **The Government of Switzerland**, New York: Van Nostrand.

Sharma, P.K. .1979. **Federalism and political Development**, New Delhi: Pragati Publication.

Strong, C. F. .1972. **Modern Political Constitution**, London: Sidwick and Jackson Limited.

Thapa, K.B. .1980. **Main Aspects of Socical, Economic and Administrative History of Nepal,** Kathmandu: Mrs. A. Thapa.

Wheare, K.C. .1951. **Federal Government**, London: Clarendon Press.

## Website

www.org/wiki/image:federal-states: png; 16 November: 2007.

*************